असार – १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३३, अङ्क ५ | २०८१ असार १-१५ | पूर्णाङ्क ७६७



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री विमल पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री दीक्षा प्रधानाङ्ग

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री कृष्णबहादुर तामाङ
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | ११ |
| इजलास नं. १ | १ |
| इजलास नं. २ | १० |
| इजलास नं. ३ | २३ |
| **जम्मा** | **४५** |

| | |
|---|---|
| इजलास नं. १० | ५ |
| इजलास नं. १३ | २ |
| इजलास नं. | |
| इजलास नं. | |
| इजलास नं. | |
| **जम्मा** | **७** |

**कूल जम्मा ४५ + ७ = ५२**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८१, असार – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

## सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.१५०</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ९** |
| १. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. सुशिला तामाङ | १ |
| २. | बालयौन दुरूपयोग | रामेश्वर राम वि. नेपाल सरकार | १ |
| ३. | जबरजस्ती करणी | नेपाल सरकार वि. साङ्केतिक नाम दीपमान | २ |
| ४. | उत्प्रेषण / परमादेश | पंकजकुमार झा वि. जिल्ला प्रहरी कार्यालय, धादिङसमेत | ३ |
| ५. | बन्दी प्रत्यक्षीकरण | केदारनाथ मिश्र वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ४ |
| ६. | उत्प्रेषण | सुवित खड्का वि. महालेखा नियन्त्रकको कार्यालय, अनामनगर, काठमाडौंसमेत | ५ |
| ७. | बहुविवाह | नेपाल सरकार वि. ध्रुव श्रेष्ठसमेत | ५ |
| ८. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. महादेव खड्का | ६ |
| ९. | उत्प्रेषणसमेत | हरिशंकर महतो धानुक वि. जयप्रकाशप्रसाद यादवसमेत | ७ |
| १०. | लागु औषध (ब्राउन सुगरसमेत) | नेपाल सरकार वि. रामअवतार गुप्तासमेत | ७ |
| ११. | उत्प्रेषणयुक्त परमादेश | मोहनबहादुर तामाङ वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत | ८ |
| **इजलास नं. १** | | | **९ - १०** |
| १२. | जबरजस्ती करणी | राजु चुनारा वि. नेपाल सरकार | ९ |
| **इजलास नं. २** | | | **१० - १६** |
| १३. | उत्प्रेषण | युवराज सुवेदी वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत | १० |
| १४. | बन्दी प्रत्यक्षीकरण | कान्छीमाया वि. केन्द्रीय कारागार कार्यालय जगन्नाथ देवल सुन्धारा, काठमाडौंसमेत | ११ |
| १५. | उत्प्रेषणसमेत | धनराज विष्ट वि. लोकसेवा आयोग कमलपोखरी, काठमाडौंसमेत | ११ |
| १६. | जग्गा खिचोला चलन | गणेश दाससमेत वि. देव नारायण दास | १२ |
| १७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. नविन सिंह विष्ट | १३ |

| | | | |
|---|---|---|---|
| १८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रेमबहादुर राना | १४ |
| १९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. ध्यानकुमार राई | १४ |
| २०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मनकुमार भन्ने सन्तकुमार श्रेष्ठसमेत | १५ |
| २१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पूर्णबहादुर लिम्बू | १६ |
| २२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मुगाधन भन्ने मुकेश राई | १६ |
| **इजलास नं. ३** | | | **१६ – ३८** |
| २३. | अदालतको अवहेलना | रामप्रसाद घले वि. गण्डकी प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण वन निर्देशनालय सब डिभिजन वन कार्यालय, वेसीसहर, लमजुङसमेत | १६ |
| २४. | किर्ते | छेवाङ धुण्डुप कंसाकार वि. विभु कायस्थसमेत | १७ |
| २५. | अंशदर्ता | वीरबहादुर प्रसाद भन्ने वीरबहादुर राउत वरै वि. जंगबहादुर राउत वरैसमेत | १८ |
| २६. | जालसाजी | सुरेन्द्रकुमार श्रेष्ठ वि. विष्णुश्वरी धौभडेलसमेत | १९ |
| २७. | अंश भर्पाई बदर र अंशसमेत | गणेशबहादुर कार्कीसमेत वि. माधव कार्की | १९ |
| २८. | कानून व्यवसायीको आचार संहिता उल्लङ्घन सम्बन्धी | रविन्द्र बज्राचार्य वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौं | २० |
| २९. | उत्प्रेषण | अनुज बिक्रम थापा वि. श्री ललितपुर जिल्ला अदालत, लगनखेल, ललितपुरसमेत | २१ |
| ३०. | अंश चलन | सुन्तली सुनार्नी वि. कान्छी घतानीसमेत | २२ |
| ३१. | सवारी अङ्गभङ्ग | नेपाल सरकार वि. शिवनारायण महतो | २३ |
| ३२. | बैंकिङ कसुर | नेपाल सरकार वि. दुर्गादेवी शाहीसमेत | २४ |
| ३३. | बैंकिङ कसुर | नेपाल सरकार वि. शोभाराम डगौरा | २४ |
| ३४. | उत्प्रेषण | निरोज नेपालीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | २५ |

| | | | |
|---|---|---|---|
| ३५. | उत्प्रेषण | निरोज नेपालीसमेत वि. नेपाल सरकार, शिक्षा मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत | २७ |
| ३६. | उत्प्रेषण | राजिवकुमार चौधरी वि. नेपाल सरकार, स्वास्थ्य मन्त्रालय रामशाहपथ, काठमाडौंसमेत | २७ |
| ३७. | उत्प्रेषण | पिताम्बरप्रसाद आचार्य वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | २९ |
| ३८. | उत्प्रेषण | पिताम्बरप्रसाद आचार्य वि. नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ३० |
| ३९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दिलबहादुर सुनार | ३० |
| ४०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. लक्ष्मेश्वर राउतसमेत | ३१ |
| ४१. | उत्प्रेषण | देवकी बस्ताकोटी वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ३३ |
| ४२. | उत्प्रेषण | पिताम्बरप्रसाद आचार्य वि. नेपाल सरकार, अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत | ३४ |
| ४३. | जबरजस्ती करणी | नेपाल सरकार वि. दिपेन्द्र वि.क. | ३४ |
| ४४. | अंश चलन | मंगल महर्जन वि. गणेशबहादुर महर्जन | ३५ |
| ४५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुनिल मगरसमेत, नेपाल सरकार वि. फःटङ्ग भन्ने सुदिप कार्कीसमेत | ३७ |
| **इजलास नं. १०** | | | **३८ – ४३** |
| ४६. | बन्दी प्रत्यक्षीकरण, उत्प्रेषणयुक्त परमादेशसमेत | लक्ष्मण गुरूङसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ३८ |
| ४७. | बन्दी प्रत्यक्षीकरण | रणधिर पोदार वि. कारागार कार्यालय, नख्खु काठमाडौंसमेत | ३९ |
| ४८. | दूषित राजीनामा लिखत दर्ता बदर दर्ता | राजेन्द्र लाखे श्रेष्ठ वि. मणिकरत्न शाक्यसमेत | ४० |

| | | | |
|---|---|---|---|
| ४९. | बन्दी प्रत्यक्षीकरण | आभाष अर्याल वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ४१ |
| ५०. | उत्प्रेषण मिश्रित परमादेश | रामकुमार लावती वि. प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत | ४२ |
| **इजलास नं. १३** | | | **४३ – ४४** |
| ५१. | परमादेश | एन्जल गुरूङ वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ४३ |
| ५२. | अपहरण तथा शरीर बन्धक एवम् जबरजस्ती करणी | नेपाल सरकार वि. कैलाश भाटसमेत, योगेश चन्द वि. नेपाल सरकार, मोहनबहादुर बम वि. नेपाल सरकार | ४४ |

## संयुक्त इजलास

**१**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल**, *०७६-CR-१०७२, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. सुशिला तामाङ*

९८०३६८१८८६ नं.को सिमकार्ड सुशीला तामाङले प्रयोग गर्दै आएको र उक्त सिमकार्ड खुकुरी प्रहार गर्ने सिर्जन तामाङलाई दिई सोही नं.बाट सामान ल्याउन आउनु भनी भन्न लगाई सुशीला तामाङको योजना र षड्यन्त्रबाट जाहेरवालाको बाबु रूद्र अधिकारीलाई खुकुरी प्रहार गरी घाइते बनाएको भन्ने जाहेरी दरखास्त रहेको देखिन्छ । प्रस्तुत वारदातमा ९८०३६८१८८६ नं. को सिमकार्ड प्रयोग गरी घटना घटाएको भनेकोले उक्त नं. को सिमकार्ड को कसको हो ? वारदातका समयमा कसले प्रयोग गर्दैआएको थियो ? भन्ने यकिन गर्नुपर्ने भएकोले त्यसतर्फ विचार गर्दा, मेरो घरमा ४/५ वर्षदेखि नुवाकोट जिल्ला त्रिसुली घर भएकी शुसिला तामाङ नाम गरेकी महिला भाडामा बस्दै आएकी थिइन् र निजका श्रीमान् विदेश अफगानिस्तानमा छन्, निज सुशीला तामाङले मेरो नागरिकता छैन तिम्रो नागरिकताबाट मलाई मेरो मोबाइलको सिम निकाली देउ भनेपछि आफ्नै घरमा बस्ने भएकोले विश्वास लागी उक्त सिमकार्ड निकालिदिएको थिएँ । उक्त नं. निज सुशिला तामाङले नै सञ्चालन गर्दै आएकी थिइन् भनी लक्ष्मण श्रेष्ठले मेरो मोबाइलको व्यक्तिगत दर्ता फारामको प्रतिलिपिसमेत साथै राखी कागज गरेको देखिँदा मेरो मोबाइलको ९८०३६८१८८६ नं.को सिमकार्ड लक्ष्मण श्रेष्ठको नामबाट निकाली सुशीला तामाङले प्रयोग गर्दै आएको तर निज प्रतिवादीसँग निजको लोग्नेले छोडेर गएको ९८४१८५८२५४ नं. को सिमकार्ड पनि रहेको भन्ने निजकै भनाइ रहेको देखिने ।

९८०३६८१८८६ नं.को सिमकार्डको मोबाइलबाट जाहेरवालालाई फोन गरी बोलाएको भन्ने अभियोग दाबी भए तापनि निज प्रतिवादी वारदातस्थलमा उपस्थित रहेको भनी जाहेरवालासमेतले उल्लेख गर्न सकेको देखिँदैन । वारदातस्थलमा नै उपस्थित नभएको व्यक्तिले घटना घटाउन, अन्य प्रतिवादीहरूसँग सम्पर्क गरी सुराकी गरी वा निजहरूको सहयोग लिई जाहेरवालालाई कुटपिट गर्ने, ज्यान मार्ने वा सोतर्फको सहयोग गरेको भनी विश्वास गर्ने आधार र कारण वादी पक्षबाट पेस हुन सकेको नदेखिने ।

प्रतिवादी सुशीला तामाङको प्रस्तुत वारदातमा कहीँकतै संलग्नता भएको देखिने ठोस सबुद प्रमाण वादीले पेस गर्न सकेको नदेखिँदा सुरू अदालतबाट ५ (पाँच) वर्ष कैद गर्ने गरी भएको फैसला उल्टी गरी प्रतिवादी सुशीला तामाङलाई अभियोग दाबीबाट सफाइ दिने गरी उच्च अदालत पाटनबाट भएको फैसलालाई अन्यथा मान्न मिल्ने देखिएन । सो हुँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिर, विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग यो इजलास सहमत हुन नसक्ने ।

तसर्थ, प्रतिवादी सुशीला तामाङलाई साबिक मुलुकी ऐन ज्यानसम्बन्धी महलको १६ नं. बमोजिम ५ पाँच वर्ष कैद हुने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला उल्टी भई प्रतिवादी सुशीला तामाङले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको उच्च अदालत पाटनको मिति २०७५।११।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : चिन्तामणी शर्मा

इति संवत् २०८० साल वैशाख ५ गते रोज ३ शुभम् ।

**२**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७८-CR-०७४२, बालयौन दुरूपयोग, रामेश्वर राम वि. नेपाल सरकार*

पुनरावेदक / प्रतिवादी रामेश्वर रामले पीडित परिवर्तित नाम कुपिनटार २ लाई जबरजस्ती करणी गर्ने

मनसाय राखी पीडिता कुपिनटार २ को संवेदनशील अङ्गमा समाती निजले लगाएको सुरूवाल खोल्ने प्रयास गर्दा पीडितसँगै सुतेकी साथीलाई बोलाई होहल्ला गरेकोले पुनरावेदक / प्रतिवादी भागी गएकोले निजले करणी गर्न नपाएको र बालयौन दुर्व्यवहार गरेको भन्ने बेहोरा जाहेरवाला परिवर्तित नाम कुपिनटार १ ले आफ्नो जाहेरी दरखास्तमा उल्लेख गरेको देखिन्छ । जाहेरवालाको उल्लिखित कथनलाई पीडित परिवर्तित नाम कुपिनटार २ ले समर्थन गर्दै आफू सुतिरहेको अवस्थामा पुनरावेदक / प्रतिवादी आफू नजिक आई आफ्नो छाती तथा शरीरको संवेदनशील अङ्गहरूमा समाइ सुरूवाल खोल्न लाग्दा तत्काल प्रतिकार गरेकाले निज प्रतिवादी कोठाबाट भागी गएको हो भनी मौकामा कागज गरेको र उक्त कागजलाई समर्थन हुने गरी अदालतमा समेत बकपत्र गरेको अवस्था छ भने मौकामा बुझिएकी एउटै कोठामा सुतेकी पीडित कुपिनटार २ का साथीहरू परिवर्तित नाम कुपिनटार ३,४,५ र ६ ले वारदात मितिको राति प्रतिवादीले पीडितको संवेदनशील अङ्गमा समाई निजको सुरूवाल तानेको भनी होहल्ला गर्दा प्रतिवादी तत्कालै भागेको हो भनी मौकामा कागज गरिदिएको देखिन्छ भने कुपिनटार ५ र ६ ले मौकामा गरेको कागजको बेहोरालाई समर्थन हुने गरी अदालतमा आई बकपत्र गरेको देखिँदा माथि उल्लिखित कानून एवं फैसला प्रस्तुत मुद्दाको रोहमा मेल खाने देखिने।

पुनरावेदक प्रतिवादी रामेश्वर रामले आफूले अध्यापन गराउने कालिका मा.वि.मा अध्ययनरत छात्र छात्राहरूलाई अभिभावकको भूमिका निर्वाह गर्ने दायित्व र जिम्मेवारी बोकी मिति २०७६।२।७ मा जनकल्यान मा.वि.मा हुने अध्यक्ष रनिङ्ग सिल्ड प्रतियोगितामा सहभागी गराउन लगेको अवस्थामा प्रतियोगिता सम्पन्न भइसकेपछि घरमा नल्याई होटेलमा बास बसालेको र मादक पदार्थ सेवन गरेकोसमेतका घटनाक्रमबाट १५ वर्षकी नाबालिक छात्रा परिवर्तित नाम कुपिनटार २ लाई जबरजस्ती करणी गर्ने मनसाय राखी बालयौन दुराचार गरेको तथ्य मालाकार कडीको रूपमा स्थापित हुन आएकोले उच्च अदालत पाटनबाट पुनरावेदकलाई सजाय गर्ने गरी भएको फैसला मिलेकै देखिन आयो । सो हुँदा मलाई सजाय गर्ने गरी भएको उच्च अदालत पाटनको फैसला बदर गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक / प्रतिवादीको पुनरावेदन जिकिर, निजका तर्फबाट रहनुभएका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग यो इजलास सहमत हुन नसकिने।

तसर्थ, पुनरावेदक / प्रतिवादी रामेश्वर रामलाई आरोपित कसुरबाट सफाइ दिने गरी सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०७६।९।२ मा भएको फैसला बदर गरी पुनरावेदक/ प्रतिवादीलाई ६(छ) महिना कैद र जरिवाना रू.५०००।- (पाँच हजार) तथा पीडित कुपिनटार २ लाई क्षतिपूर्ति रू.१५०००।- (पन्ध्र हजार) दिलाई भराइदिने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७७।१२।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : चिन्तामणि शर्मा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०८० वैशाख ५ गते रोज ३ शुभम्।

**३**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल**, *०७५-CR-१३१२, जबरजस्ती करणी, नेपाल सरकार वि. साङ्केतिक नाम दीपमान*

प्रतिवादीले अनुसन्धानमा बयान गर्दा पीडितको योनिमा आफ्नो लिङ्ग छिराउन खोजेको र योनिबाहिर दलेको भनी कसुर स्वीकार गरेको देखिँदा सो कार्य उद्योग नभई जबरजस्ती करणीको पूर्ण अपराध मानिनुपर्दछ भन्ने रहेको छ। यस सन्दर्भमा पीडिता बेलवारी पप मौकामा र अदालतमा गरेको बकपत्रमा समेत प्रतिवादीले लभ गरेको भनी बताएकोले निज पीडितालाई करणी नै भएको भन्ने अन्य विश्वसनीय स्वतन्त्र प्रमाण रहेको पाइँदैन । प्रतिवादीले बेलवारी

पपलाई आफ्नो घरमा टि.भी. हेरिरहेको र आफूले एकपटक अङ्गालो मारेको भन्नेसम्मको अवस्था स्वीकार गरेकोबाट बाल बिज्याइँकर्ता दीपमानले बेलवारी पपलाई करणी गर्ने प्रयास गरेको तर आपराधिक कार्यले पूर्णता पाएको अवस्था नदेखिने।

करिब ६ वर्षकी नाबालिका पीडितले आफ्नो भाषामा वास्तविक तथ्य व्यक्त गर्न नसक्ने हुँदैन । बकपत्र गर्दा सोधिएको प्रश्नमा मुन्टो हल्लाई सहमति जनाएको भन्ने बेहोरा बकपत्रमा रहेको छ । त्यस किसिमको बकपत्रबाट अनुसन्धानको क्रममा भएको निजको कागज बेहोरालाई जस्ताको त्यस्तै भर गर्न उपर्युक्त र मनासिब हुन सक्ने देखिएन। यस स्थितिमा प्रतिवादीले जबरजस्ती करणीको महलको १ नं. बमोजिम करणी गरेको नभई ऐ.को ५ नं. अनुसारको जबरजस्ती करणी गर्ने उद्योगसम्म गरेको देखिने।

यसैगरी प्रतिवादीको उमेर पनि वारदात मितिमा १५ वर्ष ३ महिना २१ दिन मात्र रहेकोले निजसमेत नाबालक रहेको देखिन्छ । नाबालक अवस्थाका प्रतिवादीको बयान लिँदा निजको संरक्षक वा अभिभावकलाई रोहबरमा राख्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था रहेको छ। प्रतिवादीले अदालतमा बयान गर्दा कसुरलाई पूर्ण रूपमा अस्वीकार नगरी अङ्गालो मारेको भन्नेसम्म स्वीकार गरेको देखियो। प्रतिवादीका साक्षी इन्द्रप्रसाद राईले प्रतिवादीले पीडितालाई जबरजस्ती करणी गरेकोजस्तो लाग्दैन । निज पीडिता खेली उफ्रिराखेको देखेको हुँ भनी बकपत्र गरेको पाइन्छ । वस्तुस्थिति मुचुल्कामा कागज गर्ने व्यक्तिहरूले वारदात मिति समयमा हामी आ–आफ्नै घरगाउँमा थियौँ। सो समयमा जाहेरीमा उल्लिखित प्रतिवादी दीपमानले आफ्नै घर कोठामा जाहेरवालीको छोरी नाबालिका साङ्केतिक नाम बेलवारी (पप) लाई जबरजस्ती करणी गरेको भन्ने गाउँघरमा हल्ला खल्ला भएकोले सुनी थाहा पाएको हो। प्रतिवादीले पीडितालाई जबरजस्ती करणी गरे वा गरेनन् यकिनसाथ भन्न सक्दैनौँ। हामीले पनि सुनी थाहा पाएको भन्ने आफ्नो बेहोरा बताएको बकपत्रलगायत बुझिएका मानिसले पनि किटानीपूर्वक भन्न नसकेको देखिँदा त्यस्तो भनाइलाई प्रत्यक्ष र विश्वसनीय प्रमाणको रूपमा मान्न नमिल्ने ।

अतः बाल बिज्याइँकर्ता दीपमानले बेलवारी पप लाई टि.भी. हेर्दा अङ्गालो मारेको भनी र पीडिताले लभ गर्नुभएको भनी अदालतमा र आफ्नो आमा जाहेरवालीलाई खुलाइदिएको तथा शारीरिक परीक्षणबाट पनि केही नदेखिएको अवस्थामा प्रतिवादीले जबरजस्ती करणीको महलको १ नं. बमोजिम करणी गरेको नभई ऐ.को ५ नं. अनुसारको जबरजस्ती करणी गर्ने उद्योगसम्म गरेको भन्ने वारदात कायम भएकोले करणी गरेको भन्ने कसुर कायम गरी करणीको महलको १ नं. अनुसार ५ वर्ष कैद गर्ने र क्षतिपूर्तिसमेत भराउने गरेको मोरङ जिल्ला अदालतको मिति २०७४।५।२६ को फैसला केही उल्टी गरी जबरजस्ती करणीको महलको ५ नं. अनुसारको कसुरमा ऐ. महलको ३ नं. को देहाय (१) अनुसार हुने सजायमा ऐ. महलको ५ नं. तथा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा (३) अनुसार बिज्याइँकर्ता दीपमानलाई २ वर्ष ६ महिना बालसुधार गृहमा राख्ने गरी उच्च अदालत विराटनगरबाट मिति २०७५।०३।०६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : चिन्तामणी शर्मा / खेमकुमारी बस्नेत

इति संवत् २०८० साल वैशाख ५ गते रोज ३ शुभम्।

४

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७१-WO-०१३१, उत्प्रेषण/परमादेश, पंकजकुमार झा वि. जिल्ला प्रहरी कार्यालय, धादिङसमेत*

निवेदकलाई आफू कार्यरत रहेको पदबाट बरखास्त गरेको निर्णयको बारेमा कुनै जानकारी नपाएको र राष्ट्रिय सूचना आयोगमार्फत निर्णयको जानकारी लिई पुनरावेदन गरेको भने तापनि ९ वर्षजस्तो लामो अवधि विलम्ब गरेर पुनरावेदन गरेकोमा मध्यक्षेत्र

प्रहरी कार्यालयबाट भएको निर्णय सदर गरी निर्णय भएको देखिन्छ । विलम्ब गरी परेको पुनरावेदनको रोहबाट समेत निवेदकले आफ्नो पदीय जिम्मेवारी निर्वाह नगरी कुनै जानकारी नगराई गैरहाजिर भएको र अ.वं.११० नं. बमोजिम जारी भएको म्यादमा समेत हाजिर नभएको आधारमा निजलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी भएको निर्णय सदर भइसकेको अवस्थामा निवेदकको मागदाबीबमोजिमको आदेश जारी गर्नुपर्ने नदेखिने।

अत: समेतबाट प्रहरी सेवा २४ सै घण्टा खटिई शान्ति सुरक्षा कायम गर्ने जिम्मेवारी रहेको संवेदनशील सेवामा कार्यरत निवेदक कार्यालयमा कुनै जानकारी नगराई कार्यालयमा गैरहाजिर रहेको र म्याद जारी गर्दाको अवस्थामा समेत हाजिर नभएबाट कारबाहीको अन्तिम विकल्पको रूपमा निवेदकलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट बरखास्त गरेको कार्य गैरकानूनी भन्न नमिल्ने हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : कृष्णशोभा सुबाल

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७९ साल मङ्सिर २५ गते रोज १ शुभम्।

५

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७९-WH-००९४, बन्दीप्रत्यक्षीकरण, केदारनाथ मिश्र वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

निवेदकका उपर सारिका घलेको जाहेरी परी अभियोगपत्र दायर भएकोमा निजलाई बैकिङ्ग कसुर तथा सजाय ऐन,२०६४ को दफा ३(ग) को कसुरमा सोही ऐनको दफा १५(१) बमोजिम सजाय भएको देखिन्छ। उक्त फैसलाको कार्यान्वयनको सिलसिलामा निवेदक केदारनाथ मिश्र पक्राउ परी कैद म्याद ठेकी पठाएको देखिन्छ । बन्दीप्रत्यक्षीकरणको आदेश कुनै पनि व्यक्ति गैरकानूनी रूपमा थुनामा रहेको अवस्थामा निजलाई थुना मुक्त गर्नको लागि जारी गरिन्छ। निज निवेदकलाई कानूनबमोजिम म्याद तामेल नगरी फैसला भएको भए तापनि निजको कानूनबमोजिम अधिकारप्राप्त अदालतबाट मुद्दाको कारबाहीको प्रक्रियामा जानुपर्ने अवस्थाको देखिँदा उक्त कार्यका लागि अदालतमा उपस्थित गराउनुपर्ने हुँदा बन्दीप्रत्यक्षीकरण जारी गरी थुना मुक्त गर्नुपर्ने नदेखिने।

निवेदकका हकमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने नदेखिए तापनि माथि विवेचना भए अनुसार निवेदकको वतन काठमाडौं जिल्ला, जोरपाटी गा.वि.स., हाल गोकर्णेश्वर नगरपालिका, वडा नं.८ रहेको भन्ने निजको मतदाता परिचयपत्रको प्रतिलिपिबाट देखिएको र निज तेह्रथुमबाट स्थायी रूपमा काठमाडौं सरिसकेको भन्ने बसाइँसराइ दर्ताको प्रमाणपत्रबाट देखिइरहेको स्थितिमा निवेदकका नाउँमा जारी भएको समाह्वान म्याद मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ६१ बमोजिमको कार्यविधि अपनाई तामेल भएको नदेखिएको, र सोबाट निवेदकले स्वच्छ सुनुवाइको अवसर प्राप्त गरेको नदेखिएको अवस्थामा उक्त म्यादलाई कानूनसङ्गत मान्न मिल्ने देखिएन । अत: उक्त तामेली समाह्वान म्याद निवेदकका नाममा गोरखापत्रमा प्रकाशित म्याद सूचना तथा सोका आधारमा निवेदकको हकमा उच्च अदालत पाटनबाट मिति २०७९।०२।३१ मा भएको फैसलासमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । अब, निवेदकलाई हाल थुनामा राखिएको कारागारबाट उच्च अदालत पाटन, वाणिज्य इजलासमा थुनछेक प्रयोजनका लागि उपस्थित गराई बयान लिनेलगायतका मुद्दाको कारबाही अगाडि बढाउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : कृष्णशोभा सुवाल / नविन आचार्य

कम्प्युटर : रामशरण तिमल्सिना

इति संवत् २०७९ साल मङ्सिर २० गते रोज ३ शुभम्।

६

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०६९-WO-११८५, उत्प्रेषण, सुवित खड्का वि. महालेखा नियन्त्रकको कार्यालय, अनामनगर, काठमाडौंसमेत*

निवेदक सुवित खड्का कार्यालयमा अनुपस्थित भएपछि निजको नाममा गोरखापत्रमा समेत सूचना प्रकाशन गरी निजलाई प्रतिवाद गर्ने मौका दिइएको देखियो । निजले दिएको स्पष्टीकरण चित्त बुझ्दो नभएकोले निजलाई विभागीय सजाय गर्नको लागि लोक सेवा आयोगसँग विभागीय सजाय गर्न परामर्श माग गरिएकोमा लोकसेवा आयोगले माग भएबमोजिमको परामर्श पठाउने गरी आयोगबाट मिति २०६६।९।२ मा निर्णय भएपश्चात् मात्र महालेखा नियन्त्रक कार्यालयको मिति २०६६।९।२२ को निर्णयबाट निवेदक सुवित खड्कालाई निजामती सेवा ऐन, २०४९ को दफा ६१(१)(६) को कसुरमा दफा ६१ क (३) लाई समेत मध्यनजर गर्दै सोही ऐनको दफा ५९(ख)(१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने निर्णय भएको देखिँदा निजलाई सेवाबाट हटाउने गरी भएको निर्णय कानूनसम्मत र कानूनी प्रक्रिया अपनाएको देखिने।

अत: निवेदक सुवित खड्का मिति २०६४।७।२२ देखि बिनासूचना ९० दिनभन्दा बढी समय कार्यालयमा अनुपस्थित रही कार्यालयमा अनुपस्थितिको कारण जानकारी गराएको नदेखिएको र निवेदकलाई योभन्दा अघि पनि पटकपटक कार्यालयमा अनुपस्थित रही विभागीय कारबाही भइसकेको देखिएबाट निवेदक बिनासूचना कार्यालयमा अनुपस्थित भइराख्ने र आफ्नो जिम्मेवारीप्रति गम्भीर रहेको नदेखिँदा निवेदक सुवित खड्कालाई निजामती सेवा ऐन,२०४९ को दफा ६१(१)(छ) को कसुरमा दफा ६१क(३) लाई मध्यनजर गर्दै सोही ऐनको दफा ५९(ख)(१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी महालेखा नियन्त्रक कार्यालयबाट मिति २०६६।९।२२ मा भएको निर्णय कानूनसम्मत नै देखिएकोले निवेदकको मागबमोजिम उत्प्रेषणको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : श्रद्धा बिष्ट

इति संवत् २०७९ साल आश्विन ३१ गते रोज ५ शुभम्।

७

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७२-CR-०४७५, बहुविवाह, नेपाल सरकार वि. ध्रुव श्रेष्ठसमेत*

प्रत्यर्थी प्रतिवादीमध्येका ध्रुव श्रेष्ठले जाहेरवालीसँग विवाह भएको ११ वर्षसम्म पनि सन्तान नभएको र परीक्षणबाट समेत निजको सन्तान नहुने भएको कारण जाहेरवालीकै मौखिक सहमतिबाट दोस्रो विवाह गरेको भनी अदालतमा समेत बयान गरेका छन । प्रतिवादी ध्रुव श्रेष्ठ र जाहेरवाली दिलकुमारीका बिच मिति २०५८।१०।२२ गते विवाह भएकोमा २०६९ सालसम्म पनि निजहरूका तर्फबाट जायजन्म नभएको तथ्यमा यहाँ विवाद रहेको छैन । जाहेरवालीबाट बच्चा हुन नसकेको र गर्भाधानको लागि ओम अस्पतालका प्रसूतिरोग विशेषज्ञ डा.भोला रिजालबाट परीक्षण गराएको भन्ने प्रतिवादीले पेस गरेको परीक्षण प्रतिवेदनहरूको प्रतिलिपिबाट देखिएको छ भने जाहेरवालीले समेत बकपत्रको क्रममा त्यसलाई अन्यथा भन्न सकेकी छैनन् । अदालतमा बकपत्र गर्दा दोस्रो विवाह गर्न आफूले सहमति दिएको कुरा स्वीकार्दै प्रतिवादीले ठट्टामा भनेको होला भनी हुन्छ भनेको भनेकी छन् । साथै अब उप्रान्त आ-आफ्नो जीवन छुट्टाछुट्टै किसिमले रहने कुनै हक दाबी नगर्ने भन्नेसमेत उल्लेख गरेको देखिएबाट जाहेरवालीलाई प्रतिवादी ध्रुव श्रेष्ठले सन्तान प्राप्तिका लागि स्वास्थ्य परीक्षण गरी उपचारमा संलग्न रहेको र दोस्रो विवाह गर्ने सम्बन्धमा पनि निजहरूबिच सल्लाह भएको बेहोरामा जाहेरवालीसमेत सहमत रहेको देखियो । यसरी आपसी

सहमतिमा प्रतिवादीहरूबिच दोस्रो विवाह भएको र हाल निजहरूबिच सम्बन्ध विच्छेद मुद्दासमेत परी मिति २०६९।६।२९ गते बहुविवाह मुद्दामा आ-आफ्नो छुट्टै व्यवहार गर्ने सहमत भएको बेहोराको बकपत्र गरी सोही दिन सम्बन्ध विच्छेद मुद्दामा पनि सम्बन्ध विच्छेद हुने गरी मिलापत्र भइसकेको अवस्थामा सन्तान नहुने भनी मेडिकल बोर्डबाट प्रमाणित नभएकै आधारमा मात्र प्रतिवादीहरूलाई बहुविवाह गरेको ठहर गरी सजाय गर्न न्यायोचित देखिएन । यस अवस्थामा सुरू काठमाडौं जिल्ला अदालतले प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने ठहराएको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिँदा वादी नेपाल सरकारको पुनरावेदनपत्र एवं विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिर तथा यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गर्दा लिइएका आधारसमेतसँग सहमत हुन नसकिने ।

तसर्थ प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७१।०३।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : चिन्तामणी शर्मा

कम्प्युटर : राम शरण तिमिल्सिना

इति संवत् २०७९ साल पुस ३ गते रोज १ शुभम्।

८

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७३-CR-१९४२, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. महादेव खड्का*

प्रतिवादीले जाहेरवालालाई विदेश फिजी पठाइदिने भनी झुट्टा आश्वासन दिई रकम लिएको र जाहेरवालाको भिसा दिल्लीबाट लाग्ने भनी कागजसमेत गरेको देखिन्छ । भिसा लागिसकेपछि रोजगारीका लागि उडान भइसकेको अवस्था भएको अवस्थामा मात्र विदेश पठाएको मान्न सकिने हुन्छ । प्रस्तुत मुद्दामा जाहेरवालाको भिसा लागिसकेको अवस्था छैन । निज वैदेशिक रोजगारीका लागि फिजी मुलुकसम्म पुगेको नभई भिसाको प्रयोजनका लागि दिल्लीसम्म गएको व्यवहार प्रमाणबाट देखिने । यसमा जाहेरवाला रोजगारीका लागि पुग्नुपर्ने फिजी देशमा पुगेको नभई भिसा लगाउने प्रयोजनका लागि दिल्लीसम्म पुगेकोमा त्याहाबाट भिसा नलागेपछि काठमाडौं आएको भन्ने देखिन आएकोले यी प्रतिवादीलाई सपठित महलको दफा ४३ बमोजिम आधासम्म मात्र सजाय हुने देखियो । त्यसैगरी दिल्लीमा रहँदा बस्दा रू.६०,०००।– खर्च भएको भन्ने जाहेरवालाको भनाइका सम्बन्धमा विचार गर्दा, जाहेरवालाले बसको टिकटसमेत मैले नै बुझाइ नयाँ दिल्ली गएको भनी बकपत्रमा उल्लेख गरेको हुँदा दिल्लीसम्म पनि यी प्रतिवादीले लगेको तथ्य स्थापित नभएको र निज के कसरी दिल्ली पुगेको हो सोको यातायात बिललगायत होटेलमा बसेको खाएको खर्च भएको विल भरपाई एवं सो पुष्टि हुने अन्य कुनै प्रमाण पेस नगरेको अवस्थामा निजको मौखिक भनाइकै आधारमा मात्र रकम भराउन मिल्ने अवस्था नदेखिँदा सुरू वैदेशिक रोजगार न्यायाधिकरणको फैसला अन्यथा देखिएन । सो हुँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिर, विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिर तथा यस अदालतबाट प्रत्यर्थी झिकाउने आदेशमा लिइएको आधारसँगसमेत सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादी महादेव खड्कालाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम २।०।० (दुई वर्ष) कैद र रू.२,००,०००।- (दुई लाख रूपियाँ) जरिवाना हुने तथा जाहेरवालाको विगो रू.९,००,०००।- (नौ लाख रूपियाँ) र सोको ५०% हर्जाना रू. ४,५०,०००।- (चार लाख पचास हजार रूपियाँ) समेत जम्मा रू.१३,५०,०००।- (तेह्र लाख पचास हजार रूपियाँ) प्रतिवादीबाट जाहेरवालाले भराइपाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट मिति २०७२।७।१५ मा भएको फैसला

मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत – चिन्तामणी शर्मा

कम्प्युटर : राम शरण तिमिल्सिना

इति संवत् २०७९ साल पुस ३ गते रोज १ शुभम् ।

**९**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७८-WO-०४०३, उत्प्रेषणसमेत, हरिशंकर महतो धानुक वि. जयप्रकाशप्रसाद यादवसमेत*

प्रस्तुत विवादको जग्गा यी निवेदकले निवेदनमा जिकिर लिएजस्तो हकबेहकको विवाद नभएको र छठु महतो धानुकको नाममा दर्ता रहेको जग्गाको कित्ता नं. ३८२ हुनुपर्नेमा कि. नं. ३७ भनी नापीका बखत उल्लेख भई फरक परेको अवस्था मात्र हो । यस्तो अवस्थामा यी निवेदकले निवेदनपत्रमा उल्लेख गरेका विभिन्न नजिर सिद्धान्त र तत्काल प्रचलित मुलुकी ऐनका प्रावधानहरू तथा हाल प्रचलित मुलुकी देवानी संहिता, २०७४ को दफा ४१३, ४१६, ४३०, ४३४ र दफा ४५३ का साथै मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ७ का विषय नितान्त फरक प्रसङ्गको भएकोले प्रस्तुत विवादमा उक्त नजिर सिद्धान्त र कानूनी प्रावधानहरू आकर्षित हुने अवस्था विद्यमानता नदेखिने ।

तसर्थ, भूमिसुधार तथा मालपोत कार्यालय बाराले आफूसमक्ष दायर हुन आएको कित्ता नं. फरक परेको भन्ने निवेदनउपर कानूनले दिएको क्षेत्राधिकारअन्तर्गत रही आवश्यक कागज प्रमाणहरूको यथोचित मूल्याङ्कन गरी निवेदक जयप्रकाशप्रसाद यादवको नाममा स्रेस्ता पुर्जा कायम रहेको बारा जिल्ला, इनर्वामाल गा. वि. स. वडा नं. ७ कि. नं. ३७ लाई संशोधन गरी कित्ता नं. ३८२ को ज.वि. ०-१५-० कायम गरी संशोधन गर्ने गरेको निर्णय र सो निर्णयलाई सदर गरेको बारा जिल्ला अदालतको फैसला कानूनसङ्गत नै देखिन आएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : नविन आचार्य

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७९ साल साउन २२ गते रोज १ शुभम् ।

**१०**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७२-CR-१९२०, लागु औषध (ब्राउन सुगरसमेत), नेपाल सरकार वि. रामअवतार गुप्तासमेत*

प्रतिवादीउपरको दाबी पुष्टि हुने प्रमाण वादी पक्षबाट पेस हुन सकेको अवस्था छैन । आरोपित प्रतिवादीउपर केवल अनुमान मात्रका आधारमा सजाय गर्न न्यायको रोहमा मिल्ने हुँदैन । कुनै एक आपराधिक कार्यमा संलग्न भएका व्यक्तिसँगै पक्राउ परेको मात्र आधार मानी समान आपराधिक दायित्व वहन गराउनु पर्ने प्रकृतिको भनी अनुमान गर्दा अन्याय पर्न जाने हुन्छ । एका व्यक्तिबाट बरामद भएको अवैध वस्तु लागु औषध ब्राउनसुगर कारोबारजस्तो गम्भीर अपराधमा कसुर कायम गर्नु न्यायोचित नहुने हुँदा निज प्रतिवादी राम अवतार गुप्तालाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत बुटवलको फैसला मिलेकै देखिने ।

अर्का प्रतिवादी चन्द्रभान गुप्ताको हकमा विचार गर्दा, निजउपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (घ), (ङ), (च) र दफा १४(१) को देहाय (झ) अन्तर्गतको कसुरमा सोही ऐनको दफा १४(१) को देहाय (झ) बमोजिम सजाय हुन अभियोग माग दाबी रहेको देखिन्छ । यी प्रतिवादीबाट नाइट्रोसन ६० ट्याब्लेट तथा स्पास्मो १०१ क्याप्सुल बरामद भएको बरामदी मुचुल्काबाट देखिँदा उक्त लागु औषध निजबाट बरामद भएको तथ्यमा विवाद रहेन । निजबाट बरामद भएको उक्त लागु औषध बिक्री कारोबार गर्ने प्रयोजनका लागि ल्याएको हो वा सेवन गर्ने प्रयोजनका लागि ल्याएको हो भन्ने सम्बन्धमा विचार गर्दा, निजले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा केही आफूले

सेवन गर्ने केही साथीहरूले किन्न मागेमा बिक्री गर्ने भनी भारतबाट खरिद गरी ल्याएको हुँ भनी बयान गरेको र अदालतसमक्ष बयान गर्दा आरोपित कसुरमा पूर्ण इन्कार रही बयान गर्नेको देखिन्छ । बरामदी मुचुल्कामा उल्लिखित लागु औषध निजले कोही कसैलाई बिक्री गरिरहेको अवस्थामा पक्राउ परेको देखिँदैन । निजले बिक्री कारोबार गर्न भनी सञ्चय गरी राखेको अवस्थामा बरामद भएको नभई साथमा राखेको अवस्थामा बरामद भएको देखिन्छ । निजबाट बरामद भएको लागु औषधको परिमाणलाई हेर्दा पनि खरिद बिक्री कारोबार गर्ने परिमाण हो भन्ने स्थिति पनि देखिँदैन । सेवन गर्ने प्रयोजनका लागि पनि लागु औषध खरिद गर्नुपर्ने तथा भारतबाट नेपालसम्म ल्याई ओसार पसार गर्नुपर्ने हुँदा कुनै व्यक्तिको साथबाट लागु औषध बरामद हुँदैमा निजले बिक्री कारोबार गर्नकै लागि ल्याएको हो भनी शंका गर्नु न्यायोचित हुँदैन शंकाको सुविधा प्रतिवादीले पाउनुपर्छ भन्ने प्राकृतिक न्यायको सिद्धान्त विपरीत हुन जान्छ । यस स्थितिमा यी प्रतिवादी चन्द्रभान गुप्ताले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (घ), (ङ), (च) र दफा १४(१) को देहाय (झ) अन्तर्गतको कसुर गरेको नदेखिँदा ऐ.ऐनको दफा १४(१) को देहाय (झ) बमोजिम सजाय गर्न मिल्ने अवस्था रहेन । सो हुँदा निज प्रतिवादी चन्द्रभान गुप्तालाई ऐ.ऐनको दफा ४(छ) को कसुरमा दफा १४(१) को देहाय (ज) बमोजिम २(दुई) महिना कैद र रू.२,०००।- (दुई हजार) जरिवाना हुने गरी सुरू रूपन्देही जिल्ला अदालतबाट भएको फैसला सदर कायम गरेको तत्कालीन पुनरावेदन अदालत बुटवलबाट भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा मिलेकै देखिन आयो । पुनरावेदन अदालत बुटवलको फैसला बदर गरी प्रतिवादीहरू चन्द्रभान गुप्ता र रामअवतार गुप्तालाई सुरू अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर, यस अदालतबाट प्रत्यर्थी झिकाउँदा लिइएका आधार एवं वादी पक्षबाट उपस्थित हुनुभएका विद्वान् उपन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादी राम अवतार गुप्तालाई अभियोग दाबीबाट सफाइ पाउने र प्रतिवादी चन्द्रभान गुप्तालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) को कसुरमा ऐ.को दफा १४(१) को देहाय (ज) बमोजिम २(दुई) महिना कैद र रू.२,०००।- (दुई हजार) जरिवाना हुने ठहऱ्याई सुरू रूपन्देही जिल्ला अदालतबाट भएको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।०६।०५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : चिन्तामणि शर्मा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७९ पौष ३ गते रोज १ शुभम् ।

## ११

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७१-WO-००३९, उत्प्रेषणयुक्त परमादेश, मोहनबहादुर तामाङ वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत*

प्रस्तुत निवेदनको विषय अर्थात् कि.नं.५१५ र ७९० का जग्गाहरू निवेदकका पिता कृष्णबहादुर तामाङले खरिद गरी भोगचलन गर्दैआएको र निरन्तर रूपमा तिरो तिर्दैसमेत आएको देखिन्छ । यसका अलावा उक्त जग्गाहरू वन क्षेत्रभित्रको नरहेको भनी जग्गाका सँधियारहरूसमेतले सहीछाप गरिदिएको मिति २०६५।०५।१५को सर्जमिन मुचुल्काबाट देखिएको, सोही बेहोरालाई समर्थन गर्दै प्रमाण पुगेको अवस्थामा जग्गा दर्ता गरिदिनु भनी नापी कार्यालय, सिन्धुपाल्चोकबाट पनि मिति २०६६।११।१८ को पत्र लेखेको र वन कार्यालयबाट पनि उक्त क्षेत्र वनक्षेत्रभित्रको भनी दाबी गर्न नसकेको अवस्थामा उक्त जग्गाहरू सार्वजनिक हो भनी भन्न सकिने अवस्था नदेखिने ।

अत, विवादको सिन्धुपाल्चोक जिल्ला, भोटसिपा गा.वि.स. वडा नं.५ को कि.नं.५१५ को

क्षेत्रफल ५-४-३-३ र ऐ.को कि.नं.७९० को क्षेत्रफल २५-०-०-१ को जग्गा निवेदकका पिता कृष्णबहादुर तामाङको पालादेखि निजहरूले नै भोगचलन गर्दैआएको, तिरो तिरान बुझाउँदै आएको, उक्त जग्गाहरू सार्वजनिक भएको पुष्टि हुने प्रमाणहरूको अभाव रहेको तथा विशेष अदालतबाट पनि उक्त जग्गाहरू सार्वजनिक नरहेको ठहऱ्याई भएको फैसला यस अदालतबाट सदर भइसकेको अवस्थामा निवेदकहरूका नाउँमा जग्गा दर्ता गर्ने गरी मालपोत कार्यालय, सिन्धुपाल्चोकबाट भएको निर्णय बदर गरी नेपाल सरकारको नाममा दर्ता हुने गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०७०।०४।०३ मा भएको निर्णय र सो निर्णयका आधारमा मालपोत कार्यालय, सिन्धुपाल्चोकले निवेदकहरूका नाममा जग्गा दर्ता गर्ने गरी भएको निर्णय बदर गरेको मिति २०७०।०६।०३ को निर्णय कायम रहन सक्ने नदेखिँदा उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। विवादको कि.नं.५१५ र ७९० का जग्गाहरू साबिकबमोजिम निवेदकहरूका नाममा दर्ता गरिदिनु भनी मालपोत कार्यालय, सिन्धुपाल्चोकको नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत : कृष्णशोभा सुवाल

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७९ मङ्सिर २५ गते रोज १ शुभम्।

## इजलास नं. १

१२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७३-CR-१५५८, जबरजस्ती करणी, राजु चुनारा वि. नेपाल सरकार*

पीडितलाई जबरजस्ती करणी गरेको अवस्थामा कोही कसैले देखेको छैन। घटना विवरण कागज गरिदिने मानिसहरूले पनि सुनेको भरमा प्रतिवादीले कसुर गरेको हो भनी लेखाइदिएको अवस्था भएबाट सो कागजलाई निश्चयात्मक र बलियो प्रमाणको रूपमा लिन सकिने अवस्था छैन। पीडितको मौकाको कागजमा तथा अदालतमा बकपत्र गर्दा करणी गरेको कुरा उल्लेख रहे पनि जाहेरवालाको जाहेरी दरखास्त तथा निजले अदालतमा गरेको बकपत्र आपसमा विरोधाभाषपूर्ण देखिन्छ । प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष तथा अदालतमा बयान गर्दा कसुर इन्कार गरी बयान गरेको पाइन्छ। प्रमाण ऐन, २०३१ को दफा २५ मा "फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने छ" भन्ने व्यवस्था रहेको छ । उक्त व्यवस्थाअनुरूप वादी नेपाल सरकारको तर्फबाट प्रस्तुत मुद्दामा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भन्ने अभियोगदाबीलाई स्वास्थ्य परीक्षण प्रतिवेदन एवं अन्य विश्वासिलो, बलियो र वस्तुनिष्ठ प्रमाणहरूबाट शंकारहित तवरले पुष्टि गर्न सकेको अवस्था छैन। त्यस्तो ठोस र स्पष्ट प्रमाणको अभावमा कुनै व्यक्तिलाई जबरजस्ती करणीजस्तो गम्भीर कसुरमा सजाय गर्नु न्यायोचित हुँदैन। अभियोग दाबी, जाहेरी दरखास्त र पीडितको भनाइबमोजिम जबरजस्ती करणी नै भएको हो भन्ने कुराको तथ्ययुक्त रूपमा पुष्टि हुने ठोस एवं प्रत्यक्ष प्रमाणहरूको अभावमा केवल शंकाको र अनुमानको भरमा जबरजस्ती करणी भएको हो भनी निष्कर्षमा पुग्नु मनासिब नदेखिने।

मिसिल संलग्न प्रमाणहरूबाट जबरजस्ती करणीको वारदात पूरा भएको अवस्था नदेखिए तापनि प्रमाण र तथ्यगत बेहोरालाई सरसर्ती विवेचना गरी हेर्दा, प्रतिवादीले पीडितलाई सुनवरा नदीको किनारामा लगी पीडितमाथि चढेका हुन् भन्ने पीडितको बकपत्रबाट देखिन्छ। जाहेरवालीले पनि अदालतमा बकपत्र गर्दा प्रतिवादीले जबरजस्ती करणी गर्न खोजेको भनी आफ्नो छोरीले भनेको बेहोरा लेखाएको पाइयो प्रस्तुत मुद्दाको रोहमा जबरजस्ती करणी र जबरजस्ती करणी उद्योगबिचको भिन्नतालाई हेर्दा अपराधले पूर्णता पाउन बाँकी रहेको अवस्थालाई जबरजस्ती करणी उद्योग गरेको हुने र अपराधले पूर्णता पाएको खण्डमा

जबरजस्ती करणीको कसुर हुने हो । जबरजस्ती करणीको उद्योगमा करणी गर्ने मनसाय हुने र सो आपराधिक कार्य घटाउनका लागि करणी गर्ने प्रयास गरेको हुने तर सो आपराधिक कार्यले पूर्णता नपाउने हुन्छ । यसमा सङ्घर्षका चिह्न वा लक्षण देखिन पनि सक्छ, नदेखिन पनि सक्छ । प्रस्तुत मुद्दामा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भन्ने जाहेरी दरखास्त, पीडितको मौकाको कागज भए तापनि पीडितको बकपत्र, जाहेरवाली 'ह' कुमारीको बकपत्र, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतबाट जबरजस्ती करणीको आपराधिक कार्यले पूर्णता पाएको अवस्था देखिँदैन । पीडितले आफ्नो योनिमा प्रतिवादीले लिङ्ग केही मात्र प्रवेश गरी करणी गरेको वा के हो भनी भन्न नसकेको तथा पीडित र प्रतिवादीको शरीरमा कुनै करणीको चिह्नहरू नदेखिएको भन्ने स्वास्थ्य परीक्षण प्रतिवेदन रहेको हुँदा करणी नै भएको हो भन्ने पुष्टि हुन सकेको देखिएन । तर प्रतिवादीले जाहेरवाला तथा पीडितको आरोपलाई अस्वीकार गरे तापनि निज एकान्तमा पीडितको साथ उपस्थित हुनु, वारदातस्थलबाट पीडितको पेन्टी फेला पर्नुसमेतको तथ्यबाट करणी गर्ने प्रयास भएको देखिँदा प्रतिवादीले पीडितउपर जबरजस्ती करणीको उद्योगसम्म गरेको देखिने ।

अतः जबरजस्ती करणीको वारदात नभई प्रतिवादीले जबरजस्ती करणीको उद्योगसम्म गरेको देखिएकोले उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७३।०९।२० गते भएको फैसला केही उल्टी भई मुलुकी ऐन, २०२० जबरजस्ती करणी महलको ५ नं.बमोजिमको कसुरमा ५ वर्ष कैद सजाय हुने ठहर्छ । प्रतिवादी मिति २०७२।०१।१७ गतेदेखि प्रहरी हिरासतमा र थुनामा रही निजलाई भएको ५ वर्ष कैदको सजाय भुक्तान भइसकेको र निजलाई थुनाबाट छाड्न संक्षिप्त आदेश जारी भई सम्बन्धित अदालतमा पत्राचारसमेत भइसकेको हुँदा सो बारे थप बोलिरहन नपर्ने ।

इजलास अधिकृत : कृष्णप्रसाद अधिकारी
कम्प्युटर : चन्दनकुमार मण्डल
इति संवत् २०७९ भदौ २३ गते रोज ५ शुभम् ।

## इजलास नं. २

१३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७३-WO-०३५९, उत्प्रेषण, युवराज सुवेदी वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत*

नेपाल प्रहरीको प्रहरी जवान पदमा नोकरी गरिरहेको कर्मचारी सो पदबाट अलग नभई नेपाली सेनाको सैन्य पदमा भर्ना हुन दिएको आवेदनलगायत कार्यबाट निजले प्रहरी सङ्गठनमा इमान्दारिता, निष्ठा, आचरणको व्यवहार गरेको भन्ने नदेखिई उक्त कार्य प्रहरी आचरण तथा अनुशासनविपरीतको कार्य रहेको देखिन्छ । यसरी प्रहरी आचरण तथा अनुशासनविपरीत कार्य गर्ने निवेदकलाई सोही कसुरमा भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी भएको निर्णय तथा काम कारबाहीहरू कानूनसम्मत नै रहेको देखियो ।

तसर्थ, माथि विवेचित निवेदनको तथ्य, लिखित जवाफको बेहोरा, प्रचलित कानूनी व्यवस्था तथा यस अदालतबाट प्रतिपादित सिद्धान्त एवम् आधार र कारणबाट निवेदक युवराज सुवेदीले प्रहरी आचरण र अनुशासनविपरीत आफ्नो पदीय जिम्मेवारीमा लापर्बाही गरी मिति २०७२।०७।१३ देखि गैरहाजिर रही, तोकिएको जिम्मेवारी पूरा नगरी प्रहरी जवान पदमा कार्यरत हुँदाहुँदै सो पदबाट अलग नभई नेपाली सेनाको सैन्य पदमा नियुक्ति लिई कार्यरत रहेको भन्ने पुष्टि हुन आयो । सोही कारण निज निवेदक युवराज सुवेदीलाई प्रहरी नियमावली, २०७१ को

नियम ११३(१)(क) को कसुरमा ऐ. नियमावलीको नियम १०९(ख)(१) बमोजिम भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी प्रहरी प्रधान कार्यालयका प्रहरी उपरीक्षकबाट मिति २०७२।०९।२६ मा भएको निर्णय सदर गर्ने गरी प्रहरी नायब महानिरीक्षकबाट मिति २०७३।०३।३१ मा भएको निर्णय कानूनसम्मत मिलेको देखिँदा निवेदन दाबीबमोजिम उत्प्रेषणको आदेशले बदर गर्नुपर्ने अवस्थाको देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : कृतिबहादुर बस्नेत

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल फाल्गुन ४ गते रोज ५ शुभम्।

**१४**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७९-WH-०२८२, बन्दीप्रत्यक्षीकरण, कान्छीमाया वि. केन्द्रीय कारागार कार्यालय जगन्नाथ देवल सुन्धारा, काठमाडौंसमेत*

एउटै प्रकृतिको (चोरी) मुद्दामा यिनै प्रतिवादीको हकमा एउटा अदालत (काठमाडौं जिल्ला अदालत) बाट निजलाई नाबालकको हैसियतले अभिभावकको जिम्मा लगाउने गरी आदेश भइ सुविधा प्राप्त गरिसकेको र सोही प्रकृतिको मुद्दामा यिनै प्रतिवादीलाई अर्को अदालत (भक्तपुर जिल्ला अदालत) बाट साबालक / वयस्कसरह कायम गरी निजलाई तोकिएको कैद भुक्तान गर्न कारागार कार्यालय पठाउने कार्य भएको पाइयो। भक्तपुर जिल्ला अदालतको फैसला र काठमाडौं जिल्ला अदालतको आदेशबाट न्यायमा एकरूपता भएको पाइँदैन । नेपालको संविधान धारा ३९(८) मा भएको “प्रत्येक बालबालिकालाई बालअनुकूलको न्यायको हक हुने छ भन्ने संवैधानिक हकप्रतिकूल निजको हकहितमा समेत असर परेको देखियो । यसै गरी बालबालिका संलग्न विवादमा बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हितलाई कायम गर्न सोहीबमोजिम काम कारबाही गर्नुपर्ने भन्ने विश्वव्यापी र सर्वमान्य सिद्धान्तलाई बालबालिकासम्बन्धी ऐन, २०७५ ले पनि आत्मसात् गरेको पाइन्छ।

वस्तुतः उपर्युक्त उल्लिखित निवेदनको तथ्य, प्रमाणको रूपमा रहेका सुरू अदालतका आदेश एवं फैसलामा देखिएको भिन्नता एवं बाल न्यायको सर्वमान्य सिद्धान्तको रोहमा समेत भक्तपुर जिल्ला अदालतबाट उल्लिखित मुद्दाहरूमा निवेदक प्रतिवादी परिवर्तित नाम सर्वोच्च-१ लाई प्रत्येक मुद्दामा ६ महिना कैद तथा रू.१०,०००।– जरिवाना हुने ठहर्‍याई फैसला कार्यान्वयन गर्ने क्रममा कारागार कार्यालयमा थुनामा राख्न पठाइएको कार्य कानूनसङ्गत देखिएन।

अतः निवेदक प्रतिवादीको थुना/कैद गैरकानूनी देखिएकाले निवेदक परिवर्तित नाम सर्वोच्च-१ को हकमा भक्तपुर जिल्ला अदालतको उपर्युक्त उल्लिखित मुद्दाहरूमा भएको फैसलाहरू र सो फैसलाबमोजिम निवेदकलाई फैसला कार्यान्वयन गर्ने गरी कारागार कार्यालय जगन्नाथदेवल काठमाडौंमा थुनामा राख्ने गरी जारी भएको कैदीपुर्जीहरूसमेत स्वतः निस्क्रिय हुने भई निवेदक प्रतिवादी परिवर्तित नाम सर्वोच्च-१ लाई थुनाबाट तुरून्त मुक्त गरिदिनु भनी प्रत्यर्थीहरूमा नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत र भेषराज भट्टराई

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०८० साल साउन २ गते रोज ३ शुभम्।

**१५**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७९-WO-०९४९, उत्प्रेषणसमेत, धनराज विष्ट वि. लोकसेवा आयोग कमलपोखरी, काठमाडौंसमेत*

नेपाल विद्युत् प्राधिकरणको सातौँ श्रेणीको इन्जिनियर पदको लागि मिति २०७८/०५/१८

मा विज्ञापन आह्वान गरेको, मिति २०७८/१२/०४ र ०५ मा लिखित परीक्षा सञ्चालन भएको र मिति २०७९/११/०२ मा अन्तर्वार्ता भएको देखियो । यसरी विनियमावलीमा रहेको उपर्युक्त व्यवस्था उक्त विज्ञापन हुँदा संशोधन भएको नदेखिए तापनि उक्त विज्ञापनसम्बन्धी पदको लिखित परीक्षा तथा अन्तर्वार्तालगायतका कार्यहरू सो विनियमावली संशोधन भएपश्चात् सम्पन्न भएको देखियो । संशोधित विनियमावली प्रादुर्भाव भएपछि लिखित परीक्षा तथा अन्तर्वार्तासमेत सञ्चालन भएको हुँदा जुन विज्ञापनअनुरूपको कार्य सम्पादन भएको छ सो अवस्थामा रहेको कानूनी व्यवस्थालाई कर्मचारीको हक हित, वृत्तिविकास तथा सुविधा सन्तुलनको दृष्टिकोणसमेतको रोहमा हेरी उदार रूपमा व्याख्या गर्दा न्यायसम्मत हुने नै देखिने ।

यसप्रकार उपर्युक्त पृष्ठभूमिको रोहमा प्रस्तुत रिट निवेदनको विषयलाई हेर्दा यी निवेदक उक्त विज्ञापनको लिखित र अन्तर्वार्तासमेतबाट खुलातर्फको प्रतीक्षा सूचीको क्रमसङ्ख्या १ मा रहेकोमा विवाद देखिँदैन । उक्त विज्ञापनको अपाङ्ग कोटाको एक पदमा कोही पनि उत्तीर्ण नभएकोले उक्त अपाङ्ग पद खाली नै रहेकोसमेत देखिन्छ । नेपाल विद्युत् प्राधिकरण कर्मचारी सेवा, सर्त विनियमावली, २०७५ को विनियम १५ को उपविनियम १४ को अभिप्रायः पनि समावेशी समूहका लागि छुट्याइएको पदमा आवश्यक सङ्ख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकेको खण्डमा त्यस्तो पद सोही विज्ञापनको खुला प्रतियोगितातर्फ समावेश गर्नुपर्ने भन्ने नै देखिन्छ । यस स्थितिमा उक्त विज्ञापनको अपाङ्ग कोटालाई खुलातर्फ समावेश गरी वैकल्पिक पदको १ नं. मा रहेको यी निवेदकलाई सो पदको नियुक्ति दिँदा अर्को पक्षलाई असर पर्न जानेसमेत नदेखिने साथै निजको वृत्ति विकासलाई समेत प्रवर्धन हुने देखिँदा सुविधा सन्तुलनको दृष्टिकोणले समेत नेपाल विद्युत् प्राधिकरण कर्मचारी सेवा, सर्त विनियमावली, २०७५ को विनियम १५ को उपविनियम १४ को व्यवस्था नै आकर्षित हुने देखिएकोले निवेदकलाई उक्त पदमा नियुक्ति दिँदा न्यायोचित नै हुने देखियो । तसर्थ रिट निवेदकलाई उक्त विज्ञापनको सातौँ तहको इन्जिनियर पदमा नियुक्ति दिनु भनी प्रत्यर्थीको नाउँमा परमादेशको आदेश जारी हुने नै देखियो ।

जहाँसम्म निवदेकले मिति २०७९/११/०४ मा प्रकाशित नतिजा बदर गराउन उत्प्रेषणको आदेशसमेत माग गरेको सम्बन्धमा हेर्दा, उक्त मितिमा प्रकाशित नतिजाबाट अन्य उम्मेदवारहरूले नियुक्ति पाइसकेको र खुल्लातर्फ बाँकी नरहेको भनी प्रत्यर्थीको तर्फबाट उपस्थित कानून व्यवसायीले बहसको क्रममा इजलाससमक्ष जानकारी गराएको हुँदा सो प्रकाशित सूचना उत्प्रेषणको आदेशले बदर गरिरहन परेन ।

अतः माथि विवेचित तथ्य, आधार र कारणसमेतबाट विज्ञापन नं.२०७८।७९ प्रा.७।१३ को लिखित र अन्तर्वार्ताबाट उक्त विज्ञापनको अपाङ्ग कोटाको एक पदमा कोही पनि उत्तीर्ण नभई खाली नै रहेको अवस्थामा नेपाल विद्युत् प्राधिकरण कर्मचारी सेवा, सर्त विनियमावली, २०७५ को विनियम १५ को उपविनियम १४ बमोजिम उक्त अपाङ्गको पद खुलातर्फ समावेश गरिँदा वैकल्पिक सूचीको १ नं. मा रहेको निवेदक सो पदको नियुक्ति पाउने अवस्था देखिँदा निवेदकलाई उक्त विज्ञापनको सातौँ तहको इन्जिनियरिङ पदमा नियुक्ति दिनु भनी प्रत्यर्थीको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । मिति २०७९/११/०४ मा प्रकाशित नतिजा उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्ने हदसम्मको निवेदन दाबी पुग्न नसक्ने हुँदा खारेज हुने ।

इजलास अधिकृत : सबिन कुमार थिङ तामाङ

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल असार २० गते रोज ४ शुभम् ।

**१६**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७२-CI-१५३२, जग्गा खिचोला*

*चलन, गणेश दाससमेत वि. देव नारायण दास*

तथ्यहरूबाट वादीको कि.नं. ९६१ मा टायल चेकबाट ज.वि.०-२-०-० जग्गा देखिएको र भई आएको नक्सा मुचुल्कामा चारैतर्फको नाप उल्लेख गर्दै ज.वि. ०-१-१७.१९ मात्र जग्गा रहेको भनी उल्लेख भएको देखिन्छ। यसरी टायल चेक गर्दा ज.वि.०-२-०-० जग्गा देखिए पनि भई आएको नक्सा मुचुल्काबाट वादीको जग्गा कम रहे भएको भन्ने तथ्य स्थापित भएको छ । नापी नक्साको नक्सा स्केचसहितको टायल चेकमा उत्तर दक्षिणतर्फ १३.८३ रहेको र भइआएको नक्सा मुचुल्काको न.नं. ३ मा १२.८३ मिटर र दक्षिण १२.८५ मिटर भनी जनिएकोमा पूर्व र पश्चिमतर्फ दुवैतर्फ समान ४९ मिटर नै देखिन आएको छ । यस तथ्यसमेतका आधारमा न.नं. ३ कि.नं. ९६१ को जग्गामध्ये वादीको उत्तर र दक्षिणतर्फ १ मिटर जग्गा विवादित न.नं. ४ मा रहे भएको पुष्टि हुन आयो। यस अवस्थामा वादीको फिराद दाबी बमोजिम न.नं. ४ को नाप नक्सा गर्दा हुन आउने जग्गासम्ममा खिचोला मेटाई चलन चलाई पाउने भनी पुनरावेदन अदालतबाट भएको फैसला अन्यथा हो भन्न मिल्ने देखिएन। उक्त फैसला मिलेको नै देखियो। उल्लिखित तथ्य प्रमाणहरूबाट वादीको न.नं. ३ कि.नं. ९६१ को जग्गामध्ये उत्तर र दक्षिणतर्फ १ मिटर जग्गा विवादित न.नं. ४ मा रहे भएको पुष्टि भएको अवस्थामा वादीको घटी भएको जग्गा निजको जग्गादेखि पश्चिमतर्फ रहेको कि.नं. ९६० को जग्गामा हुनुपर्छ भन्नेसमेतको पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः वादी दाबी नपुग्ने गरी सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०६९।९।१६ मा भएको फैसलालाई उल्टी गरी वादीको फिराद दाबीबमोजिम न.नं. ४ को नाप नक्सा गर्दा हुन आउने जग्गामा फिराद दाबीबमोजिम खिचोला मेटाई चलन चलाइपाउने ठहऱ्याई पुनरावेदन अदालत, राजविराजबाट मिति २०७१।१०।०५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : डोलनाथ न्यौपाने
कम्प्युटर : राधिका घोरासाइने
इति संवत् २०७९ साल माघ २३ गते रोज २ शुभम्।

**१७**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७८-RC-०११४, कर्तव्य ज्यान, नेपाल सरकार वि. नविन सिंह विष्ट*

प्रतिवादी नविन सिंह विष्टले वारदातको समयमा रक्सी खाई निजलाई मात लागेको कुरामा विवाद देखिएन। जाहेरवाला पुष्कर सिंह विष्टले सुरू अदालतमा उपस्थित भई जाहेरी बेहोरालाई समर्थन गरेको देखिन्छ। प्रतिवादी नविन सिंह विष्ट र निजको पत्नीबिच सुन चोरीको विषयमा विवाद हुने गरेको देखिन्छ। यद्यपि, प्रतिवादीले अदालतमा बयान गर्दा मृतक छोरी आफ्नो हातबाट आगोमा खसी मृत्यु भएको भनी उल्लेख गरे पनि निज प्रतिवादी तत्काल हारगुहार गरी बचाउनतर्फ लाग्नुपर्नेमा सो गरेको देखिँदैन । मृतक बालिकाको जलेर मृत्यु भइसकेको अवस्थामा फेला परेको देखिन आएको छ । मृतक बालिकाको बाबु प्रतिवादी नविन सिंह विष्ट र आमा शिला भन्ने सुशीला विष्टसमेत तत्काल वारदात स्थलमा उपस्थित रही बालिकाको बचाउ गर्नेतर्फ तत्पर रहेको देखिँदैन। उल्लिखित प्रमाण एवं परिस्थितिसमेतबाट प्रतिवादी नविन सिंह विष्टले आफ्नै १० महिनाकी छोरी अनुस्का विष्टलाई खरको लुठोमा राखी आगो लगाई जलाइ मारेको देखिन आएको अवस्थामा प्रतिवादी नविन सिंह विष्टलाई अभियोग दाबीबमोजिम नै जन्मकैदको सजाय हुने गरी सुरू जिल्ला अदालतले गरेको फैसला सदर गर्ने गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट भएको फैसला अन्यथा भन्न मिलेन।

अब, प्रतिवादी नविन सिंह विष्टलाई भएको सजायको हकमा हेर्दा, प्रतिवादी र निजको पत्नीबिच सुन चोरीको विषयमा विवाद हुने गरेको सन्दर्भलाई लिएर प्रतिवादी नविन सिंह विष्टले १० महिनाकी

आफ्नै छोरी अनुष्कालाई सुतिरहेको ठाउँबाट उठाई खरको लुठोमा राखी आगो लगाई जलाइ निर्ममतापूर्वक मारी तत्काल वारदातस्थलबाट भागी हिँड्दै गरेको अवस्थामा गाउँलेहरूले पक्री प्रहरीमा जिम्मा लगाएकोसमेतको अवस्था देखिँदा उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासले गरेको सुरू सजाय सदर अन्यथा अवस्थाको देखिन आएन।

अतः प्रतिवादी नविन सिंह विष्टलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) को कसुरमा ऐ.को दफा १७७(२) बमोजिम जन्मकैदको सजाय हुने ठहर गरेको सुरू दार्चुला जिल्ला अदालतको फैसला सदर गर्ने गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको मिति २०७६।११।०६ को फैसला मिलेकै देखिँदा साधकको रोहमा सदर हुने।

इजलास अधिकृत :- कालिबहादुर साम्यु लिम्बु
कम्प्युटर : विकेश गुरागाई
इति संवत् २०८० साल साउन १४ गते रोज १ शुभम्।

१८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७८-RC-०१२५, कर्तव्य ज्यान, नेपाल सरकार वि. प्रेमबहादुर राना*

सूर्यबहादुर रानालाई बुहारी विन्दु राना र प्रेमबहादुर रानाले सुनियोजित ढङ्गले योजना बनाई कर्तव्य गरी मारी फालेकोमा पूर्ण विश्वास लाग्छ भनी मृतकको आमा चित्रकला रानाले किटानी जाहेरी दिएको देखिन्छ। जाहेरवाला चित्रकला रानाले सुरू अदालतमा उपस्थित भई जाहेरी बेहोरालाई प्रमाणित गरेको देखिन्छ। सहप्रतिवादी विन्दु रानाले आफू र प्रतिवादीबिच प्रेम सम्बन्ध रहेको, प्रतिवादी प्रेमबहादुर रानाले मृतक सुर्यबहादुर रानालाई जाँडमा धतुरो मिसाइ खुवाइ नसा लागेको अवस्थामा मारेको हो। बरामद डोको नाम्लो आफ्नै घरको रहेको भनी सुरू अदालतमा प्रतिवादी प्रेमबहादुर रानालाई पोल गरी बयान गरेको देखिन्छ। प्रतिवादीहरू विन्दु राना र प्रेमबहादुर रानाबिच प्रेम सम्बन्ध रहेको तथ्य प्रतिवादी विन्दुको सुरू अदालतको बयानबाट समेत देखिन्छ। मौकादेखि नै प्रतिवादी फरार रही हालसम्म पक्राउ पर्न सकेको देखिँदैन। मिसिल संलग्न अन्य तथ्य प्रमाणबाट पनि सम्पुष्टि भइरहेकोले निज प्रतिवादी उक्त वारदातमा रही आरोपित कसुर शंकारहित तवरबाट स्थापित भएको पाइन्छ। तसर्थ, अभियोग दाबीबमोजिम नै प्रतिवादी प्रेमबहादुर रानालाई जन्मकैदको सजाय गर्ने गरेको सुरू फैसला सदर गर्ने गरेको उच्च अदालत तुलसीपुरको फैसला अन्यथा गरिरहन परेन।

अब, प्रतिवादी प्रेमबहादुर रानालाई भएको सजायको हकमा हेर्दा, सहप्रतिवादी विन्दु राना र प्रतिवादी प्रेमबहादुर रानाबिच प्रेम सम्बन्ध रहेको कारणले मृतकलाई निजै प्रतिवादीले जाँडमा धतुरो मिसाई विषाक्त पारी हत्या गरी डोकोमा बोकी लास फेला परेको स्थानसम्म निज प्रतिवादीले नै फाली कसुर ढाकछोप गर्न प्रयास गरेकोसमेतको स्थितिमा प्रतिवादीको हकमा उच्च अदालत तुलसीपुरले गरेको साधक सदर अन्यथा अवस्थाको देखिन आएन।

अतः प्रतिवादी प्रेमबहादुर रानालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) नं. को कसुरमा ऐ.१३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरेको सुरू दाङ देउखुरी जिल्ला अदालतको फैसला साधकको रोहमा सदर गर्ने गरेको उच्च अदालत तुलसीपुरको मिति २०७८।०५।२३ को फैसला मिलेकै देखिँदा साधकको रोहमा सदर हुने।

इजलास अधिकृत : कालिबहादुर साम्यु लिम्बु
कम्प्युटर : विकेश गुरागाई
इति संवत् २०८० साल साउन १४ गते रोज १ शुभम्।

१९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७८-RC-०११८, कर्तव्य ज्यान, नेपाल सरकार वि. ध्यानकुमार राई*

प्रतिवादीलाई फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क. बमोजिम १५ वर्ष कैद सजाय गरेको रायतर्फ

हेर्दा, निज प्रतिवादीले आफ्नै पत्नीलाई काठको मुङ्ग्रोले टाउकोमा प्रहार गरी मृतकको मृत्यु भएको देखिएको, निज मृतक र प्रतिवादीबिच प्रतिवादीलाई पखाला लागेकोले सँगै बाहिर जानेसम्बन्धी विषयमा विवाद भई कुटपिट भएको देखिएको, प्रतिवादीले अदालत एवम् अनुसन्धान तहकिकातमा भएको तथ्य अवस्था खुलाई आफूबाट भएको मुंग्रोको प्रहारबाट मृतकको मृत्यु भएको भनी कसुरमा साबिती रही अदालतलाई सहयोग गरेको एवम् प्रतिवादीको उमेरसमेतलाई दृष्टिगत गरी १५ वर्ष कैद सजाय हुने गरी गरेको राय मनासिब नै देखिन आयो।

अतः माथि विवेचित आधार, प्रमाण र कारणको आधारमा प्रतिवादी ध्यानकुमार राईलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) को कसुरमा ऐ.को दफा १७७(२) बमोजिम सजाय हुने भई फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क. बमोजिम १५ वर्ष कैद सजाय हुने ठहर्‍याई सुरू खोटाङ जिल्ला अदालतको फैसला साधकको रोहमा सदर गर्ने गरेको उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कालिबहादुर साम्यु लिम्बु

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल साउन १४ गते रोज १ शुभम्।

## २०

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७९-RC-०००२, कर्तव्य ज्यान, नेपाल सरकार वि. मनकुमार भन्ने सन्तकुमार श्रेष्ठसमेत*

प्रतिवादीहरूले अदालतमा कसुरमा इन्कार भए पनि मौकाको बयानमा घटना गराएको तथ्यमा स्वीकार गरेको देखिन्छ । मृतक मरेको स्थानमा प्रतिवादीहरू उपस्थित रहेको तथ्यलाई निजहरूले स्वीकार गरेको अवस्था देखिन्छ । तत्काल मौकामा फरार रही लामो समय व्यतीत भइसकेपछि आरोपित कसुरमा गरेको इन्कारी बयान बेहोरा सोँची विचारी (After thought) गरेको होइन भन्ने तथ्ययुक्त आधार कारण निज प्रतिवादीहरूले दिन सकेको पनि देखिँदैन । जाहेरवालाले जाहेरी बेहोरालाई समर्थन गर्दै प्रतिवादीहरू लक्ष्मी श्रेष्ठ र मनकुमार श्रेष्ठको घर आँगनमा वादविवाद हुँदा आफ्नो श्रीमान्लाई निज प्रतिवादीहरूले कोदालोको पासो, कुखुराको खोर बनाउँदै गरेको काठको विमले टाउकोमा हानेर मारेको हो भन्ने बेहोरा उल्लेख गरी अदालतमा बकपत्र गरिदिएको देखिन्छ । कोदालो बरामद एवम् विम बरामद भएको र मृतकको मृत्यु पछाडिको भागको खप्परमा प्वाल परी मस्तिष्क बाहिर निस्केको भन्ने तथ्यसँग तादाम्यतासमेत रहेको देखिएबाट समेत प्रतिवादीहरूले नै मृतक हर्कबहादुर सावाहाङ लिम्बूलाई अभियोगदाबीबमोजिम नै हत्या गरेको देखिँदा सुरू ताप्लेजुङ जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको फैसला अन्यथा भन्न मिलेन।

अब, प्रतिवादीहरूलाई भएको सजायको हकमा हेर्दा, प्रतिवादीहरू दुई दाजुभाइ भई मृतकको पछाडिको खप्पर फुटिई मस्तिष्क बाहिर निस्कने गरी कोदालोको पासो प्रहार गरेको, मौकादेखि नै १० वर्षसम्म फरार रही पक्राउ परेपछि निजहरू न्यायिक प्रक्रियामा आएका, मृतकको चोटपटकको अवस्थासमेतलाई विवेचना गरी उच्च अदालत विराटनगर, इलाम इसलासले गरेको सुरू फैसला सदर अन्यथा अवस्थाको देखिन आएन।

अतः माथि विवेचित आधार, प्रमाण र कारणको आधारमा प्रतिवादीहरू मदन भन्ने लक्ष्मी श्रेष्ठ र मनकुमार भन्ने सन्तकुमार श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्न्धी महलको १ नं. विपरीतको ऐ.को १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरेको सुरू ताप्लेजुङ जिल्ला अदालको फैसला सदर गर्ने गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति

२०७७।०६।१८ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत : कालिबहादुर साम्पु लिम्बु
कम्प्युटर : राधिका घोरासाइने
इति संवत् २०८० साल साउन १४ गते रोज १ शुभम्।

**२१**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७९-RC-००९८,* कर्तव्य ज्यान, *नेपाल सरकार वि. पूर्णबहादुर लिम्बू*

प्रतिवादीले अंशसम्बन्धी पूर्वरिसइवी राखी मृतक साख्य भाइबुहारी नाताकी महिला व्यक्तिलाई मारेको देखिन्छ । निज मृतकको तत्कालै मृत्यु भएकोसमेतको अवस्था देखिँदा प्रतिवादीले मार्ने नियतले बाम्फोकजस्तो घातक चिज वस्तुले पटकपटक प्रहार गरेको तथा प्रतिवादी वारदात घटाई भाग्न लागेको बखत अन्य मानिसहरूले समातेको कारणले भाग्न उम्कन नपाएको अवस्था देखिएकोसमेतका स्थितिमा उच्च अदालत विराटनगर, इलाम इजलासले गरेको साधक सदर अन्यथा अवस्थाको देखिन आएन।

अतः माथि विवेचित आधार, प्रमाण र कारणको आधारमा प्रतिवादी पूर्णबहादुर लिम्बूलाई अभियोगदाबीबमोजिम नै मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) को कसुरमा ऐ.को दफा १७७(२) बमोजिम जन्मकैदको सजाय हुने तथा ऐ.को दफा १८६ बमोजिम रू.१,५०,०००।- क्षतिपूर्ति प्रतिवादीबाट भराइपाउने ठहर गरी गरेको फैसला सदर गरेको उच्च अदालत विरटनगर, इलाम इजलासको मिति २०७८।१२।०७ को फैसला एवं साधक सदर मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कालिबहादुर साम्पु लिम्बु
कम्प्युटर: राधिका घोरासाइने
इति संवत् २०८० साल साउन १४ गते रोज १ शुभम्

**२२**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७८-RC-०१२९, कर्तव्य ज्यान, नेपाल सरकार वि. मुगाधन भन्ने मुकेश राई*

प्रतिवादीले मृतक महिलालाई निजैको घरमा गई घाँटी थिची नियतपूर्वक मारेको देखिन आउँछ । मृतकलाई मारेपछि प्रतिवादी आफू घर गई सुतेकोसमेतको अवस्थामा निज प्रतिवादीलाई भएको सजायसमेत मनासिबै देखिन आयो।

अतः माथि विवेचित आधार, प्रमाण र कारणको आधारमा प्रतिवादी मुगाधन भन्ने मुकेश राईलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) को कसुरमा ऐ.को दफा १७७(२) बमोजिम तथा ऐ.को दफा ४२ बमोजिम जन्मकैद (पच्चिस वर्ष) सजाय हुने र ऐ.को दफा १८६ बमोजिम प्रतिवादीबाट रू.७०,०००।- क्षतिपूर्ति भराइपाउने ठहर गरी सुरू खोटाङ जिल्ला अदालतबाट भएको फैसला साधकको रोहमा उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाबाट मिति २०७८।०५।२३ मा सदर गर्ने गरी भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कालिबहादुर साम्पु लिम्बु
कम्प्युटर : राधिका घोरासाइने
इति संवत् २०८० साल साउन १४ गते रोज १ शुभम्।

## इजलास नं. ३

**२३**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई**, *०७८-MS-०००७, अदालतको अवहेलना, रामप्रसाद घले वि. गण्डकी प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण वन निर्देशनालय सब डिभिजन वन कार्यालय, वेसीसहर, लमजुङसमेत*

यस अदालतबाट जारी भएको अन्तरिम आदेशको पालना नगरी प्रत्यर्थीहरूले अदालतको अपहेलना गरेको भनी निवेदकले जिकिर गरेको पाइयो। यिनै निवेदक रामप्रसाद घले नै निवेदक रहेको लगाउको ०७६-WO-०४९३, ०७७-WO-०२३५, र ०७७-

WO-०३८७ को रिट निवेदनका सन्दर्भमा आज यसै इजलासबाट निवेदकले दाबी गरेको जिल्ला लमजुङ साबिक बाँझाखेत गा.वि.स. वडा नं. १ कि.नं. १४५१ क्षेत्रफल ५-१-०-२, कि.नं. २५९ क्षेत्रफल ०-१२-१-३, वडा नं. ७ को कि.नं. ४१९ क्षेत्रफल १८-४-१-१ समेतका जग्गामा निवेदकको हक स्वामित्व स्थापित भइनसकेको, उक्त जग्गामा निवेदकले कुनै निर्माण कार्य गरेको नदेखिएको र भौतिक संरचना भत्काई नोक्सान पारेको भनी क्षतिपूर्ति भराइदिने गरी आदेश जारी गर्नु नपर्ने भनी निर्णयादेश भएको छ । यसका अतिरिक्त प्रस्तुत मुद्दाका सन्दर्भमा यस अदालतबाट जारी भएको अन्तरिम आदेश कायम रहेको अवस्थामा सो आदेशको प्रतिकूल हुने गरी तथा यस अदालतको आदेशको अवज्ञा गर्ने गरी प्रत्यर्थीहरूबाट कुनै काम कारबाही भएको भनी देखिने तथ्ययुक्त आधार वा कारण पेस हुन आएको पाइएन । अदालतको अपहेलनासम्बन्धी विषयलाई विवादका पक्षहरूको वैयक्तिक प्रतिशोध साधन गर्ने विषय बनाउन नमिल्ने । समग्र घटनाक्रम विवरणतर्फ दृष्टिगत गर्दा सामुदायिक वनको रूपमा रहेको जग्गा र वन सम्पदाको संरक्षणका लागि प्रत्यर्थीहरूले प्रयास गरेको भन्नेसम्म देखिन आएको छ । यस अवस्थामा प्रत्यर्थीहरूले अदालतको अपहेलना गरेको भनी ठहर गर्नु मनासिब नदेखिने ।

सामुदायिक वनक्षेत्र भनी छुट्याइएको जग्गामा तत्काल घर बनाउने वा कुनै प्रकारको निर्माण कार्य नगर्ने गरी निवेदकलाई जानकारीसम्म गराउने कार्य भएको कुरालाई अदालतको अपहेलना गरेको भनी मान्न मिल्ने देखिएन । अपहेलनामा सजाय गरिपाउँ भन्ने निवेदन खारेज हुने ।

इजलास अधिकृत : शारदा फुयाल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल भाद्र २१ रोज ३ शुभम् ।

**२४**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाश कुमार ढुंगाना,** *०७३-CR-०४३६, किर्ते, छेवाङ धुण्डुप कंसाकार वि. विभु कायस्थसमेत*

विपक्षी प्रतिवादीको इन्डष्ट्रिजसँग वादीको कुनै सरोकार नै नभएको र निजबाट कुनै रकम भौचरमार्फत लिनुपर्ने कुनै कारण नभएको अवस्थामा विभिन्न मितिमा गरी ६,७०,०००।- बुझी लिइसकेको भनी गर्दै नगरेको सहीलाई गरेको हो भनी झुटा किर्ते भौचर तयार गरी सम्पत्ति खाने पचाउने नियत गरेकाले विपक्षीहरूलाई किर्ते कागजको महलको ७,११,१४ र १५ नं. बमोजिम सजाय गरिपाउँ भन्ने फिराद दाबी रहेकोमा विपक्षी वादी इन्डष्ट्रिजको व्यावसायिक पार्टनर रहेको र इ.सं.१९८४ देखि १९९७ सम्मको अवधिमा विपक्षीले रकम झिकी लिई भौचरमा सही गरेको हो भन्ने कृष्णचन्द्र कायस्थसमेतको प्रतिउत्तर बेहोरा रहेको देखियो । आफू विदामा रहँदाको १५ थान भौचरहरूमा गरेको संयुक्त हस्ताक्षर किर्ते गरेको होइन भन्ने संजिवदास श्रेष्ठको प्रतिउत्तर रहेकोमा किर्ते ठहर हुन सक्ने देखिँदैन । वादी दाबी अनुसार नै विवादित २९ थान भौचर लिखतहरू निजसमेतले दिएको निषेधाज्ञा मुद्दामा लिखित जवाफसाथ प्रतिवादीहरूले पेस गरेको देखिने ।

प्रतिवादीले वादीसमेतले दिएको निषेधाज्ञा मुद्दामा लिखित जवाफ साथ प्रमाणको रूपमा विवादित लिखत पेस गरेको अवस्थामा बाहेक उक्त लिखतलाई वादीको हक जाने नोक्सान हुने वा आफूलाई वा अन्य कुनै व्यक्तिलाई फाइदा हुने गरी पेस गरेको वा काम गरेको भन्न मिल्ने देखिँदैन । प्रस्तुत मुद्दामा वादीले किर्ते भनी दाबी लिएको २९ थान लिखतहरूको सम्बन्धमा यकिन गर्न परीक्षणको लागि राष्ट्रिय विधिविज्ञान प्रयोगशालामा पठाएकोमा वादीबाट लिएको अङ्ग्रेजीको नमुना हस्ताक्षरहरू समकालीन नभएको र विवाद खडा भइसकेपछि लिएको नमुना हस्ताक्षर हुनाले वादीको नमुना हस्ताक्षरसँग प्रतिवादीले प्रमाणमा लिएको वादीको सही भएको विवादित लिखतहरूको हस्ताक्षरहरू आपसमा भिडाई जाँच गर्न नसकिएको भनी विशेषज्ञको राय प्राप्त हुन आएको सन्दर्भमा वादीले

किर्ते भनी दाबी लिएको लिखतहरू सद्दे किर्ते के हो भन्ने कुराको यकिन हुन सकेको पाइएन । फौजदारी मुद्दामा दाबी प्रमाणित गर्ने भार वादीमा निहित रहने कानूनी व्यवस्था रहेकोमा वादीले सो दायित्व पूरा गर्न सकेको नदेखिने ।

काठमाडौं जिल्ला अदालतबाट मिति २०६२।८।५ मा वादी दाबी पुग्न नसक्ने ठहर्‍याई भएको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६६।५।१ को फैसला कानूनसम्मत भइ मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : हरिप्रसाद आचार्य

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०७९ साल कात्तिक १४ गते रोज २ शुभम् ।

**२५**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७४-CI-०२७९, अंशदर्ता, वीरबहादुर प्रसाद भन्ने वीरबहादुर राउत वरै वि. जंगबहादुर राउत वरैसमेत*

विवादित कि.नं.१० को जग्गा र सोमा रहेको घरसमेत बुबा सत्यनारायण राउत बरैले र.नं.१७०८ मिति २०५१।७।२० को बकसपत्रबाट यी पुनरावेदक वीरप्रसाद वरैले पाएकोले प्रत्यर्थीलाई बन्डा लाग्ने होइन भनी वादीले लिएको पुनरावेदन जिकिरतर्फ हेर्दा, पुनरावेदक वादी र प्रत्यर्थीहरूबिच फिराद परेको अघिल्लो दिन अर्थात् मिति २०७१।२।५ गतेलाई मानो छुट्टिएको मिति कायम भएको अवस्था देखिन्छ । उक्त जग्गा पैत्रृक सम्पत्तिका रूपमा पुर्खादेखि नै स्व. सत्यनारायणको नाउँमा दर्ता रहेको र निजहरू एकासगोलमा रहेको अवस्थामा उक्त बकसपत्र दिने र लिने कार्य भएको देखिन्छ । एकाघरसँगका अंशियारहरूमध्ये जुनसुकै अंशियारको नाममा रहेको सम्पत्ति संगोलको सम्पत्ति हुने भनी अदालतले अनुमान गर्ने छ भन्ने प्रमाण ऐन, २०३१ को दफा ६(क) मा रहेको कानूनी व्यवस्थाको परिप्रेक्ष्मा विवादित कि.न.१० को जग्गा सबै अंशियारको सगोलको हकभोगको सम्पत्ति हुने भन्ने देखियो । यस अवस्थामा उक्त जग्गा निज वादीको निजी आर्जनको भई बन्डा नलाग्ने भनी मान्न मिलेन । पुनरावेदक वादीले आफूलाई जन्म दिने बुबा सत्यनारायणको अंश भागबाट समेत अंश पाउनुपर्ने भन्ने माग राखेको देखिन्छ । यी वादी वीरबहादुर आफ्ना ठुलोबाबु भरोस राउत वरैको धर्मपुत्र भई बसेको अवस्थामा सत्यनारायणको दाजु भरोस राउत वरैको हकवालाको हैसियतले २ भागको १ भाग अंश पाएको देखिन्छ भने सोहीसरहका अन्य अंशियारहरू लालविहारी र जंगबहादुरसमेतका अंशियारले सोभन्दा कम अंश पाउने स्थिति रहेको अवस्था पाइन्छ । मुलुकी ऐन, धर्मपुत्रको महलको ९ नं. मा धर्मपुत्रले आफूलाई जन्माउने बुवाको अंशमा दाबी गर्न पाउने छैन र अगाडि अंश पाई धर्मपुत्र हुन गएकोमा सो अंश फिर्ता गर्नुपर्दैन भन्ने कानूनी व्यवस्था रहेकोमा सोही कानूनी व्यवस्थालाई हालको मुलुकी देवानी संहिता, २०७४ को दफा १८० ले निरन्तरता प्रदान गरेको पाइन्छ । यसरी आफूलाई धर्मपुत्र राख्ने भरोस राउत नि:सन्तान रहेको अवस्थामा निजको भागमा पर्न आउने सम्पूर्ण अंश यी वादीले धर्मपुत्रको हैसियतले पाएको अवस्थामा पुन: आफूलाई जन्मदिने बाबु सत्यनारायणको भागबाट समेत कानूनबमोजिमको अंश पाउनुपर्छ भन्ने पुनरावेदन जिकिर उल्लिखित कानून र औचित्यका दृष्टिले मनासिब र न्यायोचित नदेखिँदा निजले प्राकृतिक बुबा सत्यनारायणको अंश भागबाट अंश पाउने अवस्था देखिँदैन । यस अवस्थामा सुरू अदालतबाट भएको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत हेटौंडाको फैसला कानूनसम्मत मिलेको देखियो । पुनरावेदक वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तायदाती फाँटवारीमा उल्लिखित दर्ता स्रेस्ता भिडेका जग्गालाई भरोस यादव वरै र सत्यनारायण राउत वरैकोबिच २ भाग लगाई भरोस यादव वरैको भागमा पर्ने एक भाग अंश यी पुनरावेदक वादीले पाउने र निजको नाममा दर्तासमेत हुने ठहर्‍याएको सुरू पर्सा

जिल्ला अदालतको मिति २०७१।३।१९ को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।२।१ को फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : शैलेन्द्र खड्का र हरिप्रसाद आचार्य

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल मङ्सिर २५ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७४-CI-०२८१, लिखत दर्ता बदर दर्ता, वीरबहादुर प्रसाद भन्ने वीरबहादुर राउत वरै वि. जंगबहादुर राउत वरैसमेत
- ०७४-CI-०२८०, नामसारी निर्णय दर्ता बदर, वीरबहादुर प्रसाद भन्ने वीरबहादुर राउत वरै वि. जंगबहादुर राउत वरैसमेत
- ०७४-CR-०३३६, जालसाजी, वीरबहादुर प्रसाद भन्ने वीरबहादुर राउत वरै वि. जंगबहादुर राउत वरैसमेत

**२६**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०६९-CR-०९६७, जालसाजी, सुरेन्द्रकुमार श्रेष्ठ वि. विष्णुश्वरी धौभडेलसमेत*

मृतक लक्ष्मीका नाउँमा भएका सम्पत्तिहरू प्रत्यर्थीहरूले मिति २०५८।८।१३ मा मालपोत कार्यालयबाट नामसारी निर्णय गराई दर्तासमेत गराएकोले उक्त नामसारी निर्णय र दर्तासमेत बदर गरी मेरा नाउँमा हक कायम नामसारी गराइपाउँ भनी वादीले पुनरावेदन जिकिर लिई यस अदालतमा दायर गरेको ०६९-CI-११८८ को नामसारी निर्णय बदर हक कायम मुद्दामा यी पुनरावेदक वादी मृतक लक्ष्मीको हकदार नदेखिएकोले सो सम्बन्धमा प्रमाणहरूको विस्तृत विवेचना भई पुनरावेदन अदालत पाटनको फैसला सदर हुने ठहरी आज यसै इजलासबाट फैसला भएको छ। परिणामतः जुन नामसारी निर्णय बदर गरी हक कायम गरिपाउँ भनी पुनरावेदक वादीले दाबी लिएको हो सो नामसारी निर्णय बदर नभई सुरूकै निर्णय सदर कायम रहेको अवस्थामा सोही नामसारी निर्णयको जरियाबाट यी प्रत्यर्थीहरूका नाउँमा आएका सम्पत्तिहरू प्रत्यर्थीहरूले लिनु दिनु गरी मिति २०६०।११।४ मा काठमाडौं जिल्ला अदालतबाट भए गरेको मिलापत्रलगायतको काम कारबाही जालसाजी तवरबाट भएको भन्ने नदेखिदा प्रस्तुत मुद्दामा वादी दाबी नपुग्ने ठहर गरी भएको पुनरावेदन अदालत पाटनको फैसलामा अन्यथा भएको नदेखिँदा परिवर्तन गरिरहनु परेन । पुनरावेदक वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६५।१०।१५ को फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत पाटनबाट भएको मिति २०६८।१।८ को फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : विनोदप्रसाद घिमिरे

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०७९ साल मङ्सिर २० गते रोज ३ शुभम्।

**२७**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७२-CI-१३५४, अंश भर्पाई बदर र अंशसमेत, गणेशबहादुर कार्कीसमेत वि. माधव कार्की*

वादी प्रतिवादीका बिच नाता सम्बन्धको कुरामा बिवाद देखिएन। प्रत्यर्थी वादी माधव कार्कीले मिति २०६६/११/१२ गतेका दिन र.नं. २११२ को अंश भरपाईको लिखत मालपोत कार्यालय ओखलढुङ्गाबाट पारित गरी बाबु गणेशबहादुर कार्कीबाट अंश बुझी लिई अलग (भिन्न) भएको तथ्य प्रमाणमा पेस भएको उक्त लिखतबाट देखियो । सम्पत्तिको स्थिति हेर्दासमेत भागशान्ति नमिलेको भनी मान्न सकिने पर्याप्त कारण देखिँदैन। पढे-लेखेका र उमेर पुगेका व्यक्ति वादीले कुनै झुक्यानमा परेर थोरै सम्पत्ति लिई अंश भर्पाईको

लिखत गरेको होला भनी विश्वास गर्न सकिने मनासिब आधार रहेको पाइएन। उमेर पुगेका जानकार व्यक्तिले एक पटक बाबुसँग केही सम्पत्ति लिई अंश बुझेको लिखत पारित गरेपछि पुन: अंशमा दाबी गर्न मिल्ने देखिँदैन। अंश बुझेको लिखत बदर गर्नुपर्ने कुनै उचित कारण खुल्न आएको पनि पाइएन। मालपोत कार्यालय ओखलढुङ्गाबाट पारित भएको अंश भपाई लिखतको प्रमाणित प्रतिलिपि हेर्दा बाबु गणेशबहादुर कार्कीबाट छोरा यी वादी माधव कार्कीले जिल्ला ओखलढुंगा, कुन्तादेवी ८ कि.नं. ३२५ को ०-७-३-२, कुन्तादेवी ९ कि.नं.१५ को ०-८-१-१ र कि.नं. २३४ को ०-९-२-३ को जग्गा प्राप्त गरेको भन्ने देखिन्छ । आफूले पाउने सम्पत्ति मालपोत कार्यालयबाट लिखत पारित गरी रीतपूर्वक वुझिसकेपछि नरमगरम मिलेन भनी पुन: दाबी गरेकोलाई मनासिब ठान्न नसकिने।

वादी माधव कार्की २०६६ सालमा नै निजका बाबु प्रतिवादी गणेशबहादुर कार्कीबाट अंश भर्पाई लिखत पारीत गरी छुट्टिई अलग भएको देखिँदा निजले पुन: अंशमा दाबी गर्न नपाउने भएकाले वादी माधव कार्कीको दाबी पुग्न सक्ने ठहर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७०/१२/१२ को फैसला त्रुटिपूर्ण देखिएकाले सो फैसला उल्टी भई वादीको फिरादपत्र दाबी पुग्न नसक्ने।

इजलास अधिकृत : हरिप्रसाद आचार्य

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०७९ साल मङ्सिर २५ गते रोज १ शुभम्।

**२८**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाश कुमार ढुंगाना,** *०६९-MS-००१४, कानून व्यवसायीको आचार संहिता उल्लङ्घनसम्बन्धी, रविन्द्र बज्राचार्य वि. अख्तियार* दुरूपयोग अनुसन्धान आयोग, काठमाडौं

पुनरावेदक रविन्द्र बज्राचार्यले अधिवक्ताको प्रमाणपत्र मिति ०५८ सालमा मात्र लिएको देखियो। निजलाई २०५५ सालमा गरेको कार्यको विषयलाई लिएर कानून व्यवसायीको आचारसंहिता उल्लङ्घन गरेको भनी नसिहत दिने निर्णय भएको पाइयो। कानून व्यवसायीको प्रमाणपत्र नलिएका समयमा भएको कार्यलाई आधार बनाई कानून व्यवसायीको आचारसंहिता उल्लङ्घन गरेको भनी सजाय गर्न मिल्ने देखिँदैन । कानून व्यवसायीको आचारसंहिता कानून व्यवसायीको रूपमा दरिएका व्यक्तिको हकमा लागु हुने हो, कानून व्यवसायीबाहेकका अन्य मानिसलाई सो आचारसंहिता लागु हुने देखिँदैन । यसरी हेर्दा पुनरावेदकलाई सजाय गर्ने भनी गरिएको निर्णय त्रुटिपूर्ण देखिने।

नेपाल कानून व्यवसायी परिषद्को अनुशासन समितिले स्पष्टीकरण नसोधी एक जना सदस्यको निर्देशनमा परिषद्का सचिवले स्पष्टीकरण सोध्ने कार्य गरेको पाइयो। कानून व्यवसायी आचारसंहिता, ०५१ को ३(१)(क) मा कानून व्यवसायीले नैतिकताका आधारभूत सिद्धान्तको प्रतिकूल हुने गरी कुनै कार्य गर्न नहुने व्यवस्था रहेको देखिन्छ । पुनरावेदक कानून व्यवसायीको रूपमा दरिएपछि अर्थात् २०५८ सालपछिको अवस्थामा कानून व्यवसायीको नैतिकताका आधारभूत सिद्धान्तको प्रतिकूल हुने के कार्य गरेको हो भन्ने तथ्ययुक्त आधार विवादित निर्णयमा खुल्न आएको देखिँदैन । भूमिसुधार तथा व्यवस्था मन्त्रालय तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णय र पत्रलाई आधार मानेर नसिहत दिने निर्णय गरिएको देखिन्छ। निर्णयकर्ताले आफ्नो स्वतन्त्र विवेक वा तजबिज अपनाई तथ्य र प्रमाणको आधारमा निर्णय गरेको भन्ने नदेखिने।

संवत् २०६१ सालको फौ.पु.नं. ३०६१ - अधिवक्ता सुन्दरलाल चौधरी विरूद्ध कानून व्यवसायी परिषद्, अनुशासन समिति भएको मुद्दामा यस अदालतबाट मिति २०६६/३/८ मा कानूनबमोजिम कारबाही गर्न पाउने अनुशासन समितिले स्पष्टीकरण नसोधी स्पष्टीकरण सोध्ने अधिकार नभएका सचिवले सोधेको स्पष्टीकरणका आधारमा गरिएको कारबाहीलाई

कानूनबमोजिम गरिएको कारबाही भन्न नसकिने भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ। प्रस्तुत विवादका सन्दर्भमा हेर्दा उल्लिखित सिद्धान्तको प्रतिकूल काम कारबाही गरेको देखिने।

पुनरावेदक रविन्द्र वज्राचार्यलाई नसिहतको सजाय दिने गरी भएको नेपाल कानून व्यवसायी परिषद् अनुशासन समितिको काम कारबाही तथा मिति २०६५/११/११ को निर्णय त्रुटिपूर्ण देखिएकाले उक्त निर्णय उल्टी हुने।

इजलास अधिकृत : हरिप्रसाद आचार्य

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०७९ साल कार्तिक १४ गते रोज २ शुभम्।

**२९**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाश कुमार ढुंगाना**, *०७८-WO-०२८५, उत्प्रेषण, अनुज बिक्रम थापा वि. श्री ललितपुर जिल्ला अदालत, लगनखेल, ललितपुरसमेत*

निवेदक अनुज बिक्रम थापा प्रतिवादी र नेपाल सरकार वादी भई ०७१-CR-००१७ को ठगी मुद्दा चलेको र सो मुद्दामा निवेदक/प्रतिवादी अनुज बिक्रम थापालाई १ वर्ष कैद र रू.८,२८,६०९/- जरिवाना हुने गरी ललितपुर जिल्ला अदालतबाट मिति २०७३।१२।११ मा फैसला भएको पाइयो। उल्लिखित ०७१-CR-००१७ को मुद्दामा निवेदक अनुज बिक्रम थापासमेतको नाउँमा जारी भएको सुरू म्याद बेरितसँग तामेल भएकोले सुनुवाइको मौका नपाएको भन्ने निवेदकको दाबी रहेको देखिन्छ। ठगी मुद्दामा निवेदकका नाममा ललितपुर जिल्ला अदालतबाट ३० दिने समाह्वान म्याद पुर्जी जारी भई म्याद तामेल गर्दा चोभार गा.वि.स. वडा नं. ३ हाल कीर्तिपुर न.पा. वडा नं. १३ भनी वतन उल्लेख गरी मिति २०७१/६/०२ मा तामेल गरिएको देखिन्छ। म्याद तामेल गर्दा जारी भएको म्याद निजको ठेगानामा टोल मार्ग गल्ली घर नं. सम्पर्क नं. समेत उल्लेख नभएको भनी कीर्तिपुर न.पा. वडा नं. १३ को वडा कार्यालयको सूचना पाटीमा टाँस गरी बेपत्ते तामेल भएको ठिक छ भनी सहीछाप गर्ने तपसिलका मानिसहरू भन्नेसम्म बेहोरा उल्लेख भई दुई जना साक्षीहरू र रोहबरमा वडा नं. १३ का वडाका सचिव भनी सहीसमेत गरेको पाइयो। ललितपुर जिल्ला अदालतले निज निवेदक प्रतिवादीको अभियोग पत्रमा उल्लिखित वतनबाहेक अरू वतन छ कि ? भनी अभियोजन पक्षलाई सोधनी हुँदा जवाफ नआएको बेहोरा ललितपुर जिल्ला अदालतको लिखित जवाफबाट देखिन्छ। निज निवेदकको नाममा जारी भएको बेपत्ते म्यादमा साक्षीको पहिचानसमेत स्पष्ट खुल्न सकेको पाइँदैन भने बेपत्ते म्याद तामेल भएपश्चात् राष्ट्रिय दैनिकमा म्याद सूचना प्रकाशन गर्नुपर्नेमा कानूनले तोकेको म्याद तामेलीको मापदण्डसमेत पूरा नगरेको कारणले म्याद रीतपूर्वक जारी भई तामेल भएको भनी मान्न मिलेन। निज निवेदक अनुज बिक्रम थापाको नाममा तामेल भएको म्याद बेपत्ते भई आएको देखिँदा मुलुकी ऐन, अ.ब. ११० नं. बमोजिम रीतपूर्वक तामेल भएको मान्न नमिल्ने।

कुनै व्यक्ति विरूद्ध लगाइएको आरोपको कानूनबमोजिम प्रतिरक्षा गर्न पाउने संवैधानिक अधिकार रहेको हुन्छ। कसैलाई पनि स्वच्छ सुनुवाइको हकबाट वञ्चित गर्न मिल्ने देखिँदैन। सुनुवाइको मनासिब मौका नदिई सजाय हुने ठहर गर्दा स्वच्छ सुनुवाइसम्बन्धी हकमा आघात पर्न जाने हुन्छ। प्राकृतिक न्यायको सिद्धान्त अनुसार कुनै पनि व्यक्तिलाई आफू विरूद्ध लागेको अभियोगको सम्बन्धमा पर्याप्त जानकारी नदिई मुद्दाको कारबाही किनारा गर्न मिल्ने देखिँदैन। ललितपुर जिल्ला अदालतबाट मुद्दा नं. ०७१-CR-००१७ मा निवेदकको नाममा जारी भएको म्याद बेपत्ते तामेल भएको र सो बेपत्ते म्याद तामेल भएको कारण निजले उक्त मुद्दामा प्रतिरक्षा गर्न नपाएको कुरामा विवाद देखिएन। आफूलाई लागेको आरोपमा प्रतिरक्षा गर्न पाउनु उसको नैसर्गिक हक हुने र विनासुनुवाइको मौका दिई निजलाई कैद तथा जरिवाना हुने गरी भएको फैसला कानूनसम्मत भएको मान्न नमिल्ने।

ललितपुर जिल्ला अदालतबाट यी निवेदक प्रतिवादीको नाममा ०७१-CR-००१७ को ठगी मुद्दामा जारी भई मिति २०७१।६।२ मा बेपत्ते तामेल भएको म्याद रीतपूर्वक तामेल भएको नदेखिएको र उक्त रीतपूर्वक तामेल नभएको म्यादको कारण निज निवेदकले आफूलाई लागेको आरोपको प्रतिरक्षा गर्न नपाई सुनुवाइको मौकाबाट वञ्चित भई निजलाई कैद र जरिवानासमेत हुने गरी ललितपुर जिल्ला अदालतबाट मिति २०७३।१२।११ मा भएको फैसला कानूनबमोजिम भएको नदेखिँदासमेत निजको हकमा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब निज निवेदकले प्रस्तुत फैसलाको जनाउ पाएको मितिले कानूनको म्यादभित्र अदालतमा उपस्थित हुन आए निजलाई अड्डाको रोहवरमा म्याद बुझाई कानूनबमोजिम जे जो गर्नुपर्ने हो गरी पुनः फैसला गर्नु भनी ललितपुर जिल्ला अदालतको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : शारदा फुयाल

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०७९ साल चैत ३ गते रोज ६ शुभम्।

- यसै लगाउको ०७८-WO-०२८६, उत्प्रेषण, अनुजबिक्रम थापा वि. श्री ललितपुर जिल्ला अदालत, लगनखेल, ललितपुरसमेत भएको यसै अनुसार फैसला भएको छ ।

३०

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७३-CI-१६७३, अंश चलन, सुन्तली सुनार्नी वि. कान्छी घतानीसमेत*

वादीका ससुरा एवं बाजे सेते सुनारका ५ छोराहरूमा क्रमशः जेठो प्रतिवादी सुन्तली सुनार्नीको पति ठुले सुनार, माइलो वादी कान्छी घतानीका पति गोपाल घतानी, साइँलो लाटो सुनार अविवाहित अवस्थामा नै परलोक भएको, काइँलो वादी सुर्जमान घतानीको बाबु कान्छा घतानी र कान्छो सेतो फर्सी भन्ने जगतबहादुर सुनार भएको देखिन्छ । वादी प्रतिवादीका बाजे बजै तथा सासू ससुराका साथै ठुले सुनार, गोपाल घतानी, कान्छा घतानी तथा जगतबहादुर सुनारसमेतको मृत्यु भइसकेको र सेतो फर्सी भन्ने जगतबहादुर सुनारले आफ्नो अंश हक मिति २०३४/१/१ मा लिई छुट्टी भिन्न भइसकेको भन्ने दाबी जिकिर रहेको छ। हाल ठुले सुनारकी श्रीमती प्रतिवादी सुन्तली सुनार्नी-१, गोपाल सुनारको श्रीमती वादी कान्छी घतानी-१ र कान्छा घतानीको छोरा वादी सुर्जमान घतानी-१ तथा सुर्जमानको भाई सानुबाबु घतानीको परलोक भई निजको हक खाने श्रीमती वादी वाली घतानी-१ समेत जना-३ (तीन) अंशियार नाताका रहेकोमा विवाद देखिँदैन। प्रतिवादीले व्यवहार प्रमाणबाट छुट्टी भिन्न भएको भनी जिकिर लिएबाट नै निजहरूबिच कानूनबमोजिम रीतपूर्वक बन्डा छुट्टिएको लिखत नभएको देखियो। यो यस व्यवहार प्रमाणबाट वादीहरूले अंश पाइसकेको भने पनि प्रतिवादीका तर्फबाट कुनै लिखत पेस गर्न सकेको देखिँदैन। यसरी प्रतिवादीले नातालाई स्वीकार गरी ठोस प्रमाणबाट अंशबन्डा भएको आफ्नो जिकिरलाई पुष्टी गर्न नसकेबाट वादी प्रतिवादीबिच अंशबन्डा हुनपर्ने नै देखिने।

प्रतिवादीले बन्डा नलाग्ने निजी आर्जनको भनी तायदाती फाँटवारीमा उल्लेख गरेको विवादित ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. ४(ख) कि.नं. ४७८ को जग्गाधनी बमविर विकटेश्वर गुठी तथा सुन्तली सुनार्नी घतानीको नाममा मोहीयानी दर्ता भएको घरजग्गाबाहेक वादीसँग अंश बन्डा गर्नुपर्ने सगोलको अन्य सम्पत्ति छ भनी उल्लेख गर्नसकेको छैन। विवादित कि.नं. ४७८ को घरजग्गा प्रतिवादीको पतिको नामबाट नामसारीसम्म गरी यी प्रतिवादी सुन्तली सुनार्नीले आफ्नो नाममा ल्याएको देखिँदा उक्त घरजग्गा सगोलको भई वादी प्रतिवादीहरूका बिच बन्डा लाग्ने प्रकृतिको नै रहेको देखिने।

वादी प्रतिवादीबिच नातामा विवाद नभएको, व्यवहार प्रमाणबाट अंश छुट्टिएको जिकिर लिए पनि

ठोस प्रमाणबाट प्रतिवादीले उक्त तथ्यलाई पुष्टि गर्न नसकेको तथा रीतपूर्वक अंशबन्डा भएको पारित लिखतसमेत पेस गर्न नसकेको, कि.नं. ४७८ को घरजग्गा बन्डा लाग्ने प्रकृतिको सगोलको सम्पत्ति देखिएकोले पुनरावेदन अदालत पाटनबाट भएको फैसलालाई अन्यथा भन्न मिलेन।

कि.नं. ४७८ बाट ३ भागको २ भाग अंश वादीले पाउने ठहर्‍याई भएको सुरू ललितपुर जिल्ला अदालतको मिति २०७२।८।१३ को फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७३।५।२७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : भेषराज कोइराला

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०७९ साल फागुन ५ गते रोज ६ शुभम्।

- यसै लगाउका ०७३-CI-१६७४, बहाल भराइ घरखाली गरिपाउँ, सुन्तली सुनार्नी वि. कान्छी घतानीसमेत भएको मुद्दामा यसै अनुसार फैसला भएको छ ।

३१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७४-CR-१८१६, सवारी अङ्गभङ्ग, नेपाल सरकार वि. शिवनारायण महतो*

मिति २०७२।५।२४ गते साँझ अ.१६:३० बजेको समयमा मुक्तिप्रसाद यादव र अखिलेशराम दुवै जना ध्रुव बस्नेतले चलाएको मोटर साइकलको पछाडि बसी जितपुरतर्फ जाँदै गर्दा जिल्ला बारा रामपुर टोकनी गा.वि.स. वडा नं. ३ स्थित सडक खण्डमा पुग्दा विपरीत दिशाबाट तिब्र गतिमा अनियन्त्रित भइआएको ना१त ८७५४ नं. को ट्रेक्टरले मोटर साइकललाई ठक्कर दिँदा दुर्घटना भई मुक्तिप्रसाद यादब र अखिलेश यादव दुवै जना गम्भीर घाइते भएकोमा मुक्तिप्रसाद यादवको उपचारको क्रममा दाहिने खुट्टाको घुँडाभन्दा माथिको भागदेखि काटी अङ्गभङ्ग भएको र अखिलेश रामको दाहिने खुट्टासमेत भाँचिएकोले ट्रेक्टर चालकलाई कारबाही गरिपाउँ भनी जाहेरी परेको पाइन्छ। घाइते मुक्तिप्रसाद यादवको दाहिने खुट्टाको घुँडाको माथिबाट काटिएको र शरीरको अन्य भागमा चोटपटक घाउ लागेको भन्नेसमेत बेहोराको कलेज अफ मेडिकल साइन्स टिचिङ्ग हस्पिटलको घाउ केस फाराम प्रतिवेदनमा उल्लेख भएको पाइन्छ । उपचारको क्रममा दाहिने खुट्टाको घुँडाको माथिको भागदेखि काटी अङ्गभङ्ग भएकोमा हालको अवस्था ठिक छ तर उपचारकै क्रममा रहेको छु भनी पीडित मुक्तिप्रसाद यादवले कागज गरेको देखिने।

ना१त ८७५४ नं. को ट्रेक्टर धनीको तर्फबाट सोनालाल साह तेली र ना२५प ९७६८ नं. को मोटरसाइकल चालक ध्रुव बस्नेत र उक्त नं. को मोटरसाइकलमा पछाडि बसेका घाइते अखिलेश राम र मुक्तिप्रसाद यादवसमेतका अभिभावक जाहेरवालाहरू राजवंशीप्रसाद यादव र अबिलाख रामसमेतको सहमतिमा घाइतेहरू ध्रुव बस्नेत, मुक्तिप्रसाद यादव र अखिलेशरामसमेतको औषधी उपचार खर्च ट्रेक्टर धनीले तिरिसकेको, अब लाग्ने औषधी उपचार खर्चसमेत तिर्ने र घाइते मुक्तिप्रसाद यादवको दाहिने खुट्टाको घुँडाको माथिको भागदेखि काटी अङ्गभङ्ग भएको हुँदा क्षतिपूर्तिबापतको रकम रू.२,००,०००।- (दुई लाख) घाइते मुक्तिप्रसाद यादवको बुबा राजवंशीप्रसाद यादवले बुझिसकेको भनी दुवै पक्षको सहमतिमा कागजसमेत भएको पाइने।

प्रतिवादीले चलाएको ना१त ८७५४ नं.को ट्रेक्टर र पीडित मुक्तिप्रसाद यादवसमेत चढेको ना२५प ९७६८ नं. को मोटरसाइकल एकआपसमा ठोक्किन गई दुर्घटना हुन गएको तथ्यमा सम्म विवाद देखिएन। उक्त दुर्घटनाबाट मोटरसाइकल चालक ध्रुव बस्नेतसहित मुक्तिप्रसाद यादव र अखिलेश रामसमेत घाइते भएकोमा ध्रुव बस्नेत र अखिलेस यादव उपचारपश्चात् निको भएको देखिन्छ भने घाइतेमध्येका मुक्तिप्रसाद यादवको उपचारको क्रममा दाहिने खुट्टाको घुँडाभन्दा माथिको भाग काटिई अङ्गभङ्ग भएको

देखिन्छ । एउटा मोटर साइकलमा पीडितहरू जना तीन सवार भएको तथ्यमा समेत मुख मिलेकै अवस्था छ । प्रतिवादीले चलाएको मालवाहक ट्रेक्टरको गतिभन्दा मोटर साइकलको गति तीब्र हुन सक्ने सहजै अनुमान गर्न सकिन्छ । पीडितहरू जना तीन एउटा मोटरसाइकलमा तीव्र गतिमा सवार भएको कारण सवारी साधन अनियन्त्रित हुन गई दुर्घटना हुन सक्ने अवस्थालाई समेत अन्यथा भन्न नसकिने ।

प्रत्यर्थी प्रतिवादी शिवनारायण यादवले बदनियतसाथ सवारी दुर्घटना गराई पीडित मुक्तिप्रसाद यादवको अङ्गभङ्ग भएको तथ्य पुष्टि हुन नआएको, घाइते मुक्तिप्रसाद यादवको अङ्गभङ्ग भएको भनी क्षतिपूर्तिबापतको रकम रू.२,००,०००।- (दुई लाख) समेत घाइते मुक्तिप्रसाद यादवको बुबा जाहेरवाला राजवंशीप्रसाद यादवले बुझिसकेको तथ्य, घटनाको स्वरूप र प्रकृति, पीडितहरू जना तीन एउटै मोटरसाइकलमा सवार भएको अवस्थासमेतका कारणले उच्च अदालतबाट भएको फैसलालाई कानूनप्रतिकूल मान्न नमिल्ने ।

तसर्थ, माथि उल्लिखित आधार, कारण, तथ्य र प्रमाणसमेतबाट सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६२(१) बमोजिम प्रतिवादीलाई तजबिजी सजाय रू.५,०००।- जरिवाना हुने ठहऱ्याएको सुरू अदालतको फैसला केही उल्टी गरी प्रतिवादीलाई १५ (पन्ध्र) दिन कैद पनि हुने ठहऱ्याएको उच्च अदालत जनकपुर, वीरगन्ज इजलासको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : भेषराज कोइराला

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल मङ्सिर १ गते रोज ५ शुभम् ।

**३२**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-RB-०७२४, बैंकिङ कसुर, नेपाल सरकार वि. दुर्गादेवी शाहीसमेत*

प्रतिवादी दुर्गादेवी शाहीउपर चेक अनादर भएको कुरालाई लिएर बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुरमा दफा १५(१) बमोजिम सजायको मागदाबी लिई अभियोगपत्र दायर भएको पाइयो । प्रस्तुत मुद्दामा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ आकर्षित नहुने, विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७क.आकर्षित हुने भन्ने आधारमा उच्च अदालतबाट अभियोगपत्र नै खारेज हुने ठहर गरेको पाइने ।

वादी नेपाल सरकार प्रतिवादी निर्मला सोडारी भएको ०७६-NF-००११ को बैंकिङ कसुर मुद्दामा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुरमा मुद्दा चलाउन पाउने हो या विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा १०७क. अनुसार मुद्दा दायर गर्न पाउने हो भन्ने विषयमा पीडितले रोजेको कानूनी उपचारको मार्गलाई अदालतले इन्कार गर्नसक्ने अवस्था देखिँदैन" भनी यस अदालतको पूर्ण इजलासबाट सिद्धान्त प्रतिपादन भएको देखिन्छ । यसरी प्रतिपादित सिद्धान्तका आधारमा हेर्दा प्रस्तुत मुद्दा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ बमोजिम वादी नेपाल सरकार भई चल्ने नै देखिन आउँछ । तसर्थ, व्यक्तिवादी भई विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा १०७क. बमोजिम चलाइनुपर्ने भनी मुद्दा खारेज हुने ठहर गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको मिति २०७५/१०/२३ को फैसला त्रुटिपूर्ण देखिँदा सो फैसला बदर गरिएको छ । अब यसमा प्रमाण बुझ्नेलगायत अरू जो जे प्रक्रिया पूरा गर्नुपर्छ सो प्रक्रिया पूरा गरी मुद्दाको तथ्यमा प्रवेश गरी पुन: कानूनबमोजिम इन्साफ (फैसला) गर्नु भनी प्रस्तुत मुद्दाको सुरू मिसिलसमेत उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासमा पठाइदिने ।

इजलास अधिकृत : शैलेन्द्र खड्का

इति संवत् २०७९ साल माघ १२ गते रोज ५ शुभम् ।

**३३**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-RB-०६६४, बैंकिङ कसुर, नेपाल*

*सरकार वि. शोभाराम डगौरा*

प्रतिवादी शोभाराम डगौराउपर चेक अनादर भएको कुरालाई लिएर बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुरमा दफा १५(१) बमोजिम सजायको मागदाबी लिई अभियोगपत्र दायर भएको पाइयो । निज प्रतिवादी अभियोगपत्रसाथ वा मुद्दा पुर्पक्षको क्रममा हालसम्म पनि उपस्थित हुन आएको देखिँदैन । निज प्रतिवादीका नाउँमा उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट सुरू म्यादसम्म पनि जारी गरिएको पाइएन । बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ आकर्षित नहुने, विनिमेय अधिकार पत्र ऐन, २०३४ को दफा १०७क. आकर्षित हुने भन्ने आधारमा अभियोगपत्र नै खारेज हुने ठहर गरेको पाइयो ।

वादी नेपाल सरकार प्रतिवादी निर्मला सोडारी भएको ०७६-NF-००११ को बैंकिङ कसुर मुद्दामा "बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुरमा मुद्दा चलाउन पाउने हो या विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा १०७क. अनुसार मुद्दा दायर गर्न पाउने हो भन्ने विषयमा पीडितले रोजेको कानूनी उपचारको मार्गलाई अदालतले इन्कार गर्न सक्ने अवस्था देखिँदैन" भनी यस अदालतको पूर्ण इजलासबाट सिद्धान्त प्रतिपादन भएको देखिन्छ । यसरी प्रतिपादित सिद्धान्तका आधारमा हेर्दा प्रस्तुत मुद्दा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ बमोजिम वादी नेपाल सरकार भई चल्ने नै देखिन आउँदछ । तसर्थ, व्यक्तिवादी भई विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा १०७क. बमोजिम चलाइनुपर्ने भनी मुद्दा खारेज हुने ठहर गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको मिति २०७५/८/१९ को फैसला त्रुटिपूर्ण देखिँदा सो फैसला बदर गरिएको छ । अब यसमा प्रतिवादीका नाउँमा समाह्वान जारी गर्ने, रीतपूर्वक तामेल गराउने, निज प्रतिवादी उपस्थित हुन आएमा बयान गराउने, थुनछेक आदेश गर्ने, प्रमाण बुझ्नेलगायत अरू जो जे प्रक्रिया पूरा गर्नुपर्छ सो प्रक्रिया पूरा गरी मुद्दाको तथ्यमा प्रवेश गरी पुन: कानूनबमोजिम इन्साफ (फैसला) गर्नु भनी प्रस्तुत मुद्दाको सुरू मिसिलसमेत उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासमा पठाइदिने ।

इजलास अधिकृत : शैलेन्द्र खड्का

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०७९ साल माघ १२ गते रोज ५ शुभम् ।

## ३४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-WO-१२९१, उत्प्रेषण, निरोज नेपालीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

निवेदकमध्येका निरोज नेपालीले १०+२ मा विज्ञान विषय उत्तीर्ण गरी वि.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट Certificate In Operation Theatre And Allied Sciences Technology (Two Year Course) Bachelor of Science in Operation Theatre And Allied Sciences (Three Years Course) को शैक्षिक योग्यता प्राप्त गरेको देखिन्छ भने निवेदक रोहितकुमार सिंहले १०+२ मा मूल Science विषय उत्तीर्ण गरी ऐ. विषयमा ३ वर्षे B.Sc. तथा निवेदक मनोजकुमार चौधरीले १०+२ मा Science विषय लिई ऐ. प्रतिष्ठानबाट २ वर्षे प्रमाण पत्र प्राप्त गरेको पाइयो । निवेदक वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट मूल एनेस्थेसिया विषय लिई Operation Theatre Care सम्बन्धी विशेष अध्ययन गरी योग्यता प्राप्त गरेका प्राविधिक जनशक्ति भएको देखिन्छ । निवेदकमध्येको निरोज नेपालीले प्राप्त गरेको उक्त शैक्षिक योग्यतालाई नेपाल स्वास्थ्य व्यवसायी परिषद्ले दर्ता नं. A-T४७ OP. Tech भनी मिति २०७२।११।११ मा, निवेदक रोहितकुमार सिंहले प्राप्त गरेको प्रमाणपत्रलाई दर्ता नं. A-T ४८ OT. Tech भनी मिति २०७२।११।२० मा र निवेदक मनोजकुमार चौधरीले प्राप्त गरेको प्रमाणपत्रलाई दर्ता नं. B-१२ OT. Tech सन् २९।१२।२००५ मा दर्ता गरेको

पाइयो । वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले मिति २०७३।०७।०९ तथा २०७४।१।२२ मा प्रमाणित गरेको बेहोरामा "Certificate In Operation Theatre And Allied Sciences (OT&AS) सम्बन्धी २ वर्षे तथा Bachelor of Science in Operation Theatre And Allied Sciences (Bsc.OT&AS) Technologies सम्बन्धी ३ वर्षे Course उत्तीर्ण गरेका विद्यार्थीहरूलाई उपलव्ध गराइएको प्रमाणपत्रमा Anesthesia भन्ने शब्द उल्लेख नभए तापनि दुवै तहको Course को मुख्य उद्देश्य Anaestheciology विषयमा Assistant / Technecian र Technologist पदका लागि सक्षम प्राविधिक बनाउनुभएको बेहोरा प्रमाणित गरिन्छ" भनी उल्लेख गरेको देखिने ।

उल्लिखित शैक्षिक योग्यताको आधारमा निवेदकहरूले लोक सेवा आयोग पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय धनकुटाको सूचना नं. ७९६/०७२-७३ विज्ञापन नं. १०१२८/०७२-७३ पद एनेस्थेटिक सहायक, स्वास्थ्य सेवा, समूह विविध, तह पाँचौँ खुल्ला प्रतियोगिता, माग पद सङ्ख्या ३ मा दरखास्त दिनुको साथै निवेदक निरोज नेपालीले ऐ. सूचनाको विज्ञापन नं. १०१३२ /०७२/७३ ऐ. पद समूह उपसमूहको समावेशी दलितमा, निवेदक रोहितकुमार सिहले ऐ. सूचनाको विज्ञापन नं. १०१३१/०७२/७३ को ऐ. पद समूह उपसमूहको समावेशी मधेशीमा र निवेदक मनोजकुमार चौधरीले ऐ. सूचनाको विज्ञापन नं. १०१३०/०७२-७३ ऐ. पद समूह, उपसमूहको समावेशी आदिवासी जनजातिमा दरखास्त दिई लोकसेवा आयोगको मिति २०७३।०५।१६ को प्रकाशित सूचना नं. १४६/०७३/७४ अनुसार लिखित परीक्षा उत्तीर्ण भई अन्तर्वार्ताको लागि छनौट भई मिति २०७३/०७/८ मा अन्तर्वार्तासमेत भएको देखिने ।

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम १५(१) सँग सम्बन्धित अनुसूची ६ ले Anaesthesia उपसमूह पाँचौँ तहको न्यूनतम योग्यतामा हेल्थ असिस्टेन्ट, स्टाफनर्स, अ.हे.व. वा अ.न.मी. कोर्स उत्तीर्ण गरी कम्तीमा ३ महिनाको Anaesthesia को तालिम प्राप्त हुनुपर्ने र त्यसै गरी अधिकृत सातौँ तहको योग्यता आई.एस.सी. हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स कोर्ष उत्तीर्ण गरी Anaesthesia विषयमा स्नातक तह उत्तीर्ण वा एनेस्थेसिया विषयमा १ वर्षको तालिम प्राप्त हुनुपर्ने भनी न्यूनतम शैक्षिक योग्यता तोकिएको देखिन्छ । निवेदकहरूको योग्यतालाई उपरोक्तानुसारको पाँचौँ तहको पदको लागि न्यूनतम योग्यता मानी लोकसेवा आयोगले दरखास्त स्वीकार गरी निवेदकलाई प्रतिस्पर्धामा सहभागी गराई लिखित परीक्षा पास गरेपश्चात् अन्तर्वार्तामा समेत सहभागी गराएको देखिन्छ । निवेदक आइ.एस. सी. समकक्ष १०+२ उत्तीर्ण रहेको, प्रमाण पत्र तह Anaesthesia मा २ वर्ष र स्नातक ३ वर्षको योग्यता पूरा गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा समेत दर्ता भएको तथ्य मिसिल संलग्न प्रमाण कागजबाट देखिन्छ। साथै, प्रस्तुत निवेदनमा उठाइएको विषयसँग सम्बन्धित निवेदक राधेश्याम शाहसमेत र प्रत्यर्थी लोक सेवा आयोगसमेत भएको ०७३-WO-१३४० को उत्प्रेषणसमेत मुद्दामा यस अदालतबाट मिति २०७४।८।२४ मा "निवेदकहरूको डिग्री B.SC. in Anaesthesia Technology भएको अवस्थामा तोकिएको शैक्षिक योग्यताभन्दा उच्च श्रेणीको शैक्षिक योग्यता भएको देखिन्छ । माथिल्लो श्रेणीको लागि शैक्षिक योग्यता पुगिरहेकोमा सो पदभन्दा मुनिका पदमा चाहिने शैक्षिक योग्यता नै नपुगेको भनी अर्थ गरी निवेदकहरूको दरखास्त रद्द गरिएकोलाई तर्कसम्मत र विवेकसम्मत मान्न मिलेन" भनी फैसला/आदेशसमेत भएको पाइने ।

निवेदकले वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट मूल विषय Anesthesia को साथै Operation Theatre को Special Care गर्ने विशेष योग्यता प्राप्त गरेको देखिएको, उक्त तथ्यलाई वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको मिति

२०७३।७।९ को पत्रले प्रमाणित गरेको, निवेदकले प्राप्त गरेको उक्त शैक्षिक योग्यतालाई नेपाल स्वास्थ्य व्यवसायी परिषद्ले दर्ता गरी मान्यता दिएको, यस अदालतबाट ०७३-WO-१३४० को रिट निवेदनमा भएको आदेशले प्रस्तुत निवेदनमा उठाइएको विवादित विषयको निरोपण गरेको, निवेदकको शैक्षिक योग्यतालाई न्यूनतम शैक्षिक योग्यता मानी स्वयम् लोक सेवा आयोगले निवेदकको दरखास्त फाराम स्वीकृत गरी लिखित तथा मौखिक प्रतिस्पर्धामा समेत सहभागी गराएबाट निवेदकको विज्ञापित पाँचौँ तहको पदमा न्यूनतम शैक्षिक योग्यता नपुगेको भन्ने लोक सेवा आयोगको मिति २०७४।२।१८ को निर्णय त्रुटिपूर्ण देखिने।

विज्ञापित पाँचौँ तहको पदका लागि न्यूनतम योग्यता नपुगेको भनी प्रतिस्पर्धा सूचीबाट निवेदकहरूको नाम हटाएको हदसम्म प्रत्यर्थी लोक सेवा आयोगको निर्णय उत्प्रेषणको आदेशले बदर हुन्छ। योग्यता पुगेको भन्ने आधारमा लोक सेवा आयोगबाट नाम सिफारिस भई लगभग ५ वर्षदेखि कार्यरत पशुपति चौधरीसमेतका प्रत्यर्थीहरूको नियुक्ति नै बदर गर्ने गरी निर्णय गर्नु समन्यायिक दृष्टिले मनासिब नहुने भएकोले उम्मेदवार नियुक्तिका लागि सिफारिस गरेको हदसम्म निर्णय बदर गर्न परेन । विज्ञापित पदमा उम्मेदवार हुनका लागि निवेदकहरूको योग्यता पुगेको देखिँदा अब हुने विज्ञापनका सन्दर्भमा निवेदकहरू सामेल हुन आएमा सामेल गर्नु गराउनु भनी प्रत्यर्थीहरूको नाममा परमादेश जारी हुने।

इजलास अधिकृत : भेषराज कोइराला

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल मङ्सिर २६ गते रोज २ शुभम्।

३५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-WO-०३७०, उत्प्रेषण, निरोज नेपालीसमेत वि. नेपाल सरकार, शिक्षा मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत*

निवेदकहरू स्वयंले लोक सेवा आयोगबाट वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रमाणपत्र र स्नातकको योग्यतालाई विज्ञापित पाँचौँ तहको पदको लागि तोकिएको योग्यतासँग नमिल्ने भनी दरखास्त फाराम तथा योग्यता सूचीबाट नाम हटाउने गरी निर्णय भइसकेको भनी स्पष्ट दाबी लिन सकेको देखिँदैन। प्रत्यर्थीमध्येको लोक सेवा आयोगले निवेदकहरूले उठाएको विवादित विषयका सम्बन्धमा कुनै पनि निर्णय भई नसकेको र निर्णय प्रक्रियामा नै रहेको भनी लिखित जवाफमा बेहोरा खुलाएको पाइन्छ। निवेदकले निवेदन दाबी अनुसार लोक सेवा आयोगबाट आफूहरूलाई योग्यता सूचीबाट हटाउने गरी निर्णय भएको भनी प्रमाणतः पुष्टि गर्न सकेको देखिँदैन। यसरी, निवेदकको दाबी अपरिपक्व वा निर्णय भई नसकेको (Pre-Mature) विषयसँग सम्बन्धित रहेको देखिँदा प्रस्तुत रिट निवेदनको सान्दर्भिकता नदेखिने।

तसर्थ, माथि उल्लिखित आधार र कारणसमेतबाट निवेदकहरूले प्रत्यर्थीहरूबाट आफूहरूलाई अन्यायपूर्वक प्रतिस्पर्धाको योग्यता सूचीबाट हटाउने गरी निर्णय भएको भनी प्रमाणतः पुष्टि गर्न सकेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : भेषराज कोइराला

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल मङ्सिर २६ गते रोज २ शुभम्।

**३६**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७३-WO-०३८९, उत्प्रेषण, राजिवकुमार चौधरी वि. नेपाल सरकार, स्वास्थ्य मन्त्रालय रामशाहपथ, काठमाडौंसमेत*

निवेदकले १०+२ मा विज्ञान विषय उत्तीर्ण गरी वि.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट Certificate In Operation Theatre And Allied Science Technology (Two Year Course) Bachelor of Science in Operation Theatre And Allied Sciences (Three Years Course)

को शैक्षिक योग्यता प्राप्त गरेको देखिन्छ। वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले मिति २०७३।०७।०९ मा प्रमाणित गरेको बेहोरामा "Certificate In Operation Theatre And Allied Science (OT&AS) सम्बन्धी २ बर्षे तथा Bachelor of Science in Operation Theatre And Allied Sciences (Bsc. OT&AS) Technologies सम्बन्धी ३ वर्षे Course उत्तीर्ण गरेका विद्यार्थीहरूलाई उपलब्ध गराइएको प्रमाणपत्रमा Anesthesia भन्ने शब्द उल्लेख नभए तापनि दुवै तहको Course को मुख्यः उद्वेश्य Anaestheciology विषयमा Assistant/Technecian र Technologist पदका लागि सक्षम प्राविधिक बनाउनुभएको बेहोरा प्रमाणित गरिन्छ" भनी उल्लेख गरेको देखिन्छ । निवेदकले प्राप्त गरेको उक्त शैक्षिक योग्यतालाई नेपाल स्वास्थ्य व्यवसायी परिषद्ले दर्ता नं. A-T३६ OT. Tech भनी मिति २०७२।११।१८ मा दर्ता गरेको पाइयो । उल्लिखित शैक्षिक योग्यताको आधारमा निवेदकले लोक सेवा आयोग मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय काठमाडौंको सूचना नं. ७९६/०७२-७३ विज्ञापन नं. ११४३१/०७२-७३ पद एनेस्थेटिक सहायक, स्वास्थ्य सेवा, समूह विविध, तह पाँचौँ, समावेशी आ.ज. माग पद सङ्ख्या १ मा दरखास्त दिई लिखित तथा अन्तर्वार्तामा समेत सहभागी भएको अवस्था देखिने।

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम १५(१) सँग सम्बन्धित अनुसूची ६ मा Anaesthesia उपसमूह पाँचौँ तहको न्यूनतम योग्यतामा हेल्थ असिस्टेन्ट, स्टाफनर्स, अ.हे.व. वा अ.न.मी. कोर्ष उत्तीर्ण गरी कम्तीमा ३ महिनाको Anaesthesia को तालिम प्राप्त हुनुपर्ने र त्यसै गरी अधिकृत सातौँ तहको योग्यता आई.एस्सी. हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स कोर्स उत्तीर्ण गरी Anaesthesia विषयमा स्नातक तह उत्तीर्ण वा एनेस्थेसिया विषयमा १ वर्षको तालिम प्राप्त हुनुपर्ने भनी न्यूनतम शैक्षिक योग्यता तोकिएको देखिन्छ । निवेदकको योग्यतालाई उपर्युक्तानुसारको पाँचौँ तहको पदको लागि न्यूनतम योग्यता मानी लोकसेवा आयोगले दरखास्त स्वीकार गरी निवेदकलाई प्रतिस्पर्धामा सहभागी गराई लिखित परीक्षा पास गरेपश्चात् अन्तर्वार्तामा समेत सहभागी गराएको देखिन्छ । निवेदक आइ.एस्सी. समकक्ष १०+२ उत्तीर्ण रहेको, प्रमाणपत्र तह Anaesthesia मा २ वर्ष र स्नातक ३ वर्षको योग्यता पूरा गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा समेत दर्ता भएको तथ्य मिसिल संलग्न प्रमाण कागजबाट देखिन्छ । साथै, प्रस्तुत निवेदनमा उठाइएको विषयसँग सम्बन्धित निवेदक राधेश्याम शाहसमेत र प्रत्यर्थी लोक सेवा आयोगसमेत भएको ०७३-WO-१३४० को उत्प्रेषणसमेत मुद्दामा यस अदालतबाट मिति २०७४।८।२४ मा "निवेदकहरूको डिग्री B.Sc. in Anaesthesia Technology भएको अवस्थामा तोकिएको शैक्षिक योग्यताभन्दा उच्च श्रेणीको शैक्षिक योग्यता भएको देखिन्छ । माथिल्लो श्रेणीको लागि शैक्षिक योग्यता पुगिरहेकोमा सो पदभन्दा मुनिका पदमा चाहिने शैक्षिक योग्यता नै नपुगेको भनी अर्थ गरी निवेदकहरूको दरखास्त रद्द गरिएकोलाई तर्कसम्मत र विवेकसम्मत मान्न मिलेन" भनी फैसला/ आदेश भएको पाइने।

यसरी, निवेदकले वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट मूल विषय Anesthesia को साथै Operation Theatre को Special Care गर्ने विशेष योग्यता प्राप्त गरेको देखिएको, उक्त तथ्यलाई वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको मिति २०७३।७।९ को पत्रले प्रमाणित गरेको, निवेदकले प्राप्त गरेको उक्त शैक्षिक योग्यतालाई नेपाल स्वास्थ्य व्यवसायी परिषद्ले दर्ता गरी मान्यता दिएको, यस अदालतबाट ०७३-WO-१३४० को रिट निवेदनमा भएको आदेशले प्रस्तुत निवेदनमा उठाइएको विवादित विषयको निरूपण गरेको, निवेदकको शैक्षिक योग्यतालाई न्यूनतम शैक्षिक योग्यता मानी स्वयम् लोक सेवा आयोगले निवेदकको दरखास्त फाराम

स्वीकृत गरी लिखित तथा मौखिक प्रतिस्पर्धामा समेत सहभागी गराएबाट निवेदकको विज्ञापित पाँचौँ तहको पदमा न्यूनतम शैक्षिक योग्यता नपुगेको भन्ने लोक सेवा आयोगको निर्णय त्रुटिपूर्ण देखिने।

तसर्थ, माथि उल्लिखित आधार र कारणसमेतबाट विज्ञापित पाँचौँ तहको पदका लागि न्यूनतम योग्यता नपुगेको भनी प्रतिस्पर्धा सूचीबाट निवेदकको नाम हटाएको हदसम्म प्रत्यर्थी लोक सेवा आयोगको निर्णय उत्प्रेषणको आदेशले बदर हुन्छ। योग्यता पुगेको भन्ने आधारमा लोक सेवा आयोगबाट नाम सिफारिस भई लगभग ५ वर्षदेखि कार्यरत प्रत्यर्थी गुनबहादुर महतोको नियुक्ति नै बदर गर्ने गरी निर्णय गर्नु समन्यायिक दृष्टिले मनासिब नहुने भएकोले उम्मेदवार नियुक्तिका लागि सिफारिस गरेको हदसम्म निर्णय बदर गर्नु परेन। विज्ञापित पदमा उम्मेदवार हुनका लागि निवेदकको योग्यता पुगेको देखिँदा अब हुने विज्ञापनका सन्दर्भमा निवेदक सामेल हुन आएमा सामेल गर्नु गराउनु भनी प्रत्यर्थीहरूको नाममा परमादेश जारी हुने।

इजलास अधिकृत : भेषराज कोइराला

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल मङ्सिर २६ गते रोज २ शुभम्।

**३७**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७६-WO-०४७७, उत्प्रेषण, पिताम्बरप्रसाद आचार्य वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

आर्थिक ऐन, २०७५ को दफा २३ मा "संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएका सामाजिक संस्थाहरूले आर्थिक वर्ष २०७४/०७५ को आय विवरण तथा सो अनुसार लाग्ने कर संवत् २०७५ साल पौष मसान्तभित्र बुझाएमा त्यस्ता संस्थाले आर्थिक वर्ष २०७४/०७५ भन्दा अघिका वर्षहरूको कुनै पनि किसिमको विवरण, कर, जरिवाना, थप दस्तुर, शुल्क तथा ब्याज बुझाउनुपर्ने छैन" भन्ने व्यवस्था रहेको देखिन्छ। निवेदक विकास आयोजना सेवा केन्द्र (डिप्रोक्स-नेपाल) संस्था दर्ता ऐन, २०३४ अन्तर्गत मिति २०५०/६/१० मा जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा गैरसरकारी संस्थाको रूपमा दर्ता भएकोमा विवाद देखिँदैन। यो संस्थाले वित्तीय मध्यस्थता ऐन, २०५५ बमोजिम लघुवित्त कार्यक्रमसमेत सञ्चालन गरिआएकोमा नेपाल राष्ट्र बैंकको निर्देशानुसार मिति २०७२/१/७ मा लघुवित्त बैंकमा परिणत भई मिति ०७२/२/१ देखि कम्पनीको रूपमा स्थापित भएकोमा निवेदक संस्थासमेत सेयरधनी रही नाडेप लघुवित्त वित्तीय संस्थाको रूपमा क्रियाशील रहेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा २(ध)(१) को खण्ड (क) अनुसार गैरसरकारी संस्थाहरू आयकर छुट हुने संस्थाका रूपमा परिभाषित भएको र निवेदक संस्थालाई समेत कर कार्यालयबाट मिति २०६१/५/१ मा आयकर छुटको प्रमाणपत्र प्रदान भएकोमा समेत विवाद नदेखिने।

आर्थिक ऐन, २०७५ को दफा २३ ले स्पष्ट रूपमा संस्था दर्ता ऐन, ०३४ अन्तर्गत दर्ता भएका सामाजिक संस्थाले आ.व. २०७४/०७५ को आय विवरण तथा सो अनुसार लाग्ने कर संवत् २०७५ साल पौष मसान्तभित्र बुझाएमा ०७४/०७५ भन्दा अघिका वर्षहरूको कुनै पनि किसिमको विवरण, कर, जरिवाना, थप दस्तुर, शुल्क तथा ब्याज बुझाउनुपर्ने छैन भन्ने कानूनी व्यवस्थाका आधारमा संवैधानिक इजलासबाट भएको फैसला तथा आर्थिक ऐन, २०७५ को दफा २३ मा भएका कानूनी व्यवस्थाको गलत अर्थ गरी बक्यौता रहेको करको हकमा उक्त दफा लागु हुन नसक्ने भनी बेमुनासिब तर्क गरी आ.व. ०५६/०५७ देखि ०६७/०६८ सम्मको कर दाखिला गर्न भनी गरिएका निर्णय, पत्राचारलगायतका काम कारबाही कानूनअनुकूल भएको देखिएन। कानूनप्रतिकूल कसैबाट पनि कर असुल गर्न मिल्ने नदेखिएकाले प्रत्यर्थीहरूबाट भएका काम कारबाहीलाई त्रुटिपूर्ण मान्नुपर्ने।

आन्तरिक राजश्व कार्यालय त्रिपुरेश्वरको

बक्यौता रकम दाखिल गर्नेसम्बन्धी मिति २०७६/८/९ प.सं. ०७६/०७७ च.नं. ४६४ को पत्र र सो सम्बन्धित निर्णय उत्प्रेषणको आदेशले बदर गरिएको छ। आर्थिक ऐन, २०७५ को दफा २३ तथा यस अदालतको संवैधानिक इजलासबाट मिति २०७५/८/२६ मा भएको आदेशको प्रतिकूल हुने गरी आ.व. ०७४/०७५ भन्दा अघिको कर, शुल्क, ब्याज, जरिवाना आदि असुल गर्ने कार्य नगर्नु नगराउनु भनी प्रत्यर्थीहरूका नाममा प्रतिषेधमिश्रित परमादेश जारी हुने।

इजलास अधिकृत : भेषराज कोइराला

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०७९ साल मङ्सिर २६ गते रोज २ शुभम्।

**३८**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७३-WO-०००३, उत्प्रेषण, पिताम्बरप्रसाद आचार्य वि. नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदक संस्थालाई प्रत्यर्थी कर कार्यालयबाट आ.व. ०५६/०५७ देखि आ.व. ०६७/०६८सम्मको कर निर्धारण गर्ने निर्णयउपर परेको उल्लिखित ०७१-WS-००११ को रिट निवेदनमा यस अदालतको संवैधानिक इजलासबाट मिति २०७५/८/२६ मा आदेश हुँदा आयकर लाग्ने वा नलाग्ने सम्बन्धमा व्याख्या र विवेचना भई रिट निवेदकहरूले आर्थिक ऐन, २०७५ को दफा २३ बमोजिम कर चुक्ता गरी कर चुक्ताको प्रमाणपत्रसमेत प्राप्त गरिसकेको हुँदा निवेदकको मागसमेत सम्बोधन भइसकेको अवस्था देखिएकोले निवेदकले चुनौती दिएको कानूनी व्यवस्थाको संवैधानिकतातर्फ विचार गरिरहन परेन" भनी निर्णय भएको देखिन्छ। प्रत्यर्थी कर कार्यालयबाट आ.व. ०५६/०५७ देखि आ.व. ०६७/०६८ सम्मको कर निर्धारण गर्ने निर्णयमा निवेदकबाट उठाइएको प्रश्न र प्रस्तुत रिट निवेदनमा (आ.व.०६८/०६९ को कर निर्धारण सम्बन्धमा) उठाइएको प्रश्न समान रूपको रहेको देखिन्छ। यसरी, ०७१-WS-००११ को रिट निवेदनका सन्दर्भमा नै संवैधानिक इजलासबाट मिति २०७५/८/२६ मा नै आ.व. ०६८/०६९ को कर निर्धारणसम्बन्धी प्रश्नको समेत निरूपण भइसकेको अवस्था देखिएकोले प्रस्तुत रिट निवेदनको सन्दर्भमा पुन: थप व्याख्या वा विवेचना गरिरहन परेन। आ.व. ०६८/०६९ को कर निर्धारणसम्बन्धी विषयमा समेत उपर्युक्त अनुसार कायम भएको सिद्धान्त आकर्षित हुने भएकाले प्रस्तुत रिट निवेदनका सन्दर्भमा अन्यथा व्याख्या वा थप आदेश गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : भेषराज कोइराला

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०७९ साल मङ्सिर २६ गते रोज २ शुभम्।

**३९**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७८-RC-००५०, कर्तव्य ज्यान, नेपाल सरकार वि. दिलबहादुर सुनार*

मिठ्ठु सुनारको मृत्युको सम्बन्धमा अनुसन्धान अधिकारीले गरेको मौकाको घटनास्थल मुचुल्का, शव परीक्षण प्रतिवेदन र मन्जु सुनारले इलाका प्रहरी कार्यालय त्रिभुवनबस्ती कन्चनपुरमा दिएको जाहेरी दरखास्त, प्रतिवादीले अनुसन्धान अधिकारी तथा अदालतसमक्ष गरेको बयानसमेतबाट कर्तव्यबाट नै भएको हो भन्ने देखिन्छ। सुरु जाहेरी दरखास्तबाट वारदातको राति नै मिठ्ठु सुनार झुण्डिएको र मरेको भनी प्रतिवादी दिलबहादुर सुनारले बुद्धिसरा सुनारलाई सुनाएको भनी उल्लेख गरेको देखिन्छ। यसरी सुनाएपछि प्रतिवादी राति नै भागी फरार रहेको पाइयो। मिति २०७२/१/३ मा भएको वारदातपश्चात् करिब १ वर्ष ११ महिनासम्म फरार रहेको र त्यसपछि घरमा आउँदा पक्राउ परेको देखिएको छ। मृतकको घाँटीमा लगाएको पासोको कारणबाट मृत्यु भएको देखिन्छ। आफैँ झुण्डिएर मरेको भनी मान्न सकिने अवस्था लासजाँच प्रकृति, शव परीक्षण प्रतिवेदन तथा अन्य परिस्थितिजन्य कुराहरूबाट समर्थित

हुन आएको देखिँदैन । प्रतिवादी दिलबहादुर सुनारले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान कागजमा मिति २०७२/१/३ गते साँझ काम गरी घरमा आउँदा श्रीमती मिठ्ठु सुनार खाना नबनाई मादक पदार्थ सेवन गरी मात्तिएको अवस्थामा रहेको, निजलाई खाना किन नबनाएको भनी सोध्दा उल्टै गालीगलौज गरी हातपातसमेत गर्न खोजेको, निजको घरको कामधन्दा नगरी मादक पदार्थ सेवन गर्ने बानी भएको तथा केही वर्षपहिले श्रीमती इन्सप्लाईटिस रोग लागी बिरामी भएको कुरा सोची रिसको आवेगमा आई मिठ्ठु सुनार खटियामा सुतेको अवस्थामा सोही स्थानमा भएको दोपट्टाले निजको घाँटीमा बेरी सुर्के गाँठो पारी दुवै हातले करिब १० मिनेटसम्म तानी मृतक छटपटाउन छोडेको हुँदा निजको श्वासप्रश्वास बन्द भएको र मृतकलाई सोही अवस्थामा छोडेको भनी आरोपित कसुरमा साबित भई बयान गरेको पाइयो । अदालतमा बयान गर्दासमेत प्रतिवादी आरोपित कसुरमा साबित रहेको देखिने ।

प्रतिवादी दिलबहादुर सुनारले गरेको साबिती बयान बेहोरालाई घटना विवरण कागज गर्ने सरस्वती सुनार, मनिषा सुनार र शेरबहादुर वि.क. तथा वस्तुस्थिति मुचुल्काका भिमबहादुर तामाङले गरेको कागजबाट पनि समर्थित भएको पाइयो । निजहरूको भनाइबाट प्रतिवादी दिलबहादुर सुनार र मृतकबिच विगतमा पनि झै-झगडा हुने गरेको तथ्य खुल्न आएको छ । मिठ्ठु सुनारले आत्महत्या गरेको हुन्थ्यो भने छरछिमेकी, नातानालाका मानिसलाई तत्काल खबर गरी प्रतिवादीले निजलाई बचाउने प्रयास गरेको हुनु स्वाभाविक थियो । तर त्यसो नगरी घटनाको तत्कालपछिदेखि निज प्रतिवादी फरार हुन पुगेको पाइयो । घरमा मृतक र प्रतिवादी दुई जना मात्र रहेको अवस्था छ । यस अवस्थामा प्रतिवादी दिलबहादुर सुनारको कर्तव्यबाट नै मिठ्ठु सुनारको मृत्यु भएको कुरामा सन्देह मान्नुपर्ने कारण देखिँदैन । प्रतिवादीले गरेको साबिती बयान अन्य स्वतन्त्र प्रमाणबाट पनि समर्थित भएको पाइने ।

प्रतिवादी दिलबहादुर सुनारले निजकी पत्नी मिठ्ठु सुनारलाई घाँटीमा दोपट्टाले बाँधी हत्या गरेको तथ्य शंकारहित तवरबाट प्रमाणित भएको देखिएकाले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहराई भएको सुरू कञ्चनपुर जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको मिति २०७५/२/६ को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी दिलबहादुर सुनारको सर्वस्व हुने गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट फैसला भएको भए पनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा "कानूनमा कुनै कसुरबापत सर्वश्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने व्यवस्था रहेको देखिँदा परिवर्तित कानूनी व्यवस्थाका सन्दर्भमा अब निज प्रतिवादी दिलबहादुर सुनारको सर्वस्व गरिरहन परेन । निजलाई भएको जन्मकैद सजायसम्म कानूनबमोजिम असुल गर्नुपर्ने ।

इजलास अधिकृत : शैलेन्द्र खड्का

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल मङ्सिर २८ गते रोज ४ शुभम् ।

**४०**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७६-RC-००४१, कर्तव्य ज्यान, नेपाल सरकार वि. लक्ष्मेश्वर राउतसमेत*

प्रतिवादीहरू लक्ष्मेश्वर राउत, ललन पासवान तथा नन्दकिशोर भन्ने नन्दकुमार पासवानलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय हुने गरी भएको सुरू अदालतको फैसला सदर गरेको उच्च अदालत जनकपुरको फैसलाउपर निजहरूको यस अदालतमा पुनरावेदन परेको नदेखिएकाले साधकको रोहमा इन्साफ जाँचका लागि पेस हुन आएको देखियो । प्रतिवादी विरूद्धका प्रमाणको स्थिति हेर्दा,

मृतक सत्यनारायण गडेरी र लक्ष्मेश्वर राउतबिच घर जग्गाको विषयमा विवाद रहेको र सो विवाद मिलाउन विभिन्न प्रयास गरेको र सोही कारण प्रतिवादी लक्ष्मेश्वर राउतले मार्ने उद्देश्यले अन्य प्रतिवादीहरूलाई आर्थिक प्रलोभनमा पारी हातपात गर्दै गोली प्रहार गरी धारिलो हतियारसमेतले घाँटीमा रोपी विभत्स किसिमले हत्या गरेका हुन् भनी विस्तृत विवरण खुलाई मृतकका भाइ देवनारायण गडेरीको सुरू जाहेरी परेको देखिन्छ । मौकामा भएको घटनास्थल मुचुल्का एवं शव परीक्षण प्रतिवेदनलगायतका कागजातहरूबाट सत्यनारायण गडेरीको हत्या भएको तथ्य प्रमाणित भएको देखिन्छ। उक्त वारदातभन्दा अगाडि प्रतिवादी लक्ष्मेश्वर राउत र सत्यनारायण गडेरीले सँगै जग्गा किनेको र बाँडफाँडको क्रममा विवाद भएको कुरा मृतक सत्यनारायण गडेरीको श्रीमती मन्जुदेवीले अनुसन्धान अधिकारीसमक्ष गरेको कागज पाइयो । निजले सो बेहोरा पुष्टि हुने गरी अदालतमा बकपत्र गरेकोसमेत देखिन्छ । मृतक सत्यनारायण गडेरी र प्रतिवादी लक्ष्मेश्वर राउतबिच घरको छज्जी निर्माणको विषयमा विवाद रहेको ललित दासको कागजबाट पनि देखिएको छ । निजहरूबिच पूर्वरिसइवी रहेको तथ्य निर्विवाद रूपमा स्थापित छ । मृतकको शव परीक्षण प्रतिवेदनबाट गोली हानेर तथा काटिएको घा चोटको कारणबाट मृत्यु भएको भन्ने देखिएको छ । वारदातमा गोली प्रहार र घाँटी काटेको कारण मृत्यु भएको तथ्य प्रमाणित भएको छ। मृतकको गोली लागी र चक्कुसमेत प्रहार भई हत्या भएको भन्ने कुरा मृतकको शव परीक्षण गर्ने विशेषज्ञ डा. बलराम मिश्राले अदालतमा आई गरेको बकपत्रबाट देखिएको छ। प्रतिवादीहरू तीनै जनाले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा सविस्तार घटनाको बेहोरा लेखाई सत्यनारायण गडेरीलाई आफूहरूले नै हत्या गरेको स्वीकार गरेको देखिन्छ । प्रतिवादीमध्येका ललन पासवानले आफू र नन्दकुमार पासवान भई सत्यनारायण गडेरीलाई हत्या गर्न लक्ष्मेश्वर राउतबाट हत्याको सुपारी एक लाख रूपियाँमा तय गरेको कुरा स्वीकार गरी अनुसन्धान अधिकारीसमक्ष बयान गरेको देखिन्छ। सोही बयान बेहोरासँग मिल्ने गरी प्रतिवादी नन्दकुमार पासवानले पनि बयान गरेको पाइयो । प्रतिवादीहरू तीनै जना मिलेर मृतकको हत्या गरेको भनी सबै प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा स्वीकार गरेका छन् । घटना विवरण कागज गर्ने मन्जु गडेरी, विजयकुमार चौधरी, विकास साहले पनि घर बनाउने र जग्गा विषयमा सत्यनारायण गडेरी र लक्ष्मेश्वर राउतबिच विवाद भई हत्या गर्ने योजना बनाई सुटर लगाएर एक लाखमा हत्या गर्ने तय भई लक्ष्मेश्वर राउतले नै सत्यनारायण गडेरीलाई जग्गा विषयमा कुरा गर्न भनी झुक्याई कुर्थातर्फ लगी साँझ ७:०० बजेबाट गफ गरी ४०/४५ मिनेट गफमा लगाई राति ९:०० बजे हत्या भएको थाहा पाएको हुँ भनी बेहोरा उल्लेख गरेको देखिने।

वस्तुस्थिति मुचुल्काका मानिसहरू कमलेस साहसमेतको भनाइबाट पनि सत्यनारायण गडेरीको हत्या लक्ष्मेश्वर राउत, ललन पासवान र नन्दकुमार पासवान मिली गोली र चक्कु प्रहारबाट भएको कुरा जानकारी भएको भनी लेखाएको देखिन्छ। सत्यनारायण गडेरीको हत्या कुर्था ६ मा भएको देखिएको छ भने मन्जु देवीले लक्ष्मेश्वर राउतले वारदात मितिमा आफ्नो पतिलाई जग्गा देखाउन कुर्थातर्फ लगेको कुरा अनुसन्धान अधिकारीसमक्ष गरेको कागजमा लेखाई सोही कुरा अदालतको बकपत्रमा पनि उल्लेख गरेको देखिन्छ । प्रतिवादी लक्ष्मेश्वर राउतले बोक्ने गरेको मोबाइल नं. ९८०७६७९७४१ बाट प्रतिवादी ललन पासवानको मोबाइल नं. ९८१३०९२७०७ मा पटक पटक गरी ३४ पटक कुराकानी भएको कुरा फोन सञ्चार विवरणबाट पुष्टि भएको छ । प्रतिवादीहरू लक्ष्मेश्वर राउत, ललन पासवान र नन्दकुमार पासवानले आरोपित कसुरमा इन्कार रही सुरू अदालतमा बयान गरे तापनि सो बयानलाई समर्थन गराउन विश्वासलायक प्रमाण पेस गरेको देखिँदैन। प्रतिवादी ललन पासवानले अनुसन्धान अधिकारीसमक्ष आफूले सहप्रतिवादी

लक्ष्मेश्वर राउतबाट हत्याको सुपारी लिएको स्वीकार गरी आफू पनि कसुरमा साबित रही अरूलाई पोल गरी बयान गरेको देखिन्छ । यसरी निजहरूले आफूसमेत वारदातमा संलग्न रही अन्य प्रतिवादीहरूलाई समेत पोल गरेको बयान प्रमाणयोग्य नै देखियो । प्रतिवादीले गरेको बयानलाई मिसिल संलग्न अन्य प्रमाणबाट समेत समर्थित भएको देखिँदा प्रस्तुत वारदात निज प्रतिवादीहरूको मिलोमतोमा घटित भएको कुरामा कुनै सन्देह रहेन । फौजदारी अपराध स्थापित हुन मनसाय, योजना, तयारी, षड्यन्त्र र पूर्ण अपराधजस्ता तत्त्वहरूको विद्यमानता रहेको हुनुपर्छ । प्रस्तुत मुद्दामा उक्त तत्त्वहरू सिलसिलेवार कडीहरू एक आपसमा आवद्धता रहेको देखिन्छ । यस प्रकारको अवस्थामा मृतक सत्यनारायण गडेरीको हत्यामा प्रत्यक्ष रूपमा उल्लिखित तीनै जना प्रतिवादी संलग्न रहेको देखिएकोले तीनै जना प्रतिवादीहरूलाई सर्वश्वसहित जन्मकैदको सजाय हुने गरी भएको सुरू धनुषा जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत जनकपुरको फैसला मनासिब नै देखिने।

प्रतिवादीहरू लक्ष्मेश्वर राउत, ललन पासवान र नन्दकिशोर भन्ने नन्दकुमार पासवानलाई ज्यानसम्बन्धी महलको १ र १३ नं. बमोजिमको कसुरमा ऐ. महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई भएको धनुषा जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत जनकपुरको मिति २०७५/२/९ को फैसला मनासिब भएकाले सदर हुने ठहर्छ । मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा "कानूनमा कुनै कसुरबापत ससर्वस्व सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने व्यवस्था रहेको देखिँदा अब परिवर्तित कानूनी सन्दर्भमा प्रतिवादीहरू लक्ष्मेश्वर राउत, ललन पासवान र नन्दकिशोर भन्ने नन्दकुमार पासवानको सर्वस्व गरिरहन परेन । निजहरूलाई भएको जन्मकैदको सजायसम्म कानूनबमोजिम असुल गर्नुपर्ने।

इजलास अधिकृत : शैलेन्द्र खड्का
कम्प्युटर : मन्दिरा रानाभाट
इति संवत् २०७९ साल मङ्सिर २८ गते रोज ४ शुभम्।

**४१**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७४-WO-०३८९, उत्प्रेषण, देवकी बस्ताकोटी वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

बैंकिङ कसुर मुद्दामा निवेदक/प्रतिवादीका नाउँमा पुनरावेदन अदालतबाट म्याद जारी गर्दा भक्तपुर जिल्ला दुवाकोट गा.वि.स वडा नं. ३ ढकालटोल स्थायी वतन भई हाल जिल्ला ललितपुर ल.पु.उ.म.न.पा १३ कुसुन्ती भनी वतन उल्लेख गरी निज देवकी बेस्ताकोटीका नाउँको ३० दिने समाह्वान म्यादी पुर्जी जारी भई मिति २०७०/१०/१२ मा तामेली गरिएको देखिन्छ । म्याद तामेल गर्दा म्याद पाउने कारणी मानिस र निजको एकाघरका जहानसमेत घरमा फेला नपरेको हुँदा निजका नाउँको म्याद निजकै घर दैलामा टाँस भएको ठिक छ भनी सहीछाप गर्ने तपसिलका मानिसहरू भन्नेसम्म बेहोरा उल्लेख भई दुईजना साक्षीहरू र रोहबरमा ललितपुर उप-म.न.पा. नं. १३ का वडाका सचिव भनी सही गराएको पाइयो । निवेदक देवकी वस्ताकोटीको स्थायी वतन भक्तपुर जिल्ला दुवाकोट गा.वि.स. वडा नं. ३ हो भन्ने तथ्य निजको विवाह दर्ता तथा छोराछोरीको जन्मदर्तालगायतका मिसिल प्रमाणबाट स्थापित रहेको देखिन्छ । भक्तपुर जिल्लाको मानिसका नाउँको म्याद ललितपुर जिल्ला ल.पु.उ.म.न.पा वडा नं. १३ कुसुन्ती भन्ने ठेगाना उल्लेख गरी जारी गरिएको र सोही वतनमा तामेल गरिएको हुँदा सो म्याद रीतपूर्वक जारी भएको देखिँदैन । यसरी बेरितसँग जारी गरी बेरित तवरबाट नै तामेल गरिएको म्यादलाई मान्यता प्रदान गरी भएका काम कारबाही तथा फैसलालाई कानूनअनुकूल भएको भनी मान्न मिल्ने नदेखिने।

पुनरावेदन अदालत पाटनबाट ०७०-CB-००७० को बैंकिङ कसुर मुद्दामा जारी गरिएको मिति २०७०/१०/१२ मा तामेल गरिएको सुरू म्याद र सो आधारमा मिति २०७३/२/१३ मा भएको पुनरावेदन अदालत पाटनको फैसलासमेत निज देवकी बस्ताकोटीको हकमा उत्प्रेषणको आदेशले बदर गरिएको छ । अब निज निवेदक देवकी बस्ताकोटीलाई तत्काल सम्बन्धित कारागारबाट उच्च अदालत पाटनमा उपस्थित गराई निजको बयान लिने, थुनछेक आदेश गर्ने, प्रमाण बुझ्नेलगायत अरू जे जो प्रक्रिया पूरा गर्नुपर्छ पूरा गरी निजका हकमा पुनः कानूनबमोजिम फैसला गर्नु भनी उच्च अदालत पाटनसमेतका प्रत्यर्थीहरूका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत : शारदा फुयाल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल माघ ६ रोज ६ शुभम् ।

**४२**

**मा.न्या.श्री ईश्वप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-WO-१२५२, उत्प्रेषण, पिताम्बरप्रसाद आचार्य वि. नेपाल सरकार, अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत*

निवेदक संस्थालाई प्रत्यर्थी कर कार्यालयबाट आ.व. ०५६/०५७ देखि आ.व. ०६७/०६८ सम्मको कर निर्धारण गर्ने निर्णयउपर परेको उल्लिखित ०७१-WS-००११ को रिट निवेदनमा यस अदालतको संवैधानिक इजलासबाट मिति २०७५/८/२६ मा आदेश हुँदा आयकर लाग्ने वा नलाग्ने सम्बन्धमा व्याख्या र विवेचना भई रिट निवेदकहरूले आर्थिक ऐन, २०७५ को दफा २३ बमोजिम कर चुक्ता गरी कर चुक्ताको प्रमाणपत्रसमेत प्राप्त गरिसकेको हुँदा निवेदकको मागसमेत सम्बोधन भइसकेको अवस्था देखिएकोले निवेदकले चुनौती दिएको कानूनी व्यवस्थाको संवैधानिकतातर्फ विचार गरिरहन परेन" भनी निर्णय भएको देखिन्छ । प्रत्यर्थी कर कार्यालयबाट आ.व. ०५६/०५७ देखि आ.व. ०६७/०६८ सम्मको कर निर्धारण गर्ने निर्णयमा निवेदकबाट उठाइएको प्रश्न र प्रस्तुत रिट निवेदनमा (आ.व.०६९/०७० को कर निर्धारण सम्बन्धमा) उठाइएको प्रश्न समान रूपको रहेको देखिन्छ । यसरी, ०७१-WS-००११ को रिट निवेदनका सन्दर्भमा नै संवैधानिक इजलासबाट मिति २०७५/८/२६ मा नै आ.व. ०६९/०७० को कर निर्धारण सम्बन्धित प्रश्नको समेत निरूपण भइसकेको अवस्था देखिएकोले प्रस्तुत रिट निवेदनको सन्दर्भमा पुन: थप व्याख्या वा विवेचना गरिरहन परेन । आ.व. ०६९/०७० को कर निर्धारणसम्बन्धी विषयमा समेत उपर्युक्त अनुसार कायम भएको सिद्धान्त आकर्षित हुने भएकाले प्रस्तुत रिट निवेदनका सन्दर्भमा अन्यथा व्याख्या वा थप आदेश गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : भेषराज कोइराला

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०७९ साल मङ्सिर २६ गते रोज २ शुभम् ।

**४३**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, ०७८-RC-००७२, जबरजस्ती करणी, नेपाल सरकार वि. दिपेन्द्र वि.क.

पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट निजको यौनाङ्गमा करणीका चिह्न सङ्केतहरू रहेको देखिएको छ । सो प्रतिवेदनमा Hymen: tear present at 3 O'clock position, Reddish, edematous भनी उल्लेख भएको पाइयो । पीडितको स्वास्थ्य परीक्षण गर्ने डा. सञ्जु पौडेलको बकपत्रबाट मिति २०७७/२/१३ गते पेस गरेको यौनजन्य अपराधसम्बन्धी शारीरिक परीक्षण प्रतिवेदनका कुराहरू समर्थित भएको देखिन्छ । निजले बकपत्र गर्दा परिवर्तित नाम ०७६/०७७ पुर्कोट ९ अस्पताल आउँदा सामान्य अवस्थामा थिइन । पीडितलाई जाँच गर्दा Perineum- Normal Vulva - Normal Vagina- Reddish, edematous Hymen- fresh tear present at 3 O'clock position, Reddish,

edematous समेत थियो; निज पीडितको यौनाङ्ग (Genital organ) परीक्षण गर्दा vagina रातो र सुन्निएको Hymen (कन्याजाली) च्यातिएको, रातो र सुन्निएको थियो; निज पीडितको उमेर ५ देखि ७ वर्षको पाइएको छ भन्ने बेहोरा उल्लेख गरेको देखियो। यसबाट समेत पीडितउपर करणी भएको तथ्य स्थापित भएको देखिने।

प्रतिवादी दिपेन्द्र वि.क.ले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा म विगत १ वर्षदेखि जाहेरवालाको घरमा काम गरी बस्दै आएको थिएँ। मिति २०७७/२/१३ गते बिहान आफ्नै घर पिँढीमा बसेकी जाहेरवालाको छोरी वर्ष ६ की परिवर्तित नाम ०७६/०७७ पुर्कोट ९ को साप्रो देखेपछि मेरो तुरी (लिङ्ग) ठाडो भएको र घरमा अरू ठुला पाका मानिस नभएकाले निजलाई करणी गर्नुपर्‍यो भनी सोच बनाई नानी केही हुँदैन कति मज्जा हुन्छ भनी फकाइ घरभित्र कोठामा लगी परालको गुन्द्रीमाथि उत्तानो पारी सुताई निजले लगाएको कट्टु र मेरो कट्टु खोली निजको पिसाब गर्ने अङ्ग (योनि) हेरी मेरो दाहिने हातले चलाई औलाको टुप्पा छिराई निजमाथि चढी मेरो उत्तेजित तुरी (लिङ्ग) निजको योनिमा छुवाई दली योनिभित्र पसाल्ने प्रयास गर्दै गरेको बेलामा “अ” कुमारीले देखी मलाई गाली गरेकीले म उक्त स्थानबाट भागेको हुँ भनी आरोपित कसुरमा साबित भई बयान गरेको पाइयो। अदालतमा बयान गर्दा मिति २०७६/२/१३ गते पीडितले आफूलाई “मुरदार” आउनु न आउनु भनी ममाथि चढिन् अनि आफ्नो कपडा खोल्न थालिन्; मैले उस्को कपडा लगाइदिएँ र पनि उसले कपडा खोलेको खोलेकै गर्न थालिन् सो बेला परिवर्तित नाम ०७६/०७७ पुर्कोट ९ को आमाले देखेर मलाई यस्तो आरोप लगाएको हो; मेरो तुरी (लिङ्ग) सिदासम्म हुन्न; बच्चामाथि त्यस्तो गर्न होइन सोच्नसम्म नि सक्दिन परिवर्तित नाम ०७६/०७७ पुर्कोट ९ को आमाले नै मलाई फसाउनको लागि परिवर्तित नाम ०७६/०७७ पुर्कोट ९ को पिसाब गर्ने अङ्ग (योनि) मा आफैँ औँला छिराई घाउ बनाई झुट्टा कागज गर्न सिकाएको हुन सक्छ भनी बयान गरेको पाइयो। निज प्रतिवादीको उक्त कथन स्वाभाविक र विश्वसनीय देखिँदैन। स्वयम् पीडितको आमाले आफ्नी छोरीको यौनाङ्गमा औँला छिराई घाउ बनाएर उजुरी गरेको हुन सक्ने पत्यारिलो अवस्था र कारण खुल्न आएको नपाइने।

प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयान प्रत्यक्षदर्शी साक्षी, जाहेरवाला तथा पीडितको बकपत्र, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतका स्वतन्त्र प्रमाणबाट समर्थित भएको छ। करिब ६ वर्ष उमेरकी नाबालिका पीडित २०७६।०७७ पुर्कोट ९उपर प्रतिवादी दिपेन्द्र वि.क.ले जबरजस्ती करणी गरेको तथ्य शंकारहित तवरबाट प्रमाणित हुन आएकाले निज प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (३) को खण्ड (क) बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू तनहुँ जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत पोखराको मिति २०७८/३/२८ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : शैलेन्द्र खड्का

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल मङ्सिर २८ गते रोज ४ शुभम्।

**४४**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७१-CI-१३४०, अंश चलन, मंगल महर्जन वि. गणेशबहादुर महर्जन*

वादी प्रतिवादीहरूका बाजे रामसुन्दर र बजै तरिमैबाट ३ जना छोराहरू अर्थात् वादी प्रतिवादीका पिताहरू ३ दाजुभाइ क्रमशः जेठा रामकृष्ण महर्जन, माहिला मंगलदास महर्जन र कान्छा कृष्णदास महर्जन भएका र निजहरू ३ जनाकै एक-एक जना छोराहरू क्रमशः रामकृष्णका वादी गणेशबहादुर महर्जन, मंगलदासका पुनरावेदक प्रतिवादी मंगल महर्जन र कृष्णदासका प्रतिवादी तुलसी महर्जन रहेका, निजहरूबिच पिताकै पालादेखि विधिवत् अंशबन्डा

नभई एकासगोलमै रहेका, वादी नाबालक हुँदाकै बखत निजका पिता रामकृष्णको २०११ सालमा मृत्यु भएको र निजकी आमा अन्यत्र पोइल गएकाले वादी गणेशबहादुर महर्जनको पालनपोषण र संरक्षण निजका बाजे-बजैबाट र निजका बाजेको २०१६ सालमा र बजैको २०२० सालमा मृत्यु भएपछि वादीको पालनपोषण र संरक्षण पुनरावेदक प्रतिवादीहरूका पिता मंगलदास महर्जन र कृष्णदास महर्जनबाट संयुक्त परिवारमा भएको भन्ने तथ्यमा वादी प्रतिवादीहरूकाबिच विवाद रहेको देखिँदैन । यस्तो अवस्थामा प्रस्तुत मुद्दाको फिराद पर्दाको अवस्थासम्ममा वादी गणेशबहादुर महर्जन प्रतिवादीहरूसँग एकासगोलमै रहे बसेको भन्ने देखिन आएबाट सो बखतसम्म वादीको अंशभागको पैत्रिक सम्पत्ति, सोबाट बढे बढाएको सम्पत्ति र निजले आफ्नो ज्ञान सिपले कमाएर आर्जन गरेको सम्पत्तिसमेत उक्त सगोलको परिवारमा नै रहे भएको भन्ने मान्नुपर्ने देखिन आयो । साथै वादीको अंशहक लाग्ने अधिकांश कित्ता जग्गाहरू प्रतिवादी मंगल महर्जनको नाममा रहेको र केही कित्ता जग्गाहरू वादी प्रतिवादीका बाजे स्व. रामसुन्दर महर्जन, प्रतिवादी मंगल महर्जनका पिता स्व. मंगलदास महर्जन, प्रतिवादी तुलसी महर्जनका पिता स्व. कृष्णदास महर्जनका नाउँमा र २ कित्ता जग्गाहरू मात्र वादी गणेशबहादुर महर्जनको नाउँमा दर्ता रहेको विवरण वादी प्रतिवादीहरूबाट पेस भएको तायदाती फाँटवारीमा उल्लेख भएबाट वादीको अंशहक लाग्ने अधिकांश जग्गा जमिनहरू प्रतिवादीहरूकै नाममा रहे भएको देखिन आयो । उक्त स्थितिमा यदि कुनै जग्गाबाट प्रतिवादीलाई अंश दिनु नपर्ने भन्ने जिकिर लिए सो कुराको विश्वसनीय ठोस प्रमाण दिई पुष्टि गर्ने भार उक्त जग्गाको दर्ता धारकले वहन गर्नुपर्ने ।

पुनरावेदक प्रतिवादी मंगल महर्जनको नाउँ दर्ताको कि.नं. ८१ को क्षेत्रफल ०-३-१-० जग्गा र सोमा रहेको घर निजले आफ्नो निजी आर्जनको रहेको, उक्त जग्गा आफूले बद्री महर्जनबाट बकसपत्र पाएको भन्ने जिकिर लिई र.नं. १९८७ मिति २०५४।८।३ को पारित हालैदेखिको बकसपत्र लिखतको प्रतिलिपि पेस गरेको देखियो । पुनरावेदक प्रतिवादी मंगल महर्जनले पेस गरेको उक्त लिखतको प्रतिलिपि हेर्दा सोको कैफियत बेहोरामा उक्त जग्गा मंगल महर्जनलाई दाता बद्री महर्जनले निजको घरमा परी आएको काममा सहयोग गरी रिझाएबापत हा.ब. गरिदिएको भन्ने उल्लेख रहेको देखिन्छ । उक्त लिखतबाट जग्गा मात्र हा.ब. गरिदिएको भन्ने देखिए पनि उक्त जग्गामा रहेको ३ तल्ले ढलान छाना भएको घरको हकमा भने केही उल्लेख रहेको देखिँदैन । यसबाट उक्त जग्गामा पछि तीन तल्ले घर निर्माण भएको भन्ने देखिन आयो । वादी प्रतिवादी एकासगोलमा रहँदाको बखत निर्मित उक्त तीन तल्ले घरमा सगोलका सबै अंशियारको अंशहक स्वतः लाग्ने हुन्छ । उक्त घर आफूले आफ्नै निजी आर्जनको यो यति रकम खर्चेर निर्माण गरेको हुँ भनी पुनरावेदक प्रतिवादी मंगल महर्जनले स्पष्टरूपमा जिकिर लिन सकेको पनि देखिँदैन । यसरी वादी प्रतिवादीहरूको परिवारको मुख्य व्यक्तिको रूपमा रहेका पुनरावेदक प्रतिवादी मंगल महर्जनले आफूले बद्री महर्जनबाट कि.नं. ८१ को क्षेत्रफल ०-३-१-० जग्गा लिँदा गराएको लिखतमा उल्लिखित कैफियत बेहोरा मात्रले उक्त घरजग्गा निजको निजी आर्जनको हो भनी मान्न मिलेन । उक्त घरजग्गा वादी प्रतिवादीहरूका बिच बन्डा लाग्ने नै देखियो । तसर्थ प्रतिवादी मंगल महर्जनको नाम दर्ताको कि.नं. ८१ को क्षेत्रफल ०-३-१-० मा रहेको घरजग्गासमेतबाट ३ भागको १ भाग अंशबापत वादी गणेशबहादुर महर्जनले पाउने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको इन्साफ मनासिब नै देखिने ।

उही दाता बद्री महर्जनबाट र.नं. ५६२ मिति २०५०।५।७ को पारित लिखतबाट पुनरावेदक प्रतिवादी मंगल महर्जनकी जेठी पत्नी स्व. ज्ञानमाया महर्जनले हालैदेखिको बकस पाएको ललितपुर जिल्ला सुनाकोठी गा.वि.स. वडा नं. ६(क) को कि.नं. ८२ को क्षेत्रफल ०-३-१-० जग्गाबाट बन्डा नलाग्ने तर उही दाताबाट प्रतिवादी मंगल महर्जनले र.नं. १९८७ मिति २०५४।८।३ को पारित लिखतबाट हालैदेखिको बकस पाएको ऐ.ऐ. कि.नं. ८१ को क्षेत्रफल ०-३-

१-० जग्गाबाट भने बन्डा लाग्ने गरी भएको फैसला मिलेन भनी पुनरावेदक प्रतिवादी मंगल महर्जनका तर्फबाट बहस गर्नु हुने विद्वान् वरिष्ठ अधिवक्ता र विद्वान् अधिवक्ताको बहस जिकिर रहेको छ । सो सम्बन्धमा विचार गर्दा, पुनरावेदक प्रतिवादी मंगल महर्जनकी जेठी पत्नी स्व. ज्ञानमाया महर्जनले बकस पाएको उक्त कि.नं. ८२ को जग्गाबाट बन्डा नलाग्ने गरी भएको सुरू ललितपुर जिल्ला अदालतको फैसलाउपर वादी गणेशबहादुर महर्जनले चित्त बुझाई पुनरावेदन नगरेबाट सो सम्बन्धमा पुनरावेदन अदालत पाटनबाट विचार गर्ने प्रयोजन रहेन र पुनरावेदक प्रतिवादीको पक्षबाट प्रस्तुत भएको सो बहस जिकिर हाल यस अदालतमा पनि सान्दर्भिक नदेखिने ।

पुनरावेदक प्रतिवादी मंगल महर्जनको नाम दर्ताको ललितपुर जिल्ला सुनाकोठी गा.वि.स. वडा नं. ६(क) कि.नं. ८१ को क्षेत्रफल ०-३-१-० जग्गा र सोमा रहेको घरसमेतबाट नरम गरम मिलाई ३ भागको १ भाग अंशबापत वादी गणेशबहादुर महर्जनले छुट्याइलिन पाउने र चलनसमेत पाउने ठहऱ्याई भएको पुनरावेदन अदालत पाटनको मिति २०७१।६।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : प्रदीपकुमार उपाध्याय
कम्प्युटर : कृष्ण गिरी
इति संवत् २०७९ साल पुस ७ गते रोज ५ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७३-CI-१८१२, लिखत दर्ता बदरसमेत, गणेशबहादुर महर्जन वि. मंगल महर्जनसमेत
- ०७३-CI-१७२९, जालसाजी, गणेशबहादुर महर्जन वि. मंगल महर्जनसमेत

४५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-CR-१४५१, ०७९-RC-००४५, कर्तव्य ज्यान, नेपाल सरकार वि. सुनिल मगरसमेत, नेपाल सरकार वि. फःटङ्ग भन्ने सुदिप कार्कीसमेत*

प्रतिवादी रवि श्रेष्ठ, सुनिल मगर, अर्जुन श्रेष्ठ र गोपाल भुजेलको हकमा वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिरका सन्दर्भमा हेर्दा प्रतिवादीमध्ये क्याप्टेन भन्ने शंकर लामाले वारदातस्थलमा गई मृतक मनमोहन अधिकारीलाई धातुको कैँचीले छाती टाउकोसमेतमा प्रहार गरेको, अर्को प्रतिवादी हिरा भुजेलले प्लाष्टिकको बाल्टिनले प्रहार गरेको भनी कसुरमा साबित भई अदालतमा समेत बयान गरेको पाइयो । प्रतिवादी सोल्टी भन्ने सुदिप कार्कीले निजको कोठाबाट बरामद भएको फलामको दाउ सनाखत गरी उक्त दाउले मृतकलाई प्रहार गरेको भनी ततिम्बा बयान गरेकोसमेत देखिन्छ । अन्य प्रतिवादीहरू सुनिल मगर, रवि श्रेष्ठ, गोपाल भुजेल र अर्जुन श्रेष्ठले वारदातस्थलमा उपस्थित भए पनि कुटपिट गर्ने कार्यमा संलग्न नरहेको भनी कसुरमा इन्कार रही अदालतसमक्ष बयान गरेको पाइन्छ । प्रतिवादी हिरा भुजेलले अदालतसमक्षको बयानमा मृतकलाई मार्नमा विभिन्न व्यक्तिहरूको संलग्नता रहेको उल्लेख गर्दै आफूले मृतकलाई बाल्टिनले खुट्टामा प्रहार गरेको र शंकर लामाले कैचीले प्रहार गरेको भनी आरोपित कसुरमा साबित रही बयान गरेको देखिन्छ । निजको सो साबिती बयान सहअभियुक्तहरूको बयान बेहोरा एवम् मिसिल संलग्न अन्य तथ्यबाट स्थापित हुन आउँछ । प्रतिवादीहरू रवि श्रेष्ठ, सुनिल मगर, अर्जुन श्रेष्ठ र गोपाल भुजेल सो घटना वारदातस्थलमा उपस्थित भई मृतकलाई मार्नमा सहयोग संयोगसम्म पुऱ्याएको प्रतिवादीहरूको अनुसन्धान तथा अदालतसमक्षको बयानबाट देखिन्छ । यसरी, प्रतिवादीहरू गोपाल भुजेल, अर्जुन श्रेष्ठ, सुनिल मगर र रवि श्रेष्ठ वारदातस्थलमा गए तापनि निजहरूले मृतकलाई चोट छोडेको तथ्य वस्तुनिष्ट प्रमाणबाट वादी पक्षले पुष्टि गर्न सकेको देखिएन । तसर्थ, निजहरूको कसुरमा भएको संलग्नताका आधारमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) को कसुरमा जनही ५ (पाँच) वर्ष कैद हुने ठहऱ्याएको पुनरावेदन अदालत पोखराको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नदेखिने ।

प्रतिवादीहरूमध्ये शंकर लामालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद, प्रतिवादीहरू हिरा भुजेल र सोल्टी भन्ने सुदिप कार्कीलाई ऐ. को १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई भएको पुनरावेदन अदालत पोखराको फैसला साधक जाँचको रोहमा हेर्दा प्रतिवादी शंकर लामाले मृतकलाई कैँचीजस्तो जोखिमी हतियारले प्रहार गरेको, प्रतिवादी सुदिप कार्कीले फलामे दाउले मृतकलाई झटारो हानेको, १ फिट २ इन्चको फलामको दाउ बरामद भएको, सो दाउ निजले ल्याएको भनी सनाखत भएको, प्रतिवादी हिरा भुजेलले बाल्टिनले प्रहार गरेकोसमेतको अवस्था एवम् प्रतिवादी अर्जुन श्रेष्ठ, गोपाल भुजेलसमेतका प्रतिवादीहरूले मृतकलाई कसैले कैचीले रोप्ने, कसैले लात मुक्का प्रहार गर्ने, कसैले बाल्टिनले हान्ने, कसैले फलामको दाउले झटारो हान्नेसमेतको कार्य गरेको भनेबाट सो कार्य कसुर सामूहिक गरेको स्थापित भएको देखिँदा पुनरावेदन अदालत पोखराबाट शंकर लामा, सोल्टी भन्ने सुदिप कार्की र हिरा भुजेलका हकमा भएको फैसलासमेत मिलेकै देखिन्छ । तथापि प्रतिवादी शंकर लामाको हकमा निजलाई तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) को कसुरमा सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको फैसला अनुसार हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) ले सर्वस्व गर्न मिल्ने नदेखिँदा परिवर्तित कानूनी व्यवस्थाका सन्दर्भमा निज प्रतिवादी शंकर लामाको सर्वस्व गरिरहन परेन । निज प्रतिवादी शंकर लामालाई जन्मकैदको सजाय मात्र हुने ।

वादी नेपाल सरकारले प्रतिवादी हिरा भुजेलको सन्दर्भमा लिएको पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा निज प्रतिवादीले अदालतसमक्ष गरेको बयानमा आफ्नो उमेर १६ वर्ष भने तापनि निजको शारीरिक परीक्षण गर्ने चिकित्सकसमेतले १२ देखि १४ वर्ष उमेर भएको भनी राय दिएको देखिन्छ । यस्तो स्थितिमा निज प्रतिवादीको वैज्ञानिक परीक्षणबाट देखिन आएको उमेरलाई नै प्रमाणगत उमेर मान्नुपर्ने हुँदा अदालतमा १६ वर्ष उमेर भने तापनि उमेर परीक्षणबाट देखिएको उमेर १४ वर्ष नै निज प्रतिवादीको वास्तविक उमेर रहे भएको मान्नुपर्ने हुन आउँछ । यस्तो स्थितिमा प्रतिवादीमध्येका हिरा भुजेललाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम आधा १० (दश) वर्ष कैद सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत पोखराको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने ।

प्रतिवादीहरू रवि श्रेष्ठ, सुनिल मगर, अर्जुन श्रेष्ठ र गोपाल भुजेललाई जनही ५ (पाँच) वर्ष कैद र प्रतिवादी हिरा भुजेललाई जन्मकैदको सजाय हुने ठहर गरी निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम आधा १० (दश) वर्ष कैद सजाय हुने ठहऱ्याएको उच्च अदालत पोखराको मिति २०७४।२।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्तैन । प्रतिवादीहरू क्याप्टेन भन्ने शंकर लामालाई सर्वस्वसहित जन्मकैद, सोल्टी भन्ने सुदिप कार्की र हिरा भुजेललाई जन्मकैदको सजाय हुने ठहऱ्याएको उच्च अदालत पोखराको मिति २०७४।२।२३ को फैसला साधकको रोहमा मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : भेषराज कोइराला

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल चैत्र २२ गते रोज ४ शुभम् ।

## इजलास नं. १०

### ४६

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७९-WH-०१९९, बन्दीप्रत्यक्षीकरण, उत्प्रेषणयुक्त परमादेशसमेत, लक्ष्मण गुरूङसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

कैद छुट दिने सम्बन्धमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४

फौजदारी कसुर (कैद कट्टा) नियमावली, २०७६ तथा कारागार नियमावली, २०२० को व्यवस्था हेर्दा सो व्यवस्था अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्ने प्रकृतिको नभई सुविधाको रूपमा कारागारको सिफारिसमा तह तह निर्णय भई दिइने किसिमको देखिन्छ । त्यस्तो सुविधा कुनै पनि कैदीले अधिकारको रूपमा माग्न सक्ने पनि देखिँदैन । यसका अतिरिक्त त्यसरी सजाय छुटको लागि निवेदन दिने कैदीको सजाय अन्तिम फैसलाबाट कायम हुनुपर्नेसमेत देखिन्छ । त्यस्ता कैदीले आफ्नो निवेदनसाथ अन्तिम फैसलाको प्रतिलिपिसमेत पेस गर्नुपर्ने व्यवस्था भएबाट मुद्दा विचाराधीन रहेका कैदीका हकमा उक्त कारबाही अगाडि बढ्न सक्ने अवस्था नदेखिने ।

प्रस्तुत निवेदनका सन्दर्भमा हेर्दा निवेदकहरूको मुद्दामा अन्तिम फैसला नभई उच्च अदालतको फैसलाउपर यस अदालतमा पुनरावेदन परी विचाराधीन रहेको बेहोरा रिट निवेदनमा नै उल्लेख भएबाट कैद कट्टा हुन सक्ने अवस्था नै पुगेको देखिएन । साथै माथि विवेचना भएबमोजिम कैद छुट दिने नदिने भन्ने विषय कैदीको अधिकार नभई कैदीको असल चालचलनको आधारमा कैद सजायमा पाउने छुटको सुविधासम्मको विषय देखिन्छ । कुनै कैदीलाई लागेको कैद छुट दिने वा नदिने भन्ने विषय न्यायिक क्षेत्र अर्थात् अदालतसँग सम्बन्धित नभई कार्यपालिकासँग सम्बन्धित प्रकृतिको रहेको देखिएबाट निवेदन जिकिर कानूनअनुकूल नदेखिने ।

रिट निवेदकहरू प्रतिवादी र नेपाल सरकार वादी भएको कर्तव्य ज्यानसमेतका मुद्दामा अदालतबाट फैसला भई फैसला कार्यान्वयनको निमित्त कारागारमा कैदमा रहेको देखिँदा निजहरूलाई कैदमा राखिएको कार्यलाई गैरकानूनी तवरले थुनामा राखिएको भन्न मिलेन । आफूहरूलाई ठेकिएको कैदमा छुट नदिई बेरितसँग कैदमा राखिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने निवेदन माग अनुसारको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : मुकुन्द निरौला

कम्प्युटर : समी नेपाली

इति संवत् २०८० साल वैशाख ५ गते रोज ३ शुभम् ।

४७

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७९-WH-०२०४, बन्दीप्रत्यक्षीकरण, रणधिर पोदार वि. कारागार कार्यालय, नख्खु काठमाडौंसमेत*

निवेदन पर्न आएपछि सम्बन्धित कारागारले जाँचबुझ गर्दा कैदीको चालचलनमा सुधार आएको, ऐनबमोजिम भुक्तान हुनपर्ने कैद अवधि भुक्तान गरेको र कैद सजाय कट्टा गर्न मिल्ने देखिएमा प्राप्त निवेदन र सोसँग संलग्न कागजात र नियम ४ बमोजिम राखिएको कैदीको चालचलनको अभिलेखसमेत संलग्न गरी सम्बन्धित कारागारले आफ्नो सिफारिससहित सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीसमक्ष पेस गर्नुपर्ने, सो विवरण जाँचबुझ गर्दा त्यस्तो कैदीको कैद सजाय कट्टा हुन सक्ने देखिएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले सोही बेहोरा खुलाई विभागसमक्ष सिफारिस गर्नुपर्ने र विभागले पनि मनासिब देखेमा निर्णयको लागि गृह मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था उक्त नियमावलीको नियम ६ मा रहेको छ । तत्पश्चात् बेहोरा मनासिब देखिए मन्त्रालयले नेपाल सरकार मन्त्रिपरिषद्समक्ष प्रस्ताव पेस गरी निर्णय भएपछि स्वीकृतिका लागि राष्ट्रपतिसमक्ष सिफारिस गरी राष्ट्रपतिबाट स्वीकृत भएपछि कैद कट्टा गर्ने व्यवस्था नियम ७, ८, ९ मा भएको पाइने ।

उपर्युक्तबमोजिम कैद छुट दिने सम्बन्धमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ फौजदारी कसुर (कैद कट्टा) नियमावली, २०७६ तथा कारागार नियमावली, २०२० को व्यवस्था हेर्दा सो व्यवस्था अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्ने प्रकृतिको नभई सुविधाको रूपमा कारागारको सिफारिसमा तह तह निर्णय भई दिइने किसिमको

देखिन्छ । त्यस्तो सुविधा कुनै पनि कैदीले अधिकारको रूपमा माग्न सक्ने पनि देखिँदैन । यसका अतिरिक्त त्यसरी सजाय छुटको लागि निवेदन दिने कैदीको सजाय अन्तिम फैसलाबाट कायम हुनुपर्ने ।

कैद छुट दिने नदिने भन्ने विषय कैदीको अधिकार नभई कैदीको असल चालचलनको आधारमा कैद सजायमा पाउने छुटको सुविधासम्मको विषय देखिन्छ । कुनै कैदीलाई लागेको कैद छुट दिने वा नदिने भन्ने विषय न्यायिक क्षेत्र अर्थात् अदालतसँग सम्बन्धित नभई कार्यपालिकासँग सम्बन्धित प्रकृतिको रहेको देखिएबाट पनि निवेदन जिकिर कानूनअनुकूल नदेखिने ।

रिट निवेदक प्रतिवादी र नेपाल सरकार वादी भएको डाँका चोरीलगायतका मुद्दामा अदालतबाट फैसला भई फैसला कार्यान्वयनको निमित्त कारागारमा कैदमा रहेको देखिँदा निजहरूलाई कैदमा राखिएको कार्यलाई गैरकानूनी तवरले थुनामा राखिएको भन्न मिलेन । आफूहरूलाई ठेकिएको कैदमा छुट नदिई बेरितसँग कैदमा राखिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने निवेदन माग अनुसारको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : मुकुन्द निरौला

कम्प्युटर : समी नेपाली

इति संवत् २०८० साल वैशाख ५ गते रोज ३ शुभम् ।

४८

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७४-CI-०४५८, दूषित राजीनामा लिखत दर्ता बदर दर्ता, राजेन्द्र लाखे श्रेष्ठ वि. मणिकरत्न शाक्यसमेत*

लगाउको ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. ५त. कि.नं.१४७ को जग्गाका सम्बन्धमा कृष्णमान श्रेष्ठ वादी र विष्णुप्रसाद श्रेष्ठसमेत प्रतिवादी भई जग्गा खिचोला मुद्दा दायर गरी मिति २०४०।१२।९ मा दुवै पक्षको कायम हुने गरी मिलापत्र गरी सोही मिलापत्रको आधारमा कित्ताकाट गरी कि.नं.४२७ र ४२८ कायम भई कि.नं.४२७ कृष्णमान श्रेष्ठका नाममा दा.खा. भएको र कि.नं.४२८ आशामरूका नाममा बाँकी रहेकोमा विष्णुप्रसाद श्रेष्ठसमेतका मानिसले सोही मिलापत्रको आधारमा मालपोत कार्यालयको मिति २०४२।१।२४ को निर्णयले आशामरूको नाम कट्टा गरी दा.खा. दर्ता गरी कित्ताकाट गरी कि.नं.४२७ र ४२८ कायम गरी विपक्षीहरूका नाममा भएको दर्ता निर्णयसमेतका सम्पूर्ण काम कारबाही दूषित भएकाले उल्लिखित मिलापत्र, निर्णय दर्ता बदर गरी फिरादीको नाममा दर्ता नामसारी गरिपाउँ भन्ने यसै लगाउको मिलापत्र बदर, निर्णय दर्ता बदर दर्ता कायम मुद्दा दायर भई उक्त मुद्दामा वादी दाबी पुग्न नसक्ने ठहर भई सुरू ललितपुर जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत पाटनबाट भएको फैसलाउपर मु.नं.०७४-CI-०४५४ को मुद्दा दायर भएकोमा सो मुद्दामा लिएको दाबी त्यागी सो दाबी फिर्ता गरिपाउँ भनी यिनै पुनरावेदक/वादी राजेन्द्र लाखे श्रेष्ठले मिति २०७९।१।५ मा निवेदन दिई मिति २०७९।१।७ मा उक्त मुद्दा फिर्ता लिन अनुमति प्रदान भई मुद्दा फिर्ता भएको देखिने ।

दाबी लिएको जग्गा कि.नं.४२८ को जग्गाको स्रोत नै दूषित भएकाले प्रतिवादीहरूबिचमा लिनुदिनु गरेको कार्य दूषित भई कायम रहन नसक्ने हुँदा सो कित्ता नं. ४२८ कित्ताकाट भई कायम भएको कि.नं. ६३५ को जग्गा प्रतिवादी माणिकरत्न शाक्यले र.नं.२३५१ मिति २०५२।४।७ मा राजीनामाको लिखत गरी राजेशलाल श्रेष्ठलाई दिएकोले उक्त राजीनामाको लिखत बदर गरी फिरादीको नाममा कायम गरिपाउँ भन्ने दाबी रहेको देखियो । विवादित जग्गाको मूल कित्ताको स्रोत दूषित रहेको भन्ने दाबी रहेको मु.नं.०७४-CI-०४५४ को मुद्दामा आफूले लिएको दाबी त्यागी सो पुनरावेदन नै फिर्ता लिइसकेको अवस्थामा प्रस्तुत मुद्दामा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

दाबी लिएको जग्गाको मूल कित्ताको स्रोत नै

दूषित रहेको भन्ने दाबी रहेको यसै लगाउको मुद्दा नं. ०७४-CI-०४५४ को मिलापत्र बदर, निर्णय दर्ता बदर दर्ता कायम मुद्दामा लिएको दाबी त्यागी दाबी फिर्ता लिइसकेको देखिएको र प्रस्तुत मुद्दामा सोही मुद्दामा विवादित रहेको जग्गा कित्ताकाट भई कायम भएको कि.नं.६३५ को जग्गाकै सम्बन्धमा दाबी रहेको देखिँदा वादी दाबी पुग्न नसक्ने ठहर गरी सुरू ललितपुर जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।११।३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : शोभा पाठक

कम्प्युटर : समी नेपाली

इति संवत् २०७९ साल फागुन ३ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७४-CI-०४५९, दूषित हालैको बकसपत्र लिखत दर्ता बदर दर्ता, राजेन्द्र लाखे श्रेष्ठ वि. कृष्णमान श्रेष्ठसमेत
- ०७४-CI-०४५६, दूषित जोत लगत कट्टा निर्णय दर्ता बदर दर्ता, राजेन्द्र लाखे श्रेष्ठ वि. कृष्णमान श्रेष्ठसमेत
- ०७४-CI-०४६२, दूषित हालैको बकसपत्र लिखत दर्ता बदर दर्ता, राजेन्द्र लाखे श्रेष्ठ वि. माणिकरत्न शाक्यसमेत
- ०७४-CI-०४६१, दूषित धितो जमानी लिखत बदर, राजेन्द्र लाखे श्रेष्ठ वि. सुरेन्द्र गोपाल श्रेष्ठसमेत
- ०७४-CI-०४६०, हालैको बकसपत्र लिखत दर्ता बदर दर्ता, राजेन्द्र लाखे श्रेष्ठ वि. राजेशलाल श्रेष्ठसमेत

४९

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७९-WH-०१८७, बन्दीप्रत्यक्षीकरण, आभाष अर्याल वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

नागरिकताको प्रमाणपत्रमा उल्लिखित स्थायी वतनभन्दा फरक अर्को वतनमा बसाइँ सरी गएपछि पनि नागरिकताको प्रमाणपत्रमा रहेको वतनमा म्याद जारी भएबाट सो म्याद सूचना प्रतिवादीले पाएको भनी मान्न मिल्ने अवस्था रहँदैन । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१(२) तथा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा २३ को आशय पनि आफू विरूद्ध लागेको अभियोगका सम्बन्धमा प्रतिवादीले सुनुवाइको उचित मौका पाउनुपर्ने भन्ने रहेको देखिन्छ । उक्त बैंकिङ कसुर मुद्दामा प्रतिवादीले आफ्नो नाममा जारी भएको म्याद सूचना पाएको भन्न सक्ने अवस्था मिसिलबाट नदेखिएकोले प्रतिवादीलाई उपर्युक्त सुनुवाइको मौका दिएको भन्ने नदेखिने ।

मिसिल संलग्न स्थानीय पञ्जिकाधिकारीको कार्यालय वडा नं. ४ बुढानिलकण्ठ नगरपालिका काठमाडौंको बसाइँसराइ दर्ताको प्रमाणपत्रबाट निवेदक मिति २०७२।२।१३ मा विराटनगर महानगरपालिका वडा नं. ११ बाट बुढानिलकण्ठ नगरपालिका, काठमाडौं वडा नं. ४ मा बसाइँ सरी आएको भन्ने देखिँदा निजको नाममा साबिकको वतन विराटनगर महानगरपालिका वडा नं. ११ मा जारी भएको म्याद बेपत्ते तामेल भएपछि मिति २०७९।१।७ मा राष्ट्रिय दैनिक पत्रिका गोरखापत्रमा प्रकाशित गर्दा पनि विराटनगर महानगरपालिका वडा नं. ११ घर भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ११ बस्ने उल्लेख भएकोले सो वतनमा प्रतिवादीको बसोबास नै नरहेको कारण यी निवेदकले निजका नामको म्याद प्राप्त गरी प्रतिवाद गर्न नपाएको देखिँदा मिति २०७९।२।१६ मा बेपत्ते तामेल भएको म्याद तथा उच्च अदालत पाटनबाट निज निवेदकका नाममा मिति २०७९।४।९ को गोरखापत्रमा प्रकाशित भएको म्याद सूचनासमेत रीतपूर्वक तामेल भएको भन्न मिलेन । त्यस्तो बेरितको म्याद तामेलीका आधारमा भएको उच्च अदालत पाटनको मिति २०७९।१०।६ को फैसलासमेत कायम रहन नसक्ने हुँदा उल्लिखित निवेदकका नाममा जारी भएको म्याद, सूचना तथा फैसलासमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ ।

अब निज निवेदकलाई उक्त बैंकिङ कसुर मुद्दामा बयान गराउनका लागि कारागार कार्यालयबाट उच्च अदालत पाटन वाणिज्य इजलासमा उपस्थित गराई बयानलगायतका कानूनबमोजिमको प्रक्रिया पूरा गर्नु भन्ने परमादेशको आदेशसमेत जारी हुने।

निवेदकका विरूद्धमा चलेको बैंकिङ कसुर मुद्दाको तामेली म्याद तथा फैसलासमेत उत्प्रेषणको आदेशबाट बदर भए तापनि निवेदक अधिकारप्राप्त निकाय उच्च अदालत पाटनको वाणिज्य इजलासबाट भएको तत्काल कायम रहेको फैसला कार्यान्वयनको क्रममा थुनामा रहेको हुँदा निज गैरकानूनी रूपमा थुनामा रहेको भन्न मिलेन । निजउपरको बैंकिङ कसुरको मुद्दामा उत्प्रेषणयुक्त परमादेशको आदेश जारी भई म्याद सूचना जारी गर्नेसमेतको मुद्दाको प्रक्रिया पुनः पूरा गर्न आदेश भएको हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नपर्ने।

इजलास अधिकृत : मुकुन्द निरौला
कम्प्युटर : समी नेपाली
इति संवत् २०८० साल वैशाख ५ गते रोज ३ शुभम्।

### ५०

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-WO-०११५, उत्प्रेषणमिश्रित परमादेश, रामकुमार लावती वि. प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत*

निवेदकलाई कार्यरत कार्यालयमा हाजिर हुनलाई सूचना पठाउँदा पनि सम्पर्कमा नआएकोमा निजलाई नोकरीबाट हटाउने गरी कारबाही हुन भनी पूर्वी क्षेत्रीय प्रहरी कार्यालय रानी विराटनगरको च.नं.३० मिति २०७०।५।४ गतेको पत्र प्रहरी प्रधान कार्यालयमा पत्राचार भएको देखिन्छ । पूर्वक्षेत्रीय कार्यालयको पत्र प्राप्त भएपछि प्रहरी प्रधान कार्यालयले प्रहरी नियमावली, २०४९ को नियम ८८(झ)बमोजिम गैरहाजिर रहेको कसुरमा सो नियमावलीको नियम ८४(६) बमोजिम नोकरीबाट हटाउने गरी कारबाही भइ जाने बेहोराको सूचना जानकारी ७ दिने सूचना मिति २०७०।०५।३१ मा गोरखापत्रमा सूचना प्रकाशन भएको देखिन्छ । निवेदकको नाउँमा गोरखापत्रमा प्रकाशित ७ दिने सूचनामा समेत निवेदकले स्पष्टीकरण पेस गरेको कुरा मिसिलबाट कहीँकतै देखिँदैनन् । रिट निवेदकले ७ दिने म्यादमा समेत हाजिर हुन नआएपछि निजलाई प्रहरी नियमावली, २०४९ को नियम ८४(६) बमोजिम भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यत: अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी प्रहरी महानिरीक्षकबाट मिति २०७०।६।९ मा भएको निर्णयउपर निवेदकले गृहमन्त्रालयमा पुनरावेदन गरेकोमा गृहमन्त्रालयका सचिवबाट प्रहरी महानिरीक्षकबाट भएको निर्णय सदर हुने गरी मिति २०७२।२।२९ मा निर्णय भएको देखिने।

रिट निवेदकले १० दिनको घर बिदा स्वीकृत गराई बिदामा बसेको र मिति २०६६।१२।२८ गते बहुविवाह मुद्दामा थुनामा परी मिति २०७०।१।१९ गते धरौटी तारेखमा छुटेपश्चात् आफू कार्यरत रहेको कार्यालयमा हाजिर हुनुपर्नेमा सो अनुसार बिदा स्वीकृत गराएको वा हाजिर भएको देखिँदैन । प्रहरी नियमावलीको उल्लिखित कानूनी व्यवस्थानुसार निज बिदा नलिई गैरहाजिर रहेको देखिन्छ । कार्यालयमा हाजिर नभएकोमा जिल्ला प्रशासन कार्यालय ओखलढुंगाबाट निजको नाउँमा २४ घण्टाभित्र हाजिर हुन आउनु भनी सूचना म्याद निजको घर स्थायी ठेगाना पठाएकोसमेत मिसिल संलग्न कागजातबाट देखिन्छ । उल्लिखित सूचना म्यादमा पनि यी रिट निवेदक कार्यालयको सम्पर्कमा नआउँदा कारबाहीको प्रक्रिया अगाडि बढाएको र स्पष्टीकरणसहित ७ दिनभित्र हाजिर हुन आउनेबारे प्रहरी प्रधान कार्यालयबाट मिति २०७०।५।३१ मा गोरखापत्रमा सूचना प्रकाशन गर्दा पनि यी निवेदक स्पष्टीकरणसहित हाजिर हुन कार्यालय आएको देखिँदैन । यसरी निवेदकले तत्कालीन प्रहरी नियमावली, २०४९ को उल्लिखित कानूनी व्यवस्थानुसार कार्यालयमा गैरहाजिर रहेको कुरा पुष्टि भइरहेको र निजलाई हाजिर हुन तथा सफाइ पेस गर्न मौका दिँदा पनि हाजिर नभएको अवस्थामा प्रहरी नियमावली, २०४९ को नियम ८४ (६)बमोजिम

प्रहरी महानिरीक्षकबाट नोकरीबाट हटाउने गरी भएको मिति २०७०।६।९ को निर्णयमा कुनै कानूनी एवं कार्यविधिगत त्रुटि रहे भएको नदेखिने।

प्रहरी महानिरीक्षकबाट निवेदकलाई नोकरीबाट हटाउने गरी भएको निर्णयउपर निजले गृहमन्त्रालयमा पुनरावेदन गरेकोमा गृहमन्त्रालयका सचिवबाट प्रहरी महानिरीक्षकबाट भएको निर्णय सदर गर्ने गरी मिति २०७२।२।२१ मा निर्णय भएको देखिन्छ । गृह मन्त्रालयका सचिवबाट भएको निर्णय अनधिकृत रहेको भनी निवेदन दाबी रहेको भनी उठाएको प्रश्नतर्फ हेर्दा, निवेदकले प्रहरी निरीक्षकबाट नोकरीबाट हटाउने गरी भएको निर्णयको समयमा प्रहरी नियमावली २०४९ बहाल रहेको देखिन्छ भने निजले सो निर्णयउपर पुनरावेदन गरेको समयमा तत्कालीन प्रहरी नियमावली, २०४९ खारेज भई प्रहरी नियमावली, २०७१ बहाल रहेको देखिन्छ । प्रहरी नियमावली २०७१ को नियम ११९(१) मा प्रहरी नायब निरीक्षकलाई भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने सजाय दिने अधिकारी प्रहरी महानिरीक्षक भएको र उल्लिखित सजायउपर पुनरावेदन सुन्ने अधिकारी सचिव, मन्त्रालय भनी कानूनी व्यवस्था रहेको देखिँदा निवेदकले दिएको पुनरावेदनउपरको सुनवाइ र निर्णय गृहमन्त्रालयका सचिवबाट भएको देखिँदा उक्त निर्णयसमेत कानूनले तोकेको अधिकारीबाट भएको हुँदा सो निर्णयलाई अनधिकृत मान्न नमिल्ने।

रिट निवेदक आफू कार्यरत रहेको कार्यालयमा बिदा स्वीकृत नै नगराई लामो अवधिसम्म गैरहाजिर रहेको अवस्थामा तत्कालीन प्रहरी नियमावली, २०४९ को कानूनी व्यवस्थानुसार यी निवेदकलाई सुनुवाइको मौका प्रदान गर्दासमेत निजले कुनै स्पष्टीकरण नै पेस नगरी बसेकोमा निजलाई सुनुवाइको मौका नदिएको भन्न मिल्ने नभई कानूनले तोकेको कार्यविधि पूरा गरी तोकेको अधिकारीबाट भए गरेको निर्णयमा कुनै कारण त्रुटि नदेखिँदा निवेदकको मागबमोजिम उत्प्रेषणलगायत परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : डिल्लीराम प्रसाई

इति संवत् २०७९ साल मङ्सिर २७ गते रोज ३ शुभम्।

## इजलास नं.१३

### ५१

**मा.न्या.डा.श्री मनोजकुमार शर्मा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७८-WO-०६१९, परमादेश, एन्जल गुरूङ वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदक नेपालमा जन्मेको भन्नेमा विवाद देखिँदैन । निवेदक एन्जल गुरूङको आमा नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिक भन्नेमा पनि विवाद रहेको पाइँदैन । उल्लिखित विद्यमान अवस्था रहेकोबाट निवेदकको बाबु नेपाल आई अन्यथा नभनेसम्म निवेदक नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने सक्षम व्यक्ति भन्ने देखिएको अवस्थासमेत रहेको पाइन्छ । निवेदकले नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(१) को रीत पुऱ्याई अनुसूची १ को ढाँचामा नागरिकताको प्रमाणपत्र प्राप्त गर्न आवेदन गरेपछि निवेदकलाई मागबमोजिम नेपालको नागरिकताको प्रमाणपत्र प्रदान गर्न नमिल्ने कुनै आधार कारण नदेखिने।

नेपाली नागरिक बुबा वा आमाबाट नेपालको कुनै भू–भागमा जन्मिएको व्यक्तिले त्यही जिल्लाबाट नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने अधिकार राख्ने यस्तो अवस्थामा नेपाल राज्यमा जन्मेको कारण नेपाली नागरिक हुन योग्यता पुगेपछि र आवश्यक रीत पुऱ्याई कानूनमा तोकिएको ढाँचामा आवेदन गरेपछि सहज र सरल तरिकाले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने योग्यता पुगेको भन्ने देखिएपछि कसैलाई पनि नागरिकताको प्रमाणपत्र पाउनबाट वञ्चित गर्न मनासिब नहुने भई त्यस्तो कार्य कानून र संविधानअनुकूलसमेत भएको नदेखिने।

निवेदकको बाबु उपस्थित नभएको वा

राष्ट्रियता यकिन नभएको भन्ने कारण देखाई नेपालको नागरिकताको प्रमाणपत्र जारी नगर्दा शिक्षा प्राप्त गर्ने, रोजगारी प्राप्ति गर्नेलगायतका निवेदकको मौलिक हकमा आघात पुग्ने भई कानूनअनुरूप उमेर पुगेका यी निवेदकलाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान नगर्दा निजको मौलिक हकमा प्रतिकूल असर प्रभाव पर्न जाने देखिन आउँछ । यस्तो अवस्थामा निवेदकलाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नुपर्नेमा सो नगरेको विपक्षी जिल्ला प्रशासन कार्यालय, चितवनको उक्त कार्य कानूनसम्मत मान्न मिल्ने नदेखिने ।

तसर्थ, निवेदक एन्जल गुरूङलाई निवेदन मागबमोजिम अन्य प्रमाण हेरी प्रचलित कानूनको रोह रीत पुऱ्याई निजको आमाको नामबाट नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, चितवनसमेतको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : देवी चौधरी/दामोदर घिमिरे
इति संवत् २०७९ साल फागुन १७ गते रोज ४ शुभम् ।

**५२**

**मा.न्या.डा.श्री मनोजकुमार शर्मा र मा.न्या.डा.श्री नहकुल सुवेदी**, *०७५-CR-१३१०, ०७५-CR-१७१८, ०७५-CR-१८९६, अपहरण तथा शरीर बन्धक एवम् जबरजस्ती करणी, नेपाल सरकार वि. कैलाश भाटसमेत, योगेश चन्द वि. नेपाल सरकार, मोहनबहादुर बम वि. नेपाल सरकार*

वादी पक्षले प्रतिवादीहरूको वारदातमा संलग्नता छ भनी कुनै वस्तुनिष्ठ प्रमाण गुजारी प्रमाणित गर्न सकेको अवस्था नदेखिँदा प्रतिवादीहरू कैलाश भाट र बलुदेवी शाहीको समेत वारदातमा संलग्नता रहेको भनी पुनरावेदक/वादीले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

मौकामा साबित रहेका प्रतिवादी योगेश चन्दले शिवम् होटलको इन्ट्री रजिस्टरमा मोहनबहादुर बमले योगेश चन्दको नाम लेखाई निजले पीडितलाई होटलमा लगी योगेश चन्दलाई समेत बोलाई सामूहिक रूपमा जबरजस्ती करणी गरेको देखिएको, मिसिलबाट यी प्रतिवादीहरूले पीडितलाई रामजानकी मन्दिरनजिकबाट जबरजस्ती गाडीमा राखी जोखरतालको जङ्गलमा लगेको भन्ने देखिन नआएकोमा वारदातको प्रकृतिबाट अपहरण तथा शरीर बन्धकको कसुर स्थापित हुन नसक्ने ।

प्रतिवादीहरू मोहनबहादुर बम र योगेश चन्दले पीडितलाई सामूहिकरूपमा जबरजस्ती करणी गरेको पुष्टि भएको र प्रतिवादीहरू कैलाश भाट र बलुदेवी शाहीको उक्त वारदातमा संलग्नता पुष्टि हुन नसकेको तथा वारदातको प्रकृतिबाट प्रतिवादीहरूउपरको अपहरण तथा शरीर बन्धकतर्फको अभियोग दाबीसमेत पुष्टि हुन सकेको नदेखिँदा प्रतिवादीहरू योगेश चन्द र मोहनबहादुर बमलाई सामूहिक जबरजस्ती करणीतर्फ सजाय गरी अन्य प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने र अपहरण तथा शरीर बन्धकतर्फ अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याएको उच्च अदालत दिपायलको फैसला मनासिब देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने ।

तसर्थ, सुरू कैलाली जिल्ला अदालतबाट प्रतिवादीहरू योगेश चन्द र मोहनबहादुर बमलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं.विपरीतको कसुरमा सोही महलको ३(४) नं. बमोजिम जनही ६ वर्ष कैदको सजाय र सोही महलको ३क. नं. बमोजिम सामूहिक रूपमा जबरजस्ती करणी गरेकोमा थप ५(पाँच) वर्ष गरी जनही जम्मा ११ वर्ष कैदको सजाय हुने, क्षतिपूर्तिबापत पीडितले प्रतिवादीहरूबाट जनही रू. १,००,०००।– (एक लाख रूपियाँ) का दरले क्षतिपूर्ति भराइलिन पाउने र प्रतिवादीहरू कैलाश भाट र बलुदेवी शाहीले आरोपित कसुरबाट सफाइ पाउने तथा अपहरण तथा शरीरबन्धकतर्फ अभियोग दाबी नपुग्ने ठहऱ्याएको मिति २०७३।२।११ को फैसला सदर गर्ने गरी उच्च अदालत दिपायलबाट मिति २०७५।०२।०१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : कुलप्रसाद दाहाल
इति संवत् २०८० साल पुस ४ गते रोज ४ शुभम् ।